# अध्याय : एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन रहेकोछ ।

## १.२. शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षको नेपा. शि. ५९८ को प्रयोजनका निम्ति तयार पारिएको छ ।

## १.३. समस्याकथन

यस शोधपत्रमा देहायका उल्लिखित बुँदाहरूलाई समस्याका रूपमा लिइएकोछ :

क) भाषा पाठ्यकमको उद्देश्यअनुरूप कक्षा ६ का भाषा पाठ्यपुस्तकमा रूपक विधा राखिएको छ वा छैन ?

ख) पाठको आयाम र विषयवस्तु प्रयोगका दृष्टिले उक्त दुई पाठ्यपुस्तक मध्ये कुनचाहिँ बढी स्तरीय र उपयुक्त छ ?

ग) भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई पाठ्यपुस्तकहरू मध्ये कुन चाहिँ बढी उपयुक्त छ?

घ) 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपक विधाका सबल र दुर्बल पक्षहरू केके हुन् ?

## १.४. उद्देश्यहरू

यस शोधपत्रका निम्न उद्देश्यहरू रहेका छन् :

क) भाषा पाठ्यक्रमका उद्देश्यका आधारमा उक्त दुई भाषा पाठ्यपुस्तकहरूमा समाविष्ट रूपक विधाको उपयुक्तताको विश्लेषण गर्नु ।

ख) पाठको आयाम र विषयवस्तु प्रयोगका दृष्टिले उक्त दुई पाठ्यपुस्तक मध्ये कुनचाहिँ बढी स्तरीय र उपयुक्त छ भन्ने कुरा पत्ता लगाउनु ।

ग) भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई भाषाका पाठ्यपुस्तकहरूमध्ये कुन चाहिँ वढी उपयोगी छ भन्ने कुरा पत्ता लगाउनु ।

घ) 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपक विधाका पाठहरूको तुलनात्मक विश्लेषण गरी उक्त किताबहरूका रूपक विधाका पाठहरूको सबल र दुर्बल पक्षका बारेमा जानकारी दिई उपयुक्त सुझाव दिनु ।

## १.५. पूर्वकार्यको समीक्षा

साहित्यका विभिन्न विधाहरू मध्ये रूपक विधा पनि एक विधा हो । भाषिक सीपको विकासका दृष्टिले रूपक विधा निकै उपयोगी मानिन्छ । यस विधाका बारेमा थुप्रै लेखक तथा समीक्षकहरूले चर्चा परिचर्चा गरेका छन् । विद्यालय तहमा राखिएका नेपाली भाषा पाठ्यपुस्तकहरू सम्बन्धी थुप्रै अध्ययन र अनुसन्धानहरू भएका छन् । यस्ता अध्ययनहरू त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत एम.एड. तह पार गर्ने प्रयोजनको लागि केन्द्रित छन् । यस्ता अध्ययनहरू सिङ्गो पाठ्यपुस्तक सम्बन्धी वा पाठ्पुस्तकका खास पक्षप्रति लक्षित भएका पाइन्छन् । यस्ता पक्षहरूमा शब्दार्थको आवृति गणना, नमुना अभ्यास र विधागत विश्लेषणहरू रहेका छन् । विधागत विश्लेषण अन्र्तगत पनि विशेष गरेर कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी, चिठ्ठी जस्ता विधाको विश्लेषणमा लक्षित भएका पाइन्छन् तर रूपक विधालाई लिएर शोध तयार पार्ने शोधार्थीहरूको सङ्ख्या ज्यादै कम छ ।

रूपक विधालाई लिएर अध्ययन गर्नेहरूमध्ये रूपक विधालाई निकै जोड दिदैं विद्वान प्रा. डा. हेमाङ्गराज अधिकारीद्वारा लिखित **नेपाली भाषा शिक्षण** (२०३९) पुस्तकमा

विद्यालय तहमा रूपक शिक्षणको औचित्य र बालबालिकाको भाषिक सीप विकासमा रूपक विधाको उपयोगिताको चर्चा गरिएको छ । रूपक विधा भाषाका चारैवटा सीपहरू : सुनाइ, बोलाइ, पढाइ,र लेखाइको विकासमा तल्लोदेखि माथिल्लो तहसम्म नै औचित्यपूर्ण हुने कुराको चर्चा गरिएको छ ।

डिल्लीराम रिमालद्वारा लेखिएको **नेपाली शिक्षण** (२०५२) पुस्तकमा रूपक शिक्षणको प्रयोजन, कार्यकलाप र शिक्षण विधिको बारेमा चर्चा गरिएको छ । बालकमा शुद्ध र शिष्ट भाषा सुन्दै त्यसैअनुरूप शुद्ध र शिष्ट भाषा बोल्ने क्षमताको विकास गराउन रूपक विधाको शिक्षण गर्नुपर्ने, रूपक शिक्षण गर्दा पाठका कठिन शब्दहरूको निराकण गराउँदै विद्यार्थीहरूलाई सस्वरवाचन गराउने र आदर्श नाट्य विधि, रङ्गमञ्च, अभिनय विधिका साथै कक्षाभिनय विधिको प्रयोग गर्दै रूपक विधाको शिक्षण गर्नुपर्ने कुरामा जोड दिइएको छ ।

प्रा.डा. हेमाङ्गराज अधिकारी र प्रा. डा. केदारप्रसाद शर्माद्वारा लिखित **प्रारम्भिक नेपाली शिक्षण** ( २०५५) पुस्तकमा मौखिक भाषाको जीवन्तता अनुसारको भाषा प्रयोग गर्ने क्षमताको विकास गर्नुका साथै उपयुक्त हाउभाउ सहित श्रोताका मनोभावना बुझ्दै श्रोतालाई प्रभाव पार्ने गरी बोल्ने क्षमताको विकास गराउनु रूपक विधाको प्रयोजन हो भनिएको छ । रूपक शिक्षण गर्दा रङ्गमञ्च अभिनय विधि, संयुक्त विधि, आदर्श नाट्य विधिका साथै कक्षाभिनय विधिलाई विशेष जोड दिनुपर्ने कुराको चर्चा गरिएको छ ।

रामप्रसाद पौडेलद्वारा लेखिएको शोधपत्र **माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन** (२०५५) मा एकै कक्षाका अलग अलग समयका पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरिएको छ । यस शोधपत्र भित्र नयाँ र पुरानो किताबभित्र समाविष्ट रूपकको समानता, भिन्नता, नमुना, अभ्यासको सान्दर्भिकता आदिका बारेमा जानकारी दिइएको छ । पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको नेपाली पाठ्यपुस्तकमा प्रयोग गरिएका रूपकहरू दुबै उद्देश्यअनुरूपता र स्तरीयताका दृष्टिले समान रहेका तर नेपाली किताब समयका दृष्टिले आधुनिक र बढी व्यवहारिक रहेको कुरा चर्चा गरिएको छ । महेन्द्रमालामा दिइएको नमुना

अभ्यासको तुलनामा नेपाली पाठ्यपुस्तकमा दिइएको नमुना अभ्यास बढी अभ्यासमुखी भएकोले उक्त पुस्तक बढी सान्दर्भिक रहेको निष्कर्ष निकालिएको छ ।

देवेन्द्रराम खनाल, महेन्द्ररत्न क्याम्पस ताहाचलद्वारा तयार पारिएको शोधपत्र **कक्षा ८को हाम्रो नेपाली किताबमा समाविष्ट रूपक विधाको विश्लेषण** (२०५७) मा रूपक विधाको सेद्धान्तिक आधारमा विश्लेषण गरिएको छ । उक्त शोधमा रूपक विधाका आधारमा पाठको व्याख्या विश्लेषण गर्दै सबल र दुर्बल पक्षको जानकारी गराइएको छ । रूपक विधाका पाठमा प्रयोग गरिएको विषयवस्तु उपयुक्त भएको, स्तरअनुरूप शब्दभण्डारको प्रयोग गरिएको, भाषा सरल र सरस रहेको देखाउदै रूपक विधाका केही पाठहरू थपिनुपर्ने सुझावहरू दिइएको छ ।

दुर्गाप्रसाद गौतम, सुकुना बहुमुखी क्याम्पसद्वारा तयार पारिएको शोधपत्र **कक्षा ७ का 'हाम्रो नेपाली किताब' र मेरो नेपाली माला' भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन** (२०६५) मा एउटै समयका एउटै पाठ्यक्तममा आधारित दुई भाषा पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाका पाठहरू स्तरीयता र भाषिक सीपको तुलनात्मक विश्लेषण गरिएको छ । त्यसैगरी उक्त दुई भाषा पाठ्यपुस्तकमध्ये कुनचाहिं बढी स्तरीय , उपयुक्त र भाषिक सीप आर्जनका लागि सफल छ भन्ने कुराको जानकारी दिदैं पाठ्यपुस्तकका सबल र दुर्बल पक्षका बारेमा सुझावहरू दिइएको छ । रूपक विधा प्रयोगका दृष्टिले दुबै पुस्तक स्तरीय र उपयुक्त भएको कुराको चर्चा गर्दै 'हाम्रो नेपाली किताब' भाषिक सीप आर्जनका लागि बढी सफल छ भन्ने निष्कर्ष निकालिएको छ ।

यसरी रूपक विधाको सन्दर्भमा यस अघि केहि अग्रज शोधकर्ताद्वारा अनुसन्धान गरी यसका बारेमा चर्चा परिचर्चा गरिएको भए तापनि वर्तमान सन्दर्भमा सरकारी र निजी स्तरका कक्षा ६ का अलगअलग भाषा पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाको तुलनात्मक विश्लेषण गरी कुन पाठ्यपुस्तकचाहिँ आयाम र विषयवस्तु प्रयोगका दृष्टिले बढी स्तरीय र उपयुक्त साथै भाषिक सीप आर्जनका लागि सफल छ भन्ने कुराको जानकारी दिदैं पाठ्यपुस्तकका सबल र दुर्बल पक्षका बारेमा सुझावहरू दिन सफल भएको छ भन्ने कुराको निष्कर्ष निकालिएको छ ।

## १.६. अध्ययनको क्षेत्र र सीमा

यस अध्ययनका निम्नलिखित क्षेत्र र सीमाहरू रहेका छन् :

क) प्रस्तुत अध्ययनले निम्न माध्यमिक तह कक्षा ६ का 'हाम्रो नेपाली किताब' र नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तकका रूपक विधाको मात्र अध्ययन गरेको छ ।

ख) यसले उक्त दुई पाठ्यपुस्तकका रूपक विधा भित्रका पाठहरूको आयम र विषयवस्तु प्रयोगका दृष्टिले स्तरीय, उपयुक्त भए नभएको व्याख्या विश्लेषण गरेको छ ।

ग) यी दुई पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका पाठहरूको तुलनात्मक अध्ययन गरी भाषिक सीप आर्जनका लागि कुन पाठ्यपुस्तक बढी उपयोगी छ भन्ने कुराको विश्लेषणमा सीमित रहेको छ ।

## १.७. अध्ययनको महत्त्व र औचित्य

नेपालमा वर्तमान सन्दर्भमा दुई किसिमका विद्यालयहरू छन् : सामुदायिक र संस्थागत । एउटै पाठ्यक्तममा आधारित भएर तयार गरिएका दुईवटा पुस्तकहरू ती विद्यालयहरूमा पढाइ भइरहेका छन् । पाठ्यक्रम समकालीन समाजको आवश्यकता, युगको आकङ्क्षा, सिकारूको चाहना र समाजको मागको परिपूर्तिका लागि निर्माण गरिन्छ । यिनै कुराहरूलाई मध्यनजर गर्दै पाठ्यक्रममा विषयवस्तु चयन गरिन्छ । यसै सन्दर्भमा यी पाठ्यपुस्तकहरूमा रूपक विधासँग सम्बन्धित विषयवस्तुहरू कुन बढी सान्दर्भिक, उपयोगी, स्तरीय, समय सापेक्ष एवम् पाठ्यक्रमले अपेक्षा गरेका भाषिक र विषयगत उद्देश्यहरू प्राप्त गर्न सफल छन् भन्ने कुरालाई यस अध्ययनले अगाडि ल्याएको छ । अतः यो शिक्षक , विद्यार्थी, अध्ययन अनुसन्धानकर्ता र स्वयं भाषा पाठ्यपुस्तक निर्माण र विकासका निम्ति उपयोगी हुने छ ।

## १.८. शोधविधि

प्रस्तुत शोधपत्र तयारीका लागि निम्न किसिमका अध्ययन विधिको प्रयोग गरिएको छ :

### १.८.१. सामग्री सङ्कलन विधि

प्रस्तुत शोध तयार गर्नको लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त भाषा पाठ्यपुस्तक पढाइ रहेका शिक्षकहरूका सुझाव र सम्भव भएसम्म भाषा पाठ्यपुस्तक निर्माणसँग सम्बन्धित विशेषज्ञहरूलाई पनि यस अध्ययनमा समाविष्ट गरिएको छ ।

### १.८.२. अध्ययन विश्लेषण विधि

प्रस्तुत अध्ययन सामग्रीहरूको विश्लेषणका लागि मूलत : तुलनात्मक विधिको प्रयोग गरिने छ । यसका अतिरिक्त आवश्यकता अनुसार वर्णनात्मक, तालिकीकरण, साङ्ख्यिकीकरण जस्ता विधिको पनि प्रयोग गरिएको छ ।

### १.९. शोधप्रतिवेदनको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई निम्नानुसारका अध्ययमा प्रबन्धन गरिएको छ :

अध्यय १. शोध परिचय ।

अध्याय २. रूपक विधाको सैद्धान्तिक परिचय

अध्याय ३. पाठ्यक्रमको परिचय तथा निम्न माध्यमिक तह कक्षा ६ को नेपाली भाषा पाठ्यक्रमको परिचय

अध्याय ४. कक्षा ६ का 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भाषा पाठ्यपुस्तकका रूपक विधाका पाठ्यसामग्रीको विस्तृत रूपले तुलनात्मक अध्ययन , विश्लेषण र व्याख्या ।

अध्याय ५. उपसंहार, निष्कर्ष र सुझावहरू ।

# अध्याय- दुई

# रूपक विधाको सैद्धान्तिक परिचय

## २.१ रूपकको परिचय र व्युत्पत्ति :

रूपक शब्द संस्कृत तत्सम् शब्द हो । संस्कृत भाषाको 'रूप' धातुमा 'ण्लुव' प्रत्यय लागेर त्यसको स्थानमा 'अक' आदेश हुँदा रूपक शब्द बन्दछ (उपाध्याय, २०२६, ७६) । संस्कृत साहित्यमा रूपकको अर्थ दृश्यकाव्यसँग सम्बन्धित छ । भरतमुनिको नाट्यशास्त्रमा रूपका दश भेद हुन्छन् भनिएको छ । साहित्य दर्पणकार विश्वनाथको 'साहित्य दर्पण' भन्ने ग्रन्थमा तद्रूपारोपात्तु रूपकम् भनिएको छ जसको अर्थ दृश्यकाव्यमा अभिनेता-अभिनेतृमा रामादि र सितादि नायक-नायिकाका रूपको आरोप गरिने हुनाले यसलाई रूपक भनिन्छ ( उपाध्याय, २०२६, ७६) । रूपकलाई दश भेद र १८ उपभेद (उपरूपक) मा विभाजन गरिएको पाइन्छ । रूपकका दश भेदमा - नाटक, प्रकरण, भाण, व्यायोग, समवकार, डिम, ईहामृग, अङ्क, वीथी र प्रहसन हुन् । त्यस्तैगरी अठार उपरूपक- नाटिक, त्रोटक, गोष्ठी, सट्टक, नाट्यशसक, प्रस्थानक, उल्ललप्य, काव्य, प्रेङ्खण, रासक, संलापक, श्रीगद्धित, शिल्पक, दुर्मल्लिका, प्रकरणिका, हल्लीश र भाणिका हुन् (उपाध्याय, २०२६ : ७७) ।

वर्तमान सन्दर्भमा नेपालीभाषामा रूपक विधाले खास गरेर भाषाको कथ्यरूप वा मौखिक पक्षलाई जोड दिएको पाइन्छ । अर्काको व्यवहार रूपाकृत, चरित्र, स्वभाव, आनीबानी, अनुकरण आदि विशेषताहरूको दृश्याश्रव्यात्मक रूपमा प्रस्तुति गर्नुलाई रूपक भनिएको छ ( अधिकारी, २०५० : १६९) । यसले वक्तााका भावना, संवेग र विचारको प्रभावपूर्णढङ्गले आत्मप्रदर्शन गर्ने भएकाले यसमा भाषिक पक्षमात्र सम्बन्धित नभई भाषिकेत्तर पक्ष /हाउभाउ, मुखाकृति, इशारा, अङ्गसञ्चालन आदिजस्ता भाषिककेत्तर पक्षको पनि  उत्तिकै भूमिका रहन्छ । पूर्वीय आचार्यहरूले रूपक र नाटकलाई समान रूपमा प्रयोग गर्दै यसको विकसित र विस्तारित रूप नाटकलाई मान्दै आएको पाइन्छ ।

भाषा पाठ्यक्तममा प्रयोग गरिएका विधाहरूमध्ये रूपक विधा पनि एक महत्वपूर्ण विधा हो । पाठ्यक्तममा रूपक विधा अन्तर्गत नाटक , एकाङ्की, वादविवाद, मनोवाद,

संवाद, वक्तृता आदि विधाहरूलाई समोवेश गरिएको छ । तर्सथ यी विधाहरूलाई यहाँ सङ्क्षेपमा केलाउने प्रयास गरिएको छ ।

**२.२. नाटकको परिचय :**

'नाटक' शब्द संस्कृत तत्सम शब्द हो । अभिनेय अर्थको 'नट्' धातुमा 'ण्वुल' प्रत्यय लागेर त्यसको स्थानमा 'अक' आदेश हुँदा नाटक शब्द बन्दछ । यस व्यत्पत्तिअनुसार 'नाटक' शब्दले अभिनेयात्मकतालाई प्रकटित गर्ने हुँनाले यो दृश्यकाव्य अन्तर्गत पर्दछ । त्यसैगरी अङ्ग्रेजी भाषामा नाटकलाई Drama भनिन्छ । ग्रिसेली Dram धातुबाट Drama शब्द बनेको हो । 'Drama' को अर्थ अभिनय, अनुकृति वा अनुकरण हुन्छ । Drama शब्दले पनि अभिनेयात्मकतालाई नै बुझाउँछ । त्यसैले पूर्वीय एवम् पाश्चात्य परम्परामा अभिनेयात्मकतालाई प्रकटित गर्ने नाटक विधा दृश्यकाव्य अन्तर्गत पर्दछ । साहित्यका विभिन्न विधाहरूमध्ये नाटक सर्वप्राचीन विधा हो भन्ने कुरामा पूर्व र पश्चिम दुबैतिरका विद्धानहरू सहमत छन् ।

**२.२.१. पूर्वीय एवम् पाश्चात्य विद्धानहरूका भनाईमा नाटक :**

क) तीनवटै लोकका भावको अनुकरण नै नाटक हो । - भारतमुनि

ख) विभिन्न अवस्थाहरूको अुनकरण नै नाटक हो । - धनञ्जय

ग) नाटकमा सत्य, रज, तमु तीनवटै गुणको समावेश हुन्छ । अतएवः विभिन्न रूचि भएका मानिसलाई समानरूपले आनन्द दिने एकमात्र माध्यम नाटक हो । - महाकवि कालिदास

घ) नाटकले जीवनको अनुकरण गर्दछ र यो वर्णनात्मक नभएर अभिनेयात्मक हुन्छ। - एरिस्टोटल

ङ) नाटक मानव जीवनका अनुकरण र रीतिहरूको दर्पण हो । - सिसेरो

च) नाटक प्रकृति प्रतिबिम्बित हुने दर्पण हो । - भिक्टर ह्युगो

छ) दर्शकहरूमा अभिरूचि उत्पन्न हुने गरी अभिनेताहरूद्धारा अभिनित जीवनको अभिव्यञ्जनालाई नाटक भनिन्छ । - ए. निकोल

ज) काव्यको सर्वगुण संयुक्त खेललाई नाटक भनिन्छ । - भारतेन्दु हरिश्चन्द्र

झ) नाटक अभिनेताहरूले भेशभुषामा रही हाउभाउ र कथोपकथनद्धारा रङ्गमञ्चमा गर्ने चरित्र, घटना आदिको प्रदर्शन हो । - बालचन्द्र शर्मा

ञ) नाटक देश काल र वातावरण विशेषसित सम्बन्धित नरनारीको जीवनलाई अभिनेता-अभिनेत्रीहरूद्वारा वार्तालाप र कार्यका भरमा अभिनय गरी देखाउने कला हो । - केशवप्रसाद उपाध्याय

यसरी पूर्वीय एवम् पाश्चात्य विद्धानहरूले नाटकको परिभाषा आ-आफ्नै ढङ्गमा दिएका छन् । नाटकमा कथानक, चरित्र, परिवेश, संवाद, अभिनय आदि तत्त्वहरू रहने कुरामा दुबै तिरका विद्वानहरू सहमत छन् । अतः संवादका माध्यमबाट मानवजीवनका विभिन्न क्तियाकलापहरूको अनुकरण गरिने अभिनेयात्मक सहित्यिक विधालाई नाटक भनिन्छ ।

## २.३. एकाङ्की

एकाङ्की शब्दको निर्माण 'एक+अङ्की' बाट भएको पाइन्छ । यो एकैअङ्कमा बाँधिएको हुनु पर्दछ । संस्कृतमा  भासको समयदेखि नै एकाङ्की लेखनको परम्परा रहेको पाइन्छ । संस्कृत साहित्यमा रूपक अन्तर्गतका अङ्क, भाण, व्यायोग, वीपी प्रहसन र उपरूपक अन्तर्गतका गोष्ठी, नाट्यपरासक, उल्लाप्य, काव्य, विलासिका, हल्लीश आदि एकाङ्कीका समकक्षी मानिएका छन् (उपाध्याय, २०५२ : ११८)

## २.३.१. एकाङ्कीको परिभाषा

क) आफ्नो प्रकृति र माध्यमको कठोर नियन्त्रणले गर्दा एउटै घटना वा स्थितिमा एकाङ्की विकसित रूप लिन्छ । - वाल्टर रिचर्ड एटन

ख) एकाङ्कीमा जीवनको क्तमबद्ध विवेचना नभएर खाली एउटा समस्या, एउटा महत्वपूर्ण घटना, एउटा विशेष परिस्थिति वा कुनै एक उद्दीप्त क्षणको चित्रण मात्र हुन्छ । - डा. नगेन्द्र

ग) एकाङ्कीमा एउटै विषय, एउटै समय र एउटै अङ्कमा दृश्यहुनु आवश्यक छ । ........... यो घोडा दौडेको एक दौड जस्तो हो , जसमा विश्राम हुनु हुदैन । - बालकृष्ण सम

घ) यो नाटककै समरूप तर नाटक भन्दा सानो एक विशिष्ट प्रकारको नाट्य रूप हो जसमा नाटकमा जस्तो सिङ्गो जीवनको चित्रण नभई जीवन वा परिस्थितिको एक विशेष क्षण वा घटनाको चित्रण हुन्छ । - केशवप्रसाद उपाध्याय

ङ) कथ्यको एकोन्मुखता भएको आख्यानपरक अभिनेय र संवादात्मक लघु संरचनालाई एकाङ्की भनिन्छ । - मोहनराज शर्मा

यसरी उल्लिखित विभिन्न विद्धानवर्गका परिभाषाका निष्कर्षमा एकाङ्की भनेको एकै अङ्क, एकै दृश्य र थोरै चरित्रद्धारा संरचित, सङ्क्षिप्त र सीमित आकारमा निमार्ण गरिएको जीवन र जगतको एक पक्षीय चित्रण हो, जुन संवादात्मक र अभिनेयात्मक प्रस्तुतीकासाथ मञ्चन गरिन्छ ।

**२.३.२. एकाङ्कीका तत्त्वहरू :**

एकाङ्कीका संरचक अङ्ग नै यसका तत्त्वहरू हुन् । एकाङ्कीका तत्त्वहरू कथावस्तु, पात्र(चरित्र), संवाद, भाषाशैली, वातावरण र उद्देश्य हुन् । यिनीहरूको सङ्क्षेपमा चिनारी यसरी गराउन सकिन्छ :

**२.३.२.१. कथावस्तु** : एकाङ्कीको मेरूदण्ड यसको कथावस्तु हो । विभिन्न विषयमा सन्तुलित, समुचित घटनाको अभिव्यक्ति यसका कथावस्तुले उनेको पाइन्छ । एकाङ्कीमा स्थान, समय र कार्यको अन्विति रहनु पर्दछ । एकाङ्कीले जीवनको एकक्षणको चित्रण गर्ने भएकोले कथावस्तु पनि सोहि अनुसार छनौट गरिनु पर्दछ । एकाङ्कीमा घटनाको सीमितता, आकारमा लघुता, पात्रमा

सीमितता, गतिमा तीव्रता र कार्यमा एकोन्मुखता रहनु पर्दछ । एकाङ्की प्रारम्भ, मध्य र अन्त्यको सुगठित शृङ्खलावद्ध प्रस्तुति हुनु पर्दछ ।

**२.३.२.२. पात्र वा चरित्र** : एकाङ्कीले जीवन मात्र नभई जीवन्त गति लिनु पर्दछ । जीवनगति दिने तत्त्व पात्र वा चरित्र नै हो । चरित्र मानव र मानवेत्तर हुन्छन् । एकाङ्कीमा कथानक वातावरण र उद्देश्यको कसीका रूपमा मात्र वा चरित्रलाई लिएको हुन्छ । चरित्र सत्-असत्, अन्तर्मुखी-बहिर्मुखी, गोला-चेप्टा, मुख्य-सहायक, नायक- खलनायक आदिका आधारमा प्रस्तुत गरिएका हुन्छन् ।

**२.३.२.३. संवाद** : संवादलाई एकाङ्कीको आधारभूत तत्त्व मानिन्छ । संवाद नाटक र अन्य सहित्यका विधानहरू छुट्याउने आधार हो । यसले पात्रहरूलाई गति र जीवन प्रदान गर्दछ । पात्रहरूका बीचमा हुने एकआपसको कुराकानी नै संवाद हो । संवादविना एकाङ्की र नाटक बन्न नसक्ने हुँदा यसलाई एकाङ्कीको प्राणतत्त्वका रूपमा लिइन्छ । एकाङ्कीमा संवाद सङ्क्षिप्त, अर्थपूर्ण, सरल, सहज र पात्रका विशेषता अनुरूप हुनुपर्दछ ।

**२.३.२.४. भाषाशैली** : एकाङ्कीको अर्को महत्त्वपूर्ण तत्त्व भाषाशैली पनि हो । भाषाशैली सरल, स्पष्ट र बोधगम्य हुनुपर्दछ । एकाङ्कीमा पद्यात्मक भन्दा गद्यात्मक शैली उपयोगी मानिन्छ । भाषा सहज, पाठकअनुकूल, सरल हुनुपर्दछ भने शैली सङ्क्षिप्त, विशिष्ट मार्मिक र हृदयस्पर्शी हुनुपर्दछ ।

**२.३.२.५. वातावरण** : समाज र सामाजिक चेतनाका कारणले साहित्यको जन्म हुन्छ । तसर्थ समाज र साहित्यका बीच घनिष्ठ सम्बन्ध रहन्छ । मानव समाजबाट नै साहित्यको उदय, उत्थान र विकास हुने गर्दछ । मानिसहरू पनि साहित्यबाट लाभान्वित हुने गर्दछन् । वातावरण भनेको समाज र मानवको भौतिक र मानसिक आधरभूमि हो । त्यसैले एकाङ्कीको रचना गर्दा वातावरणलाई ख्याल गरी निमार्ण गर्नुपर्दछ । वातावरण अनुकुल भएन भने श्रोता वा दर्शकले एकाङ्कीका पात्रहरूसँग तादाम्यता कायम गर्न सक्दैनन् ।

**२.३.२.६. उद्देश्य :** एकै उद्देश्य प्राप्तिका लागि एकाङ्की लेखिनु पर्दछ । पाठक वा दर्शकले एकाङ्कीको कथावस्तुबाट जस्तो भावनात्मक अनुभव गर्दछ । त्यसैमा एकाङ्कीको उद्देश्य अन्तर्निहित रहन्छ । एकाङ्कीको उद्देश्य जीवन सापेक्ष हुनु असल ठानिन्छ ।

निष्कर्षमा भन्नुपर्दा एकाङ्की अभिनय गरिने विधा हो । यो मुख्य रूपमा दृश्यात्मक प्रयोजनका लागि निर्माण गरिन्छ । एकाङ्की जहाँसुकै वा जस्तोसुकै वातावरणमा देखाउन सक्ने गरी निमार्ण गर्नु उपयुक्त हुन्छ । पाठक वा दर्शकलाई प्रेरणा, सन्देश र चारित्रिक सुधारका लागि शिक्षा दिइने खालको विषयवस्तु छान्नु एकाङ्कीकारको अभीष्ट हुनुपर्दछ । तसर्थ एकाङ्की सहज, मञ्चनीय, एकोद्देश्यीय, सन्देशमूलक र सहज एवम् सरल भाषाशैलीमा लेखिनु उपयुक्त मानिन्छ ।

**२.४. संवाद :** वक्ता र श्रोताबीचको कुराकानी वा वार्तालापलाई संवाद भनिन्छ । संवादलाई दुई पक्षका बीचको कुराकानी, बार्तालाप, सान्दर्भिक गफ, कथोपकथन र वार्ता पनि भन्न सकिन्छ । यसमा दुई पक्षको सहभागिता अनिवार्य रहन्छ । संवादको थालनीमा विचारको भिन्नता रहन्छ र त्यस भिन्नतालाई एकमतमा ल्याई निष्कर्षमा पुऱ्याउने मुख्य उद्देश्य रहन्छ । पात्र समावेशका आधारमा हेर्दा संवादमा दुईजना पात्र अनिवार्य हुन्छन् तर एकाङ्कीमा र नाटकमा झै संवादमा बहुल पात्रको समावेश हुनुहुँदैन । पात्रहरू बीचको एकआपसमा गरिने कुराकानी, वातचित, वार्तालाप, वहस, तर्क , सन्देश, विवाद, आदि नै संवाद हो (बराल र एटम २०६३ : २९४) । संवाद सङ्क्षिप्त, सरल, स्पष्ट, अर्थपूर्ण, सन्देशमूलक तथा शिक्षाप्रद हुनु पर्दछ । यिनै उद्देश्य प्राप्तिका लागि नेपाली भाषा पाठ्यक्रममा संवादलाई रूपकविधाको उपभेदका रूपमा समावेश गरिएको पाइन्छ । यसमा विषयवस्तु, परिवेश, संवाद, चरित्र, द्वन्द्व, उद्देश्य लगायतका संरचक तत्त्वहरू रहेका हुन्छन् ।

**२.५. मनोवाद :**

मनोवाद रूपक विधा अन्तर्गत पर्दछ । मनोवादलाई एकालाप वा स्वगतकथन पनि भनिन्छ । यसमा एउटै मात्र पात्र हुन्छ र ऊ कुनै खास कारणले गर्दा आफू एक्लै कुरा गर्ने, भुतभुताउने, छटपटिने, मनमा कुरा खेलाउने आदि गर्दछ । मनोवादमा पात्रले खास परिस्थिति वा घटनाका कारण उत्पन्न भएको विशेष आफ्नो परिस्थितिलाई उद्घाटित

गरेको हुन्छ । अर्को शब्दमा भन्ने हो भने मनोवादमा व्यक्ति वा पात्रको खास परिस्थिति वा घटना विशेषका कारण उसको मनमा उत्पन्न हुने उतरचढापलाई सङ्केत गर्ने मुख्य उद्देश्य रहन्छ ।

मनोवादमा मूक अभिनयको उच्चतम अपेक्षा रहन्छ । यस्तो अभिनय नहुँदा मनोवाद पनि रूपकका अन्य भेद एकाङ्की र संवादझैं हुन पुग्दछ ।यसमा खास प्रसङ्ग वा घटनाका कारण व्यक्तिका मनमा उत्पन्न हुने किया-प्रतिकिया वा संवेगात्मक उतार चढाव र अनुभूतिलाई प्रकट गर्ने पात्रका हाउभाउ, आङ्गिक चेष्टा, मुखमुद्रा, नाटकीकरण आदिको अपरिहार्यता रहन्छ । यसका लागि अभिनय खालका विषयवस्तु मात्र प्रभावकारी एवम् उपयोगी मानिन्छन् ।

भाषाशिक्षणमा मनोवादको मुख्य प्रयोजन कथ्य भाषामा जोडदिनु भए तापनि पाठ्यकमले यसका माध्यमबाट लेख्य सीपको विकास गराउँदै अभिनेयात्मक मौखिक अभ्यासका साथै शब्दार्थ, शब्दप्रयोग, भाषातत्त्व, प्रश्नोत्तर सिर्जनात्मक पक्षमा समेत अभ्यास गराउन जोड दिएको छ । वर्तमान सन्दर्भमा नेपाली भाषा पाठ्यकमले माध्यमिक तहमा मनोवाद समावेश गरेको छ । तर निम्न माध्यमिक तहमा मनोवाद समाविष्ट गरेको पाइदैन । मनोवादमा विषयवस्तु, पात्र, परिवेश, संवेग, द्वन्द्व जस्ता संरचकघटक रहेका हुन्छन् ।

**२.६. वादविवाद :**

कुनै निश्चित विषयका पक्ष र विपक्षबाट गरिने तर्कपूर्ण प्रस्तुतीकरणलाई वादविवाद भनिन्छ (बराल र एटम २०६३ : २८६) । यसमा दुईपक्ष आवश्यक मानिन्छ । आफ्ना पक्षको समर्थन, मण्डल वा पुष्टि गरिन्छ भने विपक्षका तर्कसँग असहमति वा विमति राख्दै खण्डन गरिन्छ । यसमा पक्ष र विपक्षको सिर्जनागरी तार्किक कुराहरू विवेकपूर्ण ढङ्गले अघि सारिन्छ । वादविवाद प्रतियोगितात्मकरूपमा सञ्चालन गरिने हुँदा यसमा संवोधन, अभिवादन, प्रस्तुतीकरण,समय, विषयवस्तु आदि पक्षमा पनि ख्याल गर्नुपर्दछ ।

वादविवाद भाषाको मौखिक पक्षसँग निकट रहन्छ । यसमा विषयको समर्थन गरेको कुरा पक्ष मानिन्छ भने अस्वीकार वा विरोध गरेको कुरा विपक्ष मानिन्छ ।

वादविवादमा शिष्टता, कलात्मकता, प्रभावकारिता, भाषिक मिठास आदि कुराको अपेक्षा राखिन्छ । वावविवादबाट विद्यार्थीहरूमा तार्किक अभिव्यक्ति दिने, विचार-विमर्श गर्ने, निडरताका साथ भाषण गर्ने कलाको विकास हुन्छ । यसको शिक्षण कक्षाकोठामा प्रयोगिक ढङ्गले सुसञ्चालन गर्न सकिन्छ भने लिखित रूपमा मूल्याङ्कन गर्दा सम्बोधन, विषयवस्तु, प्रस्तुतीकरण, खण्डन-मण्डन शिल्प तथा मौखिक अभिव्यक्तिका विविध पक्षको समग्रतामा ध्यान दिइन्छ । वर्तमान सन्र्दभमा नेपाली भाषा पाठ्यक्रममा निम्न माध्यमिक तहको सुरूकै कक्षामा यसको समावेश गरिनु भाषा सिकाईमा महत्त्वपूर्ण पक्ष मानिन्छ । यसमा विषयवस्तु, तार्किकता, विचार, परिवेश जस्ता संरचक तत्त्वहरू रहेका हुन्छन् ।

**२.७. वक्तृता :**

कुनै निश्चित विषय वा शीर्षकमा आधारित भएर आफूले भोगेका, अनुभव गरेका, आफ्नो जानकारीमा आएका तथ्यकुराहरूको प्रभावकारी ढङ्गको प्रस्तुति नै वक्तृता हो । यसलाई एकलापीय प्रस्तुति मान्न सकिन्छ । वक्तृताका पर्यायका रूपमा प्रवचन, भाषण, वाक्कौशल, वाक्पटुता, वाक्चातुर्थ, व्याख्यान आदिलाई लिने गरिन्छ । यो भाषाको बोलाइ पक्षसँग बढी सम्बन्धित मानिए तापनि यसले लेखाइ सीपलाई पनि उत्तिकै महत्त्व दिन थालेको पाइन्छ । यसमा स्पष्टता, कमवद्धता, शिष्टता, सरलभाषा, कलात्मक शैली, मिठासपूर्ण प्रस्तुति आदि आवश्यक मानिन्छ । वादविवादमा झै यसमा पनि विषयशीर्षक, संरचना, वक्ता, उद्देश्य, समय, संवोधन जस्ता तत्त्वहरूको विशेष ख्याल गर्नु पर्दछ । वक्तृता  प्रस्तुति आदि मध्य र अन्त्यका ढाँचामा औपचारिक र अनौपचारिक रूपमा प्रस्तुत गरिन्छ ।

भाषा पाठ्यपुस्तकमा वक्तृता राखिनुको उद्देश्य विद्यार्थीहरूमा संवोधन कला, तर्कपूर्ण अभिव्यक्ति, भाषणगर्ने क्षमतामा वृद्धि, कुनैपनि विषयमा तर्कपूर्ण पुष्टि गर्ने सीप , हाउभाउ र शुद्धभाषाको प्रयोग जस्ता क्षमतामा विकास हुन जान्छ । वर्तमान सन्दर्भमा नेपाली भाषा पाठ्यक्तममा यसको समावेशले भाषिक क्षमतामा जोड दिएको प्रत्यक्ष अनुभव गरिएको छ ।

माथि उल्लेख गरिएका रूपकका सम्पूर्ण उपभेदहरूले विद्यार्थीहरूको भाषिक क्षमता, वाक्कौशल, अभिव्यक्ति सीप विकास, हाउभाउ, मुखमुद्रा, अभिनयात्मक कलाको विकास, तर्कपूर्ण ढङ्गले खण्डन-मण्डन र पुष्टि गर्ने क्षमता विकास हुने कुरामा कुनै शङ्का छैन । तसर्थ साना कक्ष देखि नै यसको समायोजन र क्तमश स्तरवृद्धि हुँदै जानु आवश्यकताका रूपमा लिन सकिन्छ ।

# अध्याय- तीन

# निम्न माध्यमिक तहको कक्षा - छको नेपाली भाषा

# पाठ्यक्रमको परिचय

पाठ्यक्रम निश्चित उद्देश्यलाई पूरा गर्न बनाउने शैक्षिक कार्यक्रम हो (जवरा र अरू २०६४ :५८) । यो शिक्षाको राष्ट्रिय उद्देश्यबाट निर्देशित हुने गर्दछ । त्यसैले पाठ्यक्रमको परिभाषा, भाषा पाठ्यक्रम, आदिको बारेमा चर्चा गर्दा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य र कक्षागत उद्देश्यका बारेमा चर्चा गर्नु सान्दर्भिक ठानी त्यसबारे छोटकरीमा निम्नानुसार चर्चा गरिन्छ :

**३.१. पाठ्यक्रमको परिचय / परिभाषा :**

पाठ्यक्रम शैक्षिक उद्देश्य पूरा गर्ने योजना हो । असल र स्तरयुक्त पाठ्यक्रमले मात्र अपेक्षित शैक्षिक उपलब्धिहरू हाँसिल हुन सक्छन् । पाठ्यक्रमका बारेमा वा विभिन्न क्षेत्रका सङ्कलित तथा सम्पादित लेख, रचना, पुस्तक वा विभिन्न श्रद्धेय विद्वानहरूका परिभाषाबाट पाठ्यक्रमको अर्थ र यसको सान्दर्भिकता झल्किन्छ :

क. नेपाली बृहत शब्दकोष- २०५७ - पढाउनका निम्ति तोकिएको विषय र त्यसको पूर्वापरक्रमलाई पाठ्यक्रम भनिन्छ ।

ख. फ्रोबेल - पाठ्यक्रमलाई मानवजातिको सम्पूर्ण ज्ञान र अनुभवको सार सम्झनु पर्दछ ।

ग. प्रयोगात्मक नेपाली शब्दकोष - विद्यार्थीले शिक्षालयमा एक वा अनेक विषयमा खास अवधिभित्र आर्जित गर्न सक्ने अनुभव, ज्ञान, सीप आदिको शैक्षिक योजना हो ।

घ. नेपाली शब्दसागर - पढाउन तोकिएको विषय र त्यस विषयको क्रमलाई पाठ्यक्रम भनिन्छ ।

ङ. हिल्डा तावा - पाठ्यक्रम सिकाइको एक योजना हो ।

च. राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ - शिक्षाको उद्देश्यप्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ ।

छ. शेलर तथा अलेक्जेण्डर - बालबालिकाहरूमा वाञ्छित उपलब्धि हाँसिल गराउन विद्यालय वा विद्यालय बाहिरको वातावरणमा विद्यालयले थालनी गर्ने सम्पूर्ण प्रयास नै पाठ्यक्रम हो ।

माथि उल्लेख भएका विभिन्न परिभाषाहरूको समग्र विश्लेषण गर्दा पाठ्यक्रमलाई शैक्षिक क्रियाकलापहरूको एउटा सङ्गठित तथा सुव्यवस्थित रूप मान्न सकिन्छ । यसमा विद्यालयको हाताभित्र र बाहिर गरिने शैक्षिक क्रियाकलापहरू पर्दछन् जुन सदैव विद्यार्थीको हित अनुकूल हुनुपर्दछ । पाठ्यक्रमभित्र शिक्षाको राष्ट्रिय उद्देश्यहरू, तहगत उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य र पाठगत उद्देश्यहरू समावेश गरिएको हुन्छ । यसर्थ व्यक्ति, समाज र राष्ट्रकै सर्वाङ्गीण भलाइका लागि आवश्यक योग्य, दक्ष र प्रतिभावान जनशक्तिको आवश्यकता पूरा गर्न पाठ्यक्रम सक्षम हुनु पर्दछ । शिक्षाका राष्ट्रिय उद्देश्य परिपूर्तिका लागि सम्बन्धित तहमा तदनुरूपको पाठ्यक्तमको व्यवस्था गरिएको हुन्छ । यसर्थ यहाँ निम्नमाध्यमिक तहको नेपाली भाषापाठ्यक्रमको चर्चा गर्नुपूर्व शिक्षाका राष्ट्रिय उद्देश्यलाई प्रस्तुत गरिएको छ ।

**३.२. शिक्षाका राष्ट्रिय उद्देश्य :**

१. प्रत्येक व्यक्तिमा, अन्तनिहित प्रतिभा र व्यक्तित्व विकासमा सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने ।

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता सामाजिक मान्यता र आस्थाहरूको संवर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामुहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान एवम् नैतिकवान नागरिक तयार गर्ने ।

३. स्थानीय, राष्ट्रिय स्तरका व्यवसाय पेशा एवं रोजगारीका साथै आवश्यकतानुसार अन्तर्राष्ट्रिय रोजगारी तर्फ उन्मुख उत्पादनमुखि र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने ।

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने ।

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देशनिमार्णका निम्ति मानवसंसाधनको विकास गर्ने ।

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने ।

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निमार्णमा मद्दत गर्ने ।

८. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने ।

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने ।

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानवअधिकार प्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने ।

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तार तर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने ।

(स्रोत : पा.वि.केन्द्र (दोस्रो संस्करण २०६४) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम )

**३.३. शिक्षाका तहगत उद्देश्य :**

यो शोधपत्र निम्न माध्यमिक तहसँग सम्बन्धित रहेकाले अब निम्न माध्यमिक तहको (कक्षा-६,७ र ८) उद्देश्यका बारेमा उल्लेख गरिन्छ :

**३.३.१. निम्न माध्यमिक तहको शिक्षाको उद्देश्य :**

राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान, सामाजिक र प्राकृतिक वातावरण प्रति सचेत, भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृति भएका स्वस्थ स्वाभलम्बी एवम् चरित्रवान नागरिक तयार गर्ने यस तहको शिक्षाको उद्देश्य हुनेछ ।

**(स्रोत : पा.वि. केन्द्र (दोस्रो संस्करण २०६४) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम)**

**३.४. निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम र यसको उद्देश्य**

वर्तमान सन्दर्भमा निम्न माध्यमिक तह भन्नाले कक्षा ६, ७ र ८ कक्षालाई बुझाउँछ । यस शोधको विषयक्षेत्र निम्न माध्यमिक तहको भाषा पाठ्यपुस्तकसँग सम्बन्धित रहेकोले अब निम्न माध्यमिक तहको नेपाली विषयका साधारण उद्देश्य र विशिष्ट उद्देश्यहरूको बारेमा उल्लेख गरिन्छ ।

**३.४.१. नेपाली भाषाको साधारण उद्देश्य :**

१. उच्चरित ध्वनीहरूको भिन्नता पहिल्याउन र सोहिअनुरूप उच्चारण गर्न ।

२. अरूद्धारा अभिव्यक्त विचार बुझ्ने गरी सुन्न ।

३. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न ।

४. सुनेका विषयवस्तुको मुख्यमुख्य कुरा बताउन ।

५. आफुले देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुमा मौखिक अभिव्यक्ति दिन ।

६. आफूले भन्न चाहेका कुरालाई हाउभाउपूर्ण एवम् प्रभावकारी ढङ्गले अभिव्यक्ति दिन ।

७. कुराकानी, संवाद, वादविवाद, प्रश्नोत्तर,छलफल आदि मौखिक अभिव्यक्तिहरूमा भाग लिन ।

८. लिखित सामग्रीहरूलाई भावअनुसार गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न ।

९. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरू मौनवाचन गर्न ।

१०. विभिन्न उद्देश्यले लिखित सामग्रीहरू पढ्न ।

११. पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न ।

१२. पढेका विषयवस्तुको सारांश भन्न र लेख्न ।

१३. आफूले देखेसुनेका र अनुभव गरेका विषयवस्तुमा लिखित अभिव्यक्ति दिन ।

१४. उपयुक्त वाक्यगठन, हिज्जे, विरामचिह्न आदि मिलाई शुद्धसँग लेख्न ।

१५. स्तरअनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाई मौलिक रचना गर्न ।

१६. पठित शब्दहरूलाई हिज्जे मिलाई लेख्न ।

१७. पाठमा प्रयुक्त उखानटुक्काहरूको प्रयोग गर्न ।

१८. विशिष्ट अंशहरूको भावविस्तार गर्न ।

१९. स-साना मौलिक रचनाहरू सन्दर्भ र सलिसिला मिलाई लेख्न ।

२०. विभिन्न विषयहरू पढी शब्दभण्डारको वृद्धि गर्न ।

२१. व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न ।

२२. नेपाली भाषामा लेखिएका विभिन्न विधाका समसामयीक पाठ्यसामग्रीहरू पढ्ने अभिरूचीको विकास गर्न ।

२३. उद्देश्यअनुसारका विभिन्न पठन कौशलहरूको विकास गर्न ।

२४. शिष्ट र शुद्ध भाषाको प्रयोग गर्ने बानी बसाल्न ।

२५. साहित्यिक रचनाहरू पढ्ने अभिरूचि बढाउन ।

**(स्रोत : पा. वि. केन्द्र (दोस्रो संस्करण २०६४) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्तम**

निम्न माध्यमिक तहभित्र कक्षा ६,७ र ८ काक्षाहरू पर्दछन् । तर यस अध्ययनको केन्द्रबिन्दु कक्षा ६ भएकोले अब कक्षा ६ को मात्र विशिष्ट उद्देश्यको बारेमा उल्लेख गरिन्छ ।

### ३.४.२. कक्षा - छ नेपाली भाषाको विशिष्ट उद्देश्य :

#### ३.४.२.१. सुनाइ र बोलाइ

१. उच्चरित ध्वनिहरू सुनी तिनको भिन्नता पहिल्याउन ।

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न ।

३. अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न ।

४. सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन ।

५. कविता, गीत , कथा आदि आनन्दका साथ सुनी प्रतिक्तिया जनाउन ।

६. स-साना कुराकानी, संवाद, प्रश्नोत्तर आदि सुनी मौखिक अभिव्यक्तिमा भाग लिन ।

७. आफूले देखेसुनेका र बुझेका वस्तु, वातावरण र घटनाका विषयमा सामान्य वर्णन गर्न ।

८. सिलसिला र हाउभाउ मिलाई बोल्न ।

**(स्रोत : पा. वि. केन्द्र (दोस्रो संस्करण २०६४) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम)**

### ३.४.२.२. पढाइ

१. लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न ।

२. मुख्यमुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न ।

३. लिखित सामग्रीहरूको मौनवाचन गर्न ।

४. विभिन्न उद्देश्यले विधागत पाठहरू पढ्न ।

५. पाठमा प्रयुक्त शब्दहरूको आशय बुझी प्रयोग गर्न ।

६. विभिन्न विधाका पाठहरू भाव ठम्माई पढ्न ।

७. विभिन्न विधाका पाठहरूबाट शब्दभण्डारको वृद्धि गर्न ।

**(स्रोत : पा. वि. केन्द्र (दोस्रो संस्करण २०६४) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम)**

### ३.४.२.३. लेखाइ

१. हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न ।

२. लेख्यचिह्नहरूको उपयुक्त प्रयोग गरी लेख्न ।

३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न ।

४. आफूले देखेका, बुझेका वस्तु तथा घटनाहरूको लिखित वर्णन गर्न ।

५. स-साना रचनाहरू (अनुच्छेद, चिठी र निवेदन आदि) सिलसिला मिलाई लेख्न ।

६. आफ्नो रूचिअनुसारका विषयमा स-साना मौलिक रचना गर्न ।

७. विशिष्ट अंशको भावविस्तार गर्न ।

८. वाक्यमा पदसङ्गति आदि बुझी तिनको उपयुक्त प्रयोग गर्न ।

९. सुनेका, पढेका विषयवस्तुको सार लेख्न ।

**(स्रोत : पा. वि. केन्द्र (दोस्रो संस्करण २०६४) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम)**

नेपाली भाषा र साहित्य विभिन्न विधाहरूको संयोजनबाट बनेको छ । नेपाली भाषा पाठ्इक्रममा ती विधाहरूको रखाइ स्तर अनुसार क्रमबद्धढङ्गले राखिएको छ । त्यस्ता विधामा निबन्ध, प्रबन्ध, कथा, जीवनी, रूपक, कविता, र व्याकरणहरू पर्दछन् । अब ती विधा र पाठहरूको क्षेत्र र क्रम देहाय बमोजिम प्रस्तुत गरिन्छ ।

## ३.५. विधाको क्षेत्र र क्रम तालिका

**तालिका नं. १**

| क. सं | विधा | विधाको क्षेत्र | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १. | प्रबन्ध/निबन्ध | क) सामाजिक/सांस्कृतिक<br>ख) प्राकृतिक /वातावरणीय<br>ग) कलात्मक<br>घ) | क) सामाजिक/सांस्कृतिक<br>ख) प्राकृतिक /वातावरणीय<br>ग) कलात्मक<br>घ) वैज्ञानिक /प्राविधिक | क) सामाजिक/सांस्कृतिक<br>ख) प्राकृतिक /वातावरणीय<br>ग) कलात्मक<br>घ) वैज्ञानिक /प्राविधिक |

| | | | | |
|---|---|---|---|---|
| | | वैज्ञानिक /प्राविधिक<br>ङ) व्यवसायिक | ङ) व्यवसायिक | ङ) व्यवसायिक |
| २. | कथा | क) लोककथा<br>ख) नीतिकथा<br>ग)<br>पौराणिक/ऐतिहासिक कथा | क) लोककथा<br>ख) नीतिकथा<br>ग)<br>पौराणिक/ऐतिहासिक कथा<br>घ) आधुनिक कथा | क) लोककथा<br>ख) नीतिकथा<br>ग)<br>पौराणिक/ऐतिहासिक कथा<br>घ) आधुनिक कथा |
| ३. | जीवनी | राष्ट्रिय र अन्तराष्ट्रिय<br>क)<br>साहित्यकार /कलाकार<br>ख) विद्वान- विचारहरू<br>ग) आविष्कारक<br>घ) प्रेरक व्यक्तित्व | राष्ट्रिय र अन्तराष्ट्रिय<br>क)<br>साहित्यकार /कलाकार<br>ख) विद्वान- विचारहरू<br>ग) आविष्कारक<br>घ) प्रेरक व्यक्तित्व | राष्ट्रिय र अन्तराष्ट्रिय<br>क)<br>साहित्यकार /कलाकार<br>ख) विद्वान- विचारहरू<br>ग) आविष्कारक<br>घ) प्रेरक व्यक्तित्व |
| ४. | चिठी | क) घरायसी | क) घरायसी | क) घरायसी |
| | | ख) कार्यालयीय | ख) कार्यालयीय | ख) कार्यालयीय |
| ५. | रूपक | क) संवाद<br>ख) वादविवाद | क) संवाद<br>ख) वादविवाद | क) संवाद<br>ख) वादविवाद |

| | | | | |
|---|---|---|---|---|
| | | | | ग) एकाङ्की |
| ६ | कविता | लयबद्ध<br>क) छन्दलय<br>ख) लोकलय | लयबद्ध<br>क) छन्दलय<br>ख) लोकलय<br>ग) गीतिलय | लयबद्ध<br>क) छन्दलय<br>ख) लोकलय<br>ग) गीतिलय<br>घ) मुक्तलय |
| ७. | व्याकरण<br>अ) पदसङ्गति | क) लिङ्ग<br>ख) पुरूष<br>ग) वचन<br>घ) आदर | क) लिङ्ग<br>ख) पुरूष<br>ग) वचन<br>घ) आदर | क) लिङ्ग<br>ख) पुरूष<br>ग) वचन<br>घ) आदर |
| | आ) काल | क) वर्तमान<br>ख) भूत<br>ग) भविष्यत् | क) वर्तमान<br>ख) भूत<br>ग) भविष्यत् | क) वर्तमान<br>ख) भूत<br>ग) भविष्यत् |
| | इ) पक्ष | क) अपूर्ण<br>ख) पूर्ण | क) अपूर्ण<br>ख) पूर्ण<br>ग) अज्ञात | क) अपूर्ण<br>ख) पूर्ण<br>ग) अज्ञात<br>घ) अभ्यस्त |
| | ई) अर्थ वा भाव | क) सामान्यर्थ<br>ख) आज्ञार्थ<br>ग) सम्भावनार्थ | क) सामान्यर्थ<br>ख) आज्ञार्थ<br>ग) सम्भावनार्थ | क) सामान्यर्थ<br>ख) आज्ञार्थ<br>ग) सम्भावनार्थ<br>घ) इच्छार्थ |
| | उ) वाक्य | लिङ्ग, वचन, पुरूष र | लिङ्ग, वचन, पुरूष र | लिङ्ग, वचन, पुरूष र |

| | परिवर्तन | अकरणका आधारमा | अकरणका आधारमा | अकरणका आधारमा |
|---|---|---|---|---|
| | ऊ) वाच्य परिवर्तन | | क) कर्तृवाच्य<br>ख) कर्मवाच्य | क) कर्तृवाच्य<br>ख) कर्मवाच्य<br>ग) भाववाच्य |
| | ए) शब्दवर्ग | क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) क्रियापद | क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) क्रियापद<br>ङ) क्रियायोगी<br>च) नामयोगी<br>छ) निपात | क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) क्रियापद<br>ङ) क्रियायोगी<br>च) नामयोगी<br>छ) निपात<br>ज) विस्मयादिबोधक |
| | ऐ) कारक र विभक्ति | क) विभक्ति (ले, लाई, द्वारा, को, का, की, रो, रा, री, नो, ना, नी, देखि, बाट, मा) को प्रयोग | क) कारक (कर्ता र कर्म)<br>ख) विभक्ति (ले, लाई, द्वारा, को, का, की, रो, रा, री, नो, ना, नी, देखि, बाट, मा) को प्रयोग | क) कारक (कर्ता र कर्म)<br>ख) विभक्ति (ले, लाई, द्वारा, को, का, की, रो, रा, री, नो, ना, नी, देखि, बाट, मा) को प्रयोग<br>ग) विभक्ति नियम ( सरल-तिर्यक) को प्रयोग |
| | ओ) लेख्य चिन्ह | क) पूर्णविराम<br>ख) प्रश्नचिन्ह<br>ग) अल्पविराम | क) पूर्णविराम<br>ख) प्रश्नचिन्ह<br>ग) अल्पविराम | क) पूर्णविराम<br>ख) प्रश्नचिन्ह<br>ग) अल्पविराम |

| | | | | |
|---|---|---|---|---|
| | | घ) उद्गार चिन्ह | घ) उद्गार चिन्ह<br>ङ) योजकचिन्ह<br>च) कोष्ठकचिह्न | घ) उद्गार चिन्ह<br>ङ) योजकचिह्न<br>च) कोष्ठकचिह्न<br>छ) उद्धरणचिह्न<br>ज) निर्देशचिह्न |
| | औ) वर्ण-विन्यास | पाठमा प्रयुक्त शब्दहरूका वर्णविन्यासको उपयुक्त प्रयोग<br>क) ह्रस्वदीर्घ (इ,ई,उ,ऊ)<br>ख) य/ए<br>ग) ब/व<br>घ) श/ष/स<br>ङ) ग्यँ/ज्ञ<br>च) ञ/ण/न<br>छ) पदयोग-पदवियोग | पाठमा प्रयुक्त शब्दहरूका वर्णविन्यासको उपयुक्त प्रयोग<br>क) ह्रस्वदीर्घ (इ,ई,उ,ऊ)<br>ख) य/ए<br>ग) ब/व<br>घ) श/ष/स<br>ङ) ग्यँ/ज्ञ<br>च) रि/ऋ<br>छ) छ/क्ष<br>ज) ञ/ण/न<br>झ) पदयोग-पदवियोग | पाठमा प्रयुक्त शब्दहरूका वर्णविन्यासको उपयुक्त प्रयोग<br>क) ह्रस्वदीर्घ (इ,ई,उ,ऊ)<br>ख) य/ए<br>ग) ब/व<br>घ) श/ष/स<br>ङ) ग्यँ/ज्ञ<br>च) रि/ऋ<br>छ) छ/क्ष<br>ज) ञ/ण/न<br>झ) शिरबिन्दु/चन्द्रबिन्दु<br>ञ) बिसर्ग<br>ट) पदयोग-पदवियोग |
| ८. | शब्दभण्डार र उखान-टुक्का (पाठमा प्रयुक्त शब्दहरूका साथै उखान- | क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) श्रुतिसमभिन्नार्थी | क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) श्रुतिसमभिन्नार्थी | क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) श्रुतिसमभिन्नार्थी |

| | | | | |
|---|---|---|---|---|
| | टुक्कासमेत ) | घ) पारिभाषिक/प्राविधिक<br>ङ) अनुकरणात्मक | घ) अनेकार्थी<br>ङ)पारिभाषिक/प्राविधिक<br>च) अनुकरणात्मक<br>छ) उखानटुक्का | घ) अनेकार्थी<br>ङ)पारिभाषिक/प्राविधिक<br>च) अनुकरणात्मक<br>छ) उखानटुक्का |

## ३.६ विधाका पाठहरूको वितरण

सामान्यतया निम्नलिखित विधामा कक्षागतरूपमा निम्नानुसार पाठहरूको वितरण गर्नु उपयुक्त हुनेछ भनी निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यक्तममा व्यवस्था गरिएको छ :

**तालिका नं. २**

| क.सं. | विधा | पाठसंख्या | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १. | कथा | ५-६ | ५-६ | ५-६ |
| २. | कविता | ४ | ४ | ४ |
| ३. | प्रबन्ध/निबन्ध | ५-६ | ५-६ | ५-६ |
| ४. | रूपक | २ | २ | २-३ |
| ५. | जीवनी | ३-४ | ४ | ४-५ |
| ६. | चिठी | २ | २ | २ |
| जम्मा | | २१-२४ | २२-२४ | २३-२७ |

**(स्रोत : पा. वि. केन्द्र (दोस्रो संस्करण २०६४) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम)**

समग्रमा विभिन्न विधाका पाठहरू समावेश गर्दा विषयक्षेत्र र अभिव्यक्तिगत विविधताका बीच सन्तुलन, भाषाको समसामयिक प्रयोग, स्तरअनुरूपता, रूचीपूर्णता आदिलाई ध्यान दिइने छ ।

# अध्याय - चार

# कक्षा -छको 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' नेपाली भाषा पाठ्यपुस्तकका रूपक विधाका पाठ्यसामाग्रीहरूको तुलनात्मक अध्ययन :

## ४.१. **परिचय**

यो अध्याय शोधपत्रसँग सम्बन्धित अध्याय हो । यस अध्यायमा भाषा पाठ्यक्रमका उद्देश्यका आधारमा रूपक विधाको अध्ययन, पाठको आयाम र विषयवस्तु प्रयोगको अध्ययन र भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) का आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । यस शोधपत्रमा कक्षा-६ का 'हाम्रो नेपाली किताव' र 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपक विधाका पाठहरू मात्र पर्दछन् । यी दुई नेपाली भाषा पाठ्यपुस्तक भित्र निम्न पाठहरू रूपक विधासँग सम्बन्धित पाठहरू ह'न् : -

१. आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ ।

२. सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ ।

३. गङ्गारामको न्याय ।

४. गाउँले जीवनभन्दा सहरिया जीवन बेस ।

५. उत्तम हाम्रो भाइ हो !

६. धनभन्दा विधा ठूलो ।

### ४.२ दुबै पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको पाठगत अध्ययन :

रूपक विधा अध्ययनको मुख्य उद्देश्य मौखिक अभिव्यक्ति क्षमता बढाउनु हो । निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा रूपक विधाको शिक्षण गर्दा परिस्थिति, पात्र तथा भावानुकूल वाचन अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनुपर्दछ भनिएको छ । यसैअनुरूप रूपक विधाका पाठहरूको विस्तृत अध्ययन आगामी शीर्षकहरूमा गरिएको छ ।

### ४.२.१. "आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ " संवादको अध्ययन :

यो पाठ सामुदायिक विद्यालय कक्षा-६ को "हाम्रो नेपाली किताब" विषयभित्र समाविष्ट रूपक विधा अन्तर्गतको संवाद पाठ हो । यस पाठले आफू स्वावलम्भी बनेर बाँच्नुपर्छ भन्ने शिक्षा दिएको छ । अब "आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ"पाठको संरचक तत्त्वका आधारमा निम्नानुसार व्याख्या गरिन्छ ।

#### ४.२.१.१. शीर्षक :

शीर्षक पाठको गोरेटो हो जसबाट पाठका कुना-कुनामा पुग्न सकिन्छ । यस पाठको शीर्षक "आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ" पाठको उद्देश्यका आधारमा सार्थक छ । यस पाठमा अलका, आस्था, र सुरज रेडियो, टेलिभिजन आदिद्धारा प्रसारित समाचारको बारेमा गफ गर्दैछन् । उनीहरूको गफ पुस्तौं-पुस्तादेखि पुरूषको पारधीनतामा बाँचेका महिलाहरूले शिक्षित र स्वतन्त्र भएर बाँच्न सक्नुपर्छ भन्ने कुरामा सहमत हुँदै टुङ्गिएको छ ।

आस्था - ...हामी महिलाहरू शिक्षक भएर समाजसेवा र विकास निमार्णमा अग्रसर भए पुरूषहरूको घरव्यवहार कसरी चल्छ ? पुरूषहरूको पौरख नखाइदिए , हाम्रा बुबाहरूले टन्न जोडेको सम्पत्ति हामी छोराछोरीले नउडाइदिए, उहाँहरूको चित्त कत्तिको द'ख्ला नि भन् त ?

अलका- ... अर्काले जोडेको सम्पत्ति उडाउन त मज्जा हुन्छ तर आफैं जोड्ने कोसिस गर त , कति गाहरो हुन्छ । फेरी महिलाहरूको सम्पत्ति भनेको नै के हुन्छ ? पुस्तौंपुस्तादेखि पुरूषको पराधीनतामा बाँचेका हामी महिला, हाम्रो अवस्था कति नाजुक छ । हामीहरू जो लेखपढ गर्छौं, हाम्रो खास सम्पत्ति त त्यही हो । त्यसैबाट हामीले आफ्नो गुजारा गर्न सक्नुपर्छ ।

**(स्रोतः 'हाम्रो नेपाली किताब' कक्षा-६)**

उपर्युक्त संवादले पाठको शीर्षकलाई सार्थक तुल्याएको छ । मौखिक अभिव्यक्ति क्षमता विकासका निम्ति चयन गरिएको यस पाठको शीर्षक पाठ्यकमको उद्देश्यअनुरूप सार्थक रहेको छ ।

## ४.२.१.२ पाठ्यवस्तु

यस पाठको पाठ्यवस्तु आधुनिक सूचना र संचारप्रति सुस"चित हुने कुरामा केन्द्रित छ । यस पाठमा कुनै विद्यालयमा अध्ययनरत ३ जना विद्यार्थीहरूबीच रेडियो र टेलिभिजनबाट प्रसारित समाचारका विषयमा कुराकानी भइरहेको छ । समाचारमा सरकारले नारी शिक्षालाई विशेष महत्त्व दिंदै प्रत्येक विद्यालयमा महिला शिक्षक राख्नै पर्ने नियम पनि लागु गर्ने भएको छ भन्ने कुरा यस पाठकी केन्द्रीय पात्र अलकाबाट व्यक्त भएको छ । सूचना र सञ्चार,

आर्थिक एवं सामाजिक पक्ष यस पाठका विषयवस्तुहरू हुन् । यस पाठको पाठ्यवस्तु विद्यार्थीहरूकै अनुभवको सेरोफेरोमा समेटिएको छ ।

### ४.२.१.३. पात्र :

यस संवाद पाठका प्रमुख पात्रहरू अलका र आस्था हुन् भने सुरज सहायक पात्रको रूपमा रहेको छ । पाठको मुख्य भूमिका निवार्ह गर्ने अलका र आस्थाको सङ्क्षिप्त चरित्र चित्रण निम्नप्रकार छ :

**१. अलका :** अलका यस पाठकी केन्द्रीय पात्र हो । ऊ जिज्ञासु छात्रा हो । ऊ रेडियो टेलिभिजन जस्ता सञ्चारका साधनहरूबाट प्रसारित समाचारहरू सुन्न मनपराउँछे । ऊ आधुनिक विचारधारा बोकेकी छात्रा हो । नारीहरू घरभित्रमात्र सीमित हुनुहुँदैन भन्ने उसको मान्यता छ । संवादका क्रममा उसकै मुखबाट हामीहरू जो लेखपढ गर्छौं, हाम्रो खास सम्पत्ति त त्यही हो । त्यसैबाट हामीले आफ्नो गुजारा गर्न सक्नुपर्छ, आफ्ना खुट्टामा उभिन सिक्नुपर्छ भनिएको छ । उक्त संवादबाट नै पाठको सार्थकता झल्किएको देखिन्छ ।

**२. आस्था :** यस संवादकी अर्की पात्र आस्था हो । ऊ सुरूमा आधुनिक सूचना र सञ्चारप्रति खासै चासो नदिने छात्राको रूपमा देखिएकी छे । ऊ नारी शिक्षा, हक र अधिकारप्रति सचेत छैन । ऊ नारीहरूले घरभित्रको काम गरेर पुरूषलाई सहयोग गर्नुपर्छ भन्ने विचारधाराकी छे । ऊ पुरूषहरूले कमाएका सम्पत्ति खर्च गर्ने साधनको रूपमा महिलाहरूलाई हेर्दछे ।

आस्था यस संवादकी गतिशील पात्र हो । अलकाको संवादबाट यसको विचारमा परिवर्तन आएको छ । अन्त्यमा नारी शिक्षा, महिला हक र अधिकार एवम् देशविकासमा महिलाहरूको सहभागिताका विषयमा सहमत भएकी छे ।

### ४.२.१.४. **परिवेश :**

यस संवादको स्थलगत परिवेश कालिन्चोक माध्यमिक विद्यालय, चरिकोटलाई उल्लेख गरिएको छ । उक्त विद्यालयमा अध्ययनरत तीनजना विद्यार्थीहरूको माध्यमबाट संवाद अगाडि बढेको छ । टिफिनको समय भएकाले विद्यार्थीहरू कोही खाजा खाइरहेका छन् भने कोही खेलीरहेका देखिन्छन् त कोही गफमा व्यस्त देखिन्छन् । विद्यालय वरिपरिको वातावरण रमाइलो देखिन्छ ।

### ४.२.१.५. **भाषाशैली**

यस पाठमा प्रयोग गरिएको भाषा विद्यार्थीको स्तर अनुरूपकै छ । संवादका क्रममा कथ्य र लेख्य दुबै प्रकारका शब्दहरूको प्रयोग गरिएको छ । 'तबैतारे' , 'भनिठानेकी', 'औताउनुहन्न' जस्ता कथ्य भाषाका साथै 'समाचार', 'समाजसेवा', 'विकासनिर्माण', 'पराधीनता', 'दृढविश्वास' जस्ता स्तरीय लेख्य भाषाको प्रयोग पनि संवादका क्रममा भएको छ । संवादको शैली कक्षा ६ का विद्यार्थीको स्तर, स्वभाव र रूचि अनुसारकै देखिन्छ ।

### ४.२.१.६. **संवाद/द्वन्द्व**

संवाद रूपक विधाको मुटु हो । यस पाठमा अलका र आस्थाका बीचमा संवाद भएको छ । संवादमा द्वन्द्व रहन आवश्यक छ । यस पाठमा आन्तरिक र बाह्रय दुई प्रकारका द्वन्द्व देखिन्छन् । अलका र आस्थाको संवादका क्रममा बाह्रय द्वन्द्व चलेको छ भने अलकाको अन्तरमनमा चलेको द्वन्द्व आन्तरिक द्वन्द्व हो ।

### ४.२.१.७ उद्देश्य

यस पाठको उद्देश्य भाषिक सीपका अतिरिक्त बालबालिकाहरूलाई रेडियो र टेलिभिजनबाट प्रसारित समाचारहरू सुन्न प्रेरित गर्नु, नारी शिक्षाको बारेमा चेतना दिनु, महिलाहरूलाई स्वावलम्बी बन्न प्रेरित गर्नु, ज्ञान विज्ञानका विभिन्न कुराहरूमा ध्यान दिएर सधैं सुसूचित हुन विद्यार्थीहरूलाई प्रेरित गर्नु रहेको छ ।

### ४.२.२. **'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' बादविवादको अध्ययन**

यो पाठ वादविवाद हो । यो पाठ 'हाम्रो नेपाली किताब' कक्षा-६ मा समाविष्ट छ । यस पाठले गाउँले जीवन र सहरिया जीवन बीच तुलनात्मक नापजोख गरी गाउँले जीवनलाई उत्तम भन्ने अर्थ शीर्षक रखाइले दिएको छ ।

### ४.२.२.१ विषयवस्तु :

यस पाठको विषयवस्तु सहरिया जीवन र गाउँले जीवनबीचको तर्कपूर्ण प्रस्तुतीकरण रहेको छ । वादविवादमा आफ्ना विषयको समर्थन वा पुष्टि गरिन्छ भने विपक्षबाट भनिएका तर्क र प्रस्तुतिको खण्डन वा असहमति राखिन्छ । यस पाठमा पक्षका तर्फबाट सीमा भट्टचन र मणिराम ढुङ्गाना वक्ता छन् भने विपक्षको तर्फबाट श्याम रञ्जित एक पात्र मात्र वक्ताका

रूपमा रहेका छन् । जीवनयापनका निम्ति गाउँले जीवन र सहरिया जीवन दुबै आ-आफ्नो दृष्टिकोणमा महत्त्वपूर्ण मानिन्छन् । त्यसैले वादविवादको धर्म पाठको विषयवस्तु वा शीर्षक रखाइले निभाएको छ ।

४.२.२.२ **वक्ता :**

विषयवस्तुको भूमिका निर्वाह गर्ने चरित्र नै त्यस पाठसँग सम्बन्धित पात्र, चरित्र वा वक्ता हुन् । संवाद विधामा भूमिका निर्वाह गर्न आउने पात्र भए झै वादविवादमा भागलिने चरित्रलाई वक्ता भनिन्छ । यस वादविवादमा भागलिने वक्ता र तिनीहरूका वारेमा निम्नानुसार चिनारी गराइएको छ :

**१. सीमा भट्टचन** : ऊ यस वादविवादकी पहिलो वक्ता हो । उसले विषयको पक्षबाट आफ्ना गहकिला तर्क प्रस्तुत गरेकी छे । ऊ भन्छे "शान्त, सफा र निश्छल अनि कर्मशील र स्वावलम्बी गाउँले जीवनलाई हामी गाउँले जीवन भन्न सक्दछौं" । सबैको हित हुने कुरामा लागि पर्दै आनन्दित मनले बाँच्नु नै वास्तविक सुख हो र यस्तो सुख गाउँले जीवनमा मात्र पाइन्छ भन्नु उसको निचोड पनि हो ।

**२. श्याम रञ्जित :** यस वादविवादको दोस्रो वक्ता श्याम रञ्जित हो । उसले विषयको विपक्षमा आफ गहकिला तर्कहरू अघि सारेको छ । उसको तर्कले सहरिया जीवनलाई सुखी जीवन हो भन्ने कुरालाई जोड दिएको छ । ऊ भन्छ "सम्पूर्ण भौतिक सुविधासम्पन्न र चेतनाले भरिपूर्ण सहरको जीवनलाई सहरिया जीवन भनिएको हो र त्यहाँको जीवन नै सुखी हुन्छ" । ऊ आफ्ना विषयमा बलिया र गहकिला तर्क तार्किक ढङ्गले राख्न सफल देखिएको छ ।

**३. मणिराम ढुङ्गाना :** ऊ यस वादविदवाद प्रतियोगिताको विषयको पक्षबाट बोल्ने वक्ता साथै यस कार्यक्रमकै अन्तिम वक्ता पनि हो । उसले गाउँले जीवनलाई सुखी जीवन ठान्दै आफ्ना तर्कहरू अघि सारेको छ । भौतिक रूपले सम्पन्न हुने वित्तिकै मानिस सुखी हुन्छ भनेर भन्न सकिदैन । वास्तवमा भित्रदेखि नै सुख र सन्तोषको अनुभव गर्न नसक्ने मासिनलाई सुखी मान्न सकिदैन । यस्तो सुख गाउँले जीवनमा मात्र प्राप्त हुन सक्छ भन्दै उनले आफ्ना बलिया तर्क अघि सारेको छ ।

### ४.२.२.३ तार्किकता :

वादविवादमा तार्किक प्रस्तुति अनिवार्य मानिन्छ । पक्ष-विपक्षमा तर्कपूर्ण भनाइ, खण्डन एवम् मण्डन वादविवादका अपरिहार्य तत्त्व हुन् । तार्किक प्रस्तुतिका लागि यो पाठ उपयुक्त रहेको छ । तर विषयको विपक्षबाट बोल्ने एकजना वक्ताको कमी भएको प्रतीत हुन्छ । त्यस्तै गरी वाक्य गठनगत आधारमा यस पाठमा प्रयोग भएका वाक्यहरू केही लामा भएकाले विद्यार्थीको स्तर अनुरूप हुन नसके जस्तो देखिन्छ ।

### ४.२.२.४. संरचना

संरचनाले त्यस विधाको बनावटलाई जनाउँछ । अन्य विधामा जस्तै वादविवाद पनि आदि, मध्य र अन्त्यको ढाँचामा संरचना निर्माण भएको हुनु पर्दछ । यस 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ' भन्ने पाठको आदि, मध्य र अन्त्यको संरचनागत ढाँचा निम्नान'सार देखाउन सकिन्छ :

| आदि | मध्य | अन्त्य |
| --- | --- | --- |
| १. कार्यक्रम सुरू हुनुपूर्वको सम्पूर्ण व्यवस्थापन ,<br><br>२. सभा सञ्चालनमा गरिएको तयारी,<br><br>३. भागलिने वक्ता, सुन्ने र हेर्ने दर्शक आदिको जमघट | १. भागलिने वक्ताका तर्कपूर्ण भनाइ राखिएको अवस्था<br><br>२. खण्डन-मण्डन<br><br>३. सहभागि सबै वक्ताहरूको प्रस्तुतीकरण | १. निर्णायक मण्डलको निर्णय<br><br>२. पुरस्कार वितरण<br><br>३. सभापतिको सभा बिसर्जन |

४.२.२.५. **परिवेश :**

यस पाठको परिवेश विद्यालय रहेको छ । विद्यालयमा अतिरिक्त क्रियाकलाप अर्न्तगत वादविवाद प्रतियोगिता सञ्चालन गरिएको छ । विद्यालयका सबै शिक्षकहरू मञ्चमा, प्रतियोगी विद्यार्थीहरू मञ्चको छेउमा र बाँकी सबै विद्यार्थीहरू विद्यालयको चौरमा बसेकाले कार्यक्रम स्थल रमाइलो देखिन्छ । समयगत परिवेश लगभग एक घण्टाको सेरोफेरोलाई लिन सकिन्छ ।

४.२.२.६. **विचार /उद्देश्य :**

वादविवाद प्रतियोगिताको माध्यमबाट भाषिक सीपको विकास गर्नु यस पाठको पहिलो उद्देश्य हो । त्यसका अतिरिक्त गाउँले जीवन र सहरिया जीवन दुबै सुखी जीवन हुन् ।

यिनीहरूप्रतिको हाम्रो दृष्टिकोण मात्र फरक हो भन्ने कुरा देखाउँदै दुबै प्रकारको जीवनशैलीलाई सम्मान गर्ने नागरिक उत्पादन गर्नु यस पाठको अर्को उद्देश्य हो ।

### ४.२.३. 'गङ्गारामको न्याय' संवादको अध्ययन :

यो पाठ संवाद हो । संस्थागत विद्यालयको पाठ्यांशमा राखिएको 'नयाँ नेपाली शृङ्खला' कक्षा-६ भित्र यो पाठ समेटिएको छ । यस संवाद पाठका लेखक अशेष मल्ल हुन् । यस पाठमा चारजना सहभागी पात्रहरू छन् । यस पाठले फट्याइँ गर्नुहुँदैन र छिमेकीहरू खुला हृदयले मिलेर बस्नुपर्छ भन्ने कुरा देखाएको छ । त्यसैगरी न्याय गर्नेले सबैको चित्त बुझ्दो न्याय गर्नुपर्छ भन्ने कुरा पनि यस एकाङ्कीले झल्काएको छ ।

### ४.२.३.१. शीर्षक :

यस पाठमा सामाजिक विषयलाई अघि सारिएको छ । एउटा गाउँमा बस्ने हर्के र बिर्खेबीच पानीखाने कुवाका विषयमा विवाद भएको छ । हर्केले बिर्खेलाई कुवा बेचेको छ । तर कुवामात्र बेचेको क'रा कागजमा उल्लेख भएकाले पानी बिर्खेको भन्ने क'नै कानुनी आधार छैन भन्दै ऊ पानीमा आफ्नो हक लाग्ने कुरा गर्छ । तर बिर्खे आफूले कुवा किनेकाले कुवाको पानी हर्केलाई खान नदिने कुरा गर्छ । अन्त्यमा दुबैजना गाउँका न्यायधिस गङ्गाराम कहाँ निसाफ माग्न पुग्छन् । गङ्गारामले दुबैको चित्त बुझाउँदै कुवा बिर्खेकै हुन्छ भन्दै उचित न्याय दिन्छन् । यसकारण यस पाठको शीर्षक 'गङ्गारामको न्याय' सार्थक छ ।

### ४.२.३.२. विषयवस्तु

यस पाठमा सामाजिक र कानुनी कुराहरू विषयवस्तु बनेर आएका छन् । समाजमा छिमेकी छिमेकी बीचको झैझगडा, कुवा, पानी आदिका बारेमा आपसमा भनाभन हुनु आदि कुराहरू सामाजिक पक्ष हुन् । समाजमा मानिसहरू बीच कहिले मेलमिलाप त कहिले झैझगडा हुनु सामान्य कुराहरू हुन् । तर न्याय अन्याय छुट्ट्याउनेले उचित न्याय दिनुपर्छ भन्ने खालको कानुनी पक्ष पनि यस पाठको विषयवस्तु रहेको छ ।

### ४.२.३.३. पात्र/चरित्र

यो पाठलाई पाठ्यपुस्तकमा संवाद पाठ अन्तर्गत राखे पनि वास्तवमा यो पाठ अशेष मल्लद्वारा लेखिएको सडक एकाङ्की नाटक हो । यसमा सुत्रधार सहित चारजना पात्रहरू छन् । तिनीहरूमध्ये मूख्य भूमिका निर्वाह गर्ने हर्के, बिर्खे र गङ्गारामको सङ्क्षिप्त चिनारी निम्नानुसार छ :

**१. हर्के :-** हर्के यस पाठको मुख्य पात्र हो । ऊ सुरूदेखि अन्त्यसम्म नै सहभागी छ । ऊ बिर्खेसँग निहुँ खोज्ने काम गर्छ । ऊ आफूले बिर्खेलाई कुवा बेचिसकेर पनि कागजमा पानी बचेको कुरा उल्लेख नएकोले कुवा भित्रको पानी आफ्नै हुने कुरा गर्छ । हर्के गतिशील पात्र हो । संवादको अन्त्यमा उसको स्वभावमा परिवर्तन आएको छ ।

**२. बिर्खे :** - बिर्खे यस संवाद पाठको अर्को प्रमुख पात्र हो । ऊ सत् चरित्रको पात्र हो । ऊ स्थिर स्वभावको छ । ऊ आफूले हर्केसँग पानी सहितको कुवा किनेको दाबी गर्छ । ऊ मञ्चीय पात्र हो । समाजमा मिलेर बस्नुपर्छ भन्ने कुरामा ऊ सहमत छ ।

**३. गङ्गाराम** :- यस पाठमा गङ्गारामको महत्त्वपूर्ण भूमिका रहेको छ । ऊ यस पाठको मञ्चीय पात्र हो । उसले हर्के र बिर्खेबीच पानीखाने कुवाका बीच परेको विवादलाई अन्त्य गरिदिएको छ । उसले हर्के र बिर्खे बीच चित्तबुभ्दो न्याय गरिदिएको छ । ऊ समाजमा झगडा, मनमुटाब हुनुहुँदैन, छिमेकीछिमेकी आपसमा मिलेर बस्नुपर्छ भन्ने सोचाइ बोकेको सत् पात्र हो ।

### ४.२.३.४. परिवेश/वातावरण

यो संवाद पाठ वास्तवमा सडक एकाङ्की नाटक भएकोले यसको परिवेश सडक हो । नाटक हेर्न ठूलाठूला मान्छेहरूदेखि लिएर स-साना नानीहरू पनि सडक वरिपरि झुम्मिएको देखिन्छ । नाटक भित्रको स्थलगत परिवेश भने कुनै गाउँ हो । त्यस गाउँभित्रका मानिसहरूमा खासै चेतना छैन । खाने पानीका निम्ति पनि झगडा गर्नु यसको उदाहरण हो । त्यसैगरी स्थानीय गाउँले ठूलाबडाबाट नै न्याय अन्याय छुट्टयाउने काम भएकाले यस संवादमा पूरानो गाउँले परिवेश देख्न सकिन्छ ।

### ४.२.३.५. भाषाशैली

यस पाठमा प्रयोग गरिएको भाषाशैली कक्षा-छका विद्यार्थीहरूको स्तर अनुरूपकै छ । संवादका कममा प्रयोग गरिएको भाषा कथ्य भाषा भएकोले जीवन्त बनेको देखिन्छ । संवादका कममा प्रयोग गरिएको शैली पात्र अनुरूप उपयुक्त देखिन्छ ।

### ४.२.३.६ संवाद/द्वन्द्व

यस पाठमा सुत्रधार एवम् दर्शकको बीच बाह्रय संवाद भएको छ । त्यसैगरी पाठभित्र आन्तरिकरूपमा हर्के, बिर्खे र गङ्गारामबीच संवाद भएको छ । पाठमा पात्रहरूबीच भएको संवाद कक्षा छका विद्यार्थीहरूको स्तर अनुरूपकै देखिन्छ । त्यसैगरी संवादमा द्वन्द्व रहनु आवश्यक देखिन्छ । यस पाठमा हर्के र बिर्खेबीच द्वन्द्व देखिन्छ ।

### ४.२.३.७. उद्देश्य

यस पाठको मुख्य उद्देश्य फट्याँइ गर्नुहुँदैन र छिमेकीहरू खुला हृदयले मिलेर बस्नुपर्छ भन्ने कुरा देखाउनु हो । त्यसैगरी न्याय गर्नेले सबैको चित्त बुझ्ने न्याय गर्नुपर्छ भन्ने कुरा देखाउनु पनि यस पाठको उद्देश्य हो । त्यसैगरी भाषा पाठ्यपुस्तकमा राखिएका संवादले बालबालिकाहरूको स्तरअनुसारको कथ्य र लेख्य भाषामा जोड दिई उनीहरूको भाषिक सीप विकासमा मद्दत पुऱ्याउनु पनि यस संवादको उद्देश्य हो ।

## ४.२.४. 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवादको अध्ययन

यो पाठ वादविवाद हो ।  यो पाठ 'नयाँ नेपाली शृङ्खला' कक्षा छमा समाविष्ट छ । यस पाठले गाउँले जीवन र सहरिया जीवन बीचको तुलनात्मक नापजोख गरी सहरिया जीवन बेस भन्ने अर्थ शीर्षकको रखाइले अर्थ्याएको आभास दिएको छ ।

### ४.२.४.१. विषयवस्तु एवम् शीर्षक

यस पाठको विषयवस्तु गाउँले जीवन र सहरिया जीवन बीचको तर्कपूर्ण प्रस्तुतीकरण रहेको छ । वादविवादमा आफ्ना विषयको समर्थन, मण्डन वा पुष्टि गरिन्छ भने विपक्षबाट

भनिएका तर्क र प्रस्तुतिको खण्डन वा असहमति राखिन्छ । यस पाठमा पक्षका तर्फबाट रामप्रसाद राई र नानीमैयाँ महर्जन वक्ता छन् भने विपक्षका तर्फबाट पार्वती अग्रवाल र सुनिल परियार रहेका छन् । गाउँले जीवन र सहरिया जीवन दुबै आ-आफ्नो ठाउँमा महत्त्वपूर्ण छन् । त्यसैले वादविवादको शीर्षक उपयुक्त छ ।

### ४.२.४.२. **वक्ता**

विषयवस्तुलाई अघि बढाइ पाठलाई सजिवता दिने काम वक्ताबाट हुने गर्दछ । यस वादविवादमा भागलिने वक्ता र तिनीहरूका बारेमा निम्नानुसार चिनारी गराइएको छ :

**१. रामप्रसाद राई** : ऊ यस वादविवादको पहिलो वक्ता हो । उसले विषयको पक्षका तर्फबाट आफ्ना गहकिला तर्कहरू प्रस्तुत गरेको छ । सहरिया जीवन सभ्यताको चिह्न हो, गाउँबाट मानिसहरू विकसित हुँदै सहरतिर आउँछन् । बाटोघाटो, विद्यालय, विश्वविद्यालय, ठूलो बजार, देशदेशावरको खबर ,आरामदायक भवनहरू, आवतजावतका लागि बस, कार आदिले सहरिया जीवनलाई आरामदायक बनाएको छ भन्दै उसले सहरिया जीवनका पक्षम आफ्ना तर्कहरू प्रस्तुत गरेको छ ।

**२. पार्वती अग्रवाल** : उ यस वादविवादको विषयको विपक्षबाट बोल्ने पहिलो वक्ता हो । उसले गाउँले जीवनको पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गरेकी छे । प्राकृतिक सौन्दर्य, खुला पवित्र, वातावरण, शुद्ध आहारविहार, भरपर्दो व्यवहार, आपसी मेलमिलाप गाउँले जीवनमै पाइन्छ । सादा जीवन , परिश्रम गर्ने बानी, निश्छल व्यवहार गाउँले जीवनमै पाइने भएकोले गाउँले जीवन नै सुखी जीवन हो भन्दै यसले आफ्ना गहकिला तर्कहरू प्रस्तुत गरेकी छे ।

**३. नानीमैयाँ महर्जन** : ऊ यस वादविवाद प्रतियोगिताकी तेस्रो वक्ता एवम् विषयको पक्षबाट बोल्ने दोस्रो वक्ता हो । विकासको प्रतिक नै सहर, सभ्यताको प्रतिक नै सहर, विज्ञानको यत्रो उन्नति सबै सहरिया जीवन कै उपलब्धि भएकाले सहरिया जीवन नै सुखी जीवन हो भन्दै उसले आफ्ना तर्कहरू प्रस्तुत गरेकी छे ।

**४. सुनील अग्रवाल** : ऊ यस वादविवाद प्रतियोगिताको विपक्षबाट बोल्ने अन्तिम वक्ता हो । उसले गाउँले जीवन नै सुखी जीवन हो भन्दै आफ्ना तर्कहरू प्रस्तुत गरेको छ । उसले सहरिया वातावरणले मान्छेलाई घोर विलासी, उत्ताउलो र ज्यादै अवसरवादी बनाइदिएकाले शुद्ध सामाजिक भावनाको विकास र वास्तविक मान्छेको हृदय पाउनका लागि गाउँले जीवन नै उपयुक्त हुन्छ भन्ने तर्कहरू व्यक्त गरेको छ ।

### ४.२.४.३. तार्किकता :

तार्किकता वादविवादको अनिवार्य तत्त्व हो । तार्किकताले नै वादविवादलाई रूपक विधा भित्रका अन्य विधाहरूबाट भिन्न तुल्याएको छ । तार्किक प्रस्तुतिका लागि यो पाठ उपयुक्त रहेको छ । तार्किक प्रस्तुतिका निम्ति प्रस्तुत गरिएका तर्कहरू कक्षा छका विद्यार्थीहरूको स्तर अनुरूपकै देखिन्छ । तर वक्ताहरूका समग्र भनाइहरू भने विद्यार्थीहरूको क्षमताभन्दा बढी भएकोजस्तो देखिन्छ ।

### ४.२.४.४ संरचना :

साहित्यका प्रायः सबै विधाहरू आदि, मध्य र अन्त्यको संरचनामा निमार्ण भएका हुन्छन् । यसैअनुरूप यस वादविवादको संरचना पनि आदि, मध्य, र अन्त्यमा निर्माण भएको छ । यस पाठको आदि, मध्य र अन्त्यको संरचनागत ढाँचा निम्नानुसार देखाउन सकिन्छ :

| आदि | मध्य | अन्त्य |
|---|---|---|
| १. कार्यक्रम सुरू हुनुपूर्वको सम्पूर्ण व्यवस्थापन ,<br>२. सभा सञ्चालनमा गरिएको तयारी,<br>३. भागलिने वक्ता, सुन्ने र हेर्ने दर्शक आदिको जमघट | १. भागलिने वक्ताका तर्कपूर्ण भनाइ राखिएको अवस्था<br>२. खण्डन-मण्डन<br>३. समभागि सबै वक्ताहरूको प्रस्तुतीकरण | १. निर्णायक मण्डलको निर्णय<br>२. पुरस्कार वितरण<br>३. सभापतिको सभा बिसर्जन |

**४.२.४.५. परिवेश** :

यो पाठमा कुनै विद्यालयको कक्षाकोठामा वादविवाद प्रतियोगिता भइरहेको छ । त्यसैले विद्यालयको कक्षाकोठा नै यस पाठको परिवेश हो । यस पाठमा विद्यालयका प्र.अ. सभापति, निर्णायक गुरूहरू र प्रतियोगी एवम् दर्शक कक्षा छका सम्पूर्ण विद्यार्थीहरूले भरिभराउ भएको कक्षाकोठा परिवेशको रूपमा देखाइएको छ । यस पाठको समय लगभग एक घण्टाको सेरोफेरो रहेको छ ।

### ४.२.४.६. विचार/उद्देश्य :

यस पाठको मुख्य उद्देश्य भाषिक सीपहरूको विकास गर्नु हो । त्यसको अतिरिक्त कक्षा छमा 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' भन्ने शीर्षक राखिनुको उद्देश्य सानै तहदेखि बालबालिकाहरूलाई सहरिया जीवनतर्फ उन्मुख हुन प्रेरित गर्नु रहेको देखिन्छ । सभ्यताको प्रतिक, विकासको उपज एवम् सुविधासम्पन्न जीवन सहरिया जीवन नै भएकोले त्यसतर्फ विद्यार्थीहरूलाई आकर्षित गर्नु पनि यस पाठको शीर्षक अनुसारको उद्देश्य देखिन्छ । यसका साथै गाउँले जीवन र सहरिया जीवन दुबैका राम्रा पक्षहरूको आत्मसाथ गर्दै सुखी जीवन बिताउन प्रेरित गर्नु पनि यस पाठको अर्को उद्देश्य हो ।

### ४.२.५. उत्तम हाम्रो भाइ हो ! संवादको अध्ययन

संस्थागत विद्यालयको पाठ्यांशमा राखिएको 'नयाँ नेपाली शृङ्खला' भित्र 'उत्तम हाम्रो भाइ हो! ' पाठ रूपक विधा अर्न्तगत समावेश गरिएको छ । यो पाठ विषयसूचीमा संवाद भनेर राखिएको भएतापनि रमेश विकलद्वारा लेखिएको एकाङ्की नाटक हो । यस एकाङ्कीमा तीन दृष्य छन् । यसमा चार मुख्य पात्र र अरू गौण पात्र छन् । अपाङ्गहरूले पनि पढ्ने लेख्ने अवसर पाए भने निकै ठूलो सफलता प्राप्त गर्दछन् भन्ने कुरा देखाउनु यस पाठको उद्देश्य हो ।

### ४.२.५.१. शीर्षक :

यस पाठको शीर्षक 'उत्तम हाम्रो भाइ हो' रहेको छ । शीर्षकअनुसार नै उत्तम नाम गरेका व्यक्ति प्रथमपुरूष बहुवचन बुझाउने हामीहरूको (हाम्रो) भाइ हो भन्ने बुझिन्छ । यस

एकाङ्कीमा एउटा अपाङ्ग लुले केटो (उत्तम) लाई उसकी आमाले पिठ्युँमा बोकेर पढ्न ल्याएकी छे । तर विद्यालयको प्र.अ. ले लुले र अपाङ्ग देखेर भर्नाको समय सकियो, सीट पनि खाली छैन भन्दै उत्तमको भर्ना गरिदिन आनाकानी गरिरहेको बखत त्यसै विद्यालयका विद्यार्थीहरू माया, गीता, विक्रम आदिले उत्तमलाई पढ्न दिनुपर्छ भन्दै विद्यालयमा भर्ना गरिदिन प्र.अ.लाई आग्रह गरेका छन् । त्यसैगरी उत्तमलाई छात्राबासमा हामीसँगै सीट दिन्छौं किनकी यो हाम्रै भाइ हो ! भन्ने कुरा माया, गीता, विक्रम आदिले संवादका क्रममा व्यक्त गरेकाले पात्र अनुसार शीर्षक सार्थक रहेको छ ।

### ४.२.५.२. **विषयवस्तु :**

यस पाठको विषयवस्तु सामाजिक रहेको छ । समाजमा साङ्ग, अपाङ्ग सबै प्रकारका मानिसहरू रहेका हुन्छन् । अपाङ्गहरूलाई साङ्ग मानिसहरूले कमजोर मानिसका रूपमा हेर्दछन् । तर अपाङ्गले पनि पढ्ने लेख्ने उपयुक्त अवसर पाए भने उनीहरू पनि साङ्ग भन्दा कमजोर हुदैनन् भन्ने कुरा यस पाठको विषयवस्तुले देखाएको छ ।

### ४.२.५.३. **पात्र/चरित्र**

यस एकाङ्कीमा चारचना मुख्य पात्र र अन्य गौण पात्र छन् । यस एकाङ्कीमा मानवीयका साथै मानवेत्तर पात्र (कुकुर) को पनि प्रयोग गरिएको छ ।उत्तम, कौशल्या, घनश्याम र चञ्चला यस एकाङ्कीका मुख्य पात्रहरू हुन् भने विद्यालयका प्र.अ., पाले, केटाकेटी, माया, अमर, विक्रम, गीता, टिके (कुकुर) आदि गौण पात्रहरू हुन् । अब यस एकाङ्कीका प्रमुख पात्रहरूको निम्नानुसार चिनारी गरिएको छ :

**१. उत्तम :** उत्तम यस एकाङ्कीको प्रमुख पात्र हो । ऊ अपाङ्ग (लुले) छ । ऊ बाब' नभएको टुहुरो केटो हो । ऊ आफ्ना दाजु भाउजुबाट अपहेलित छ । ऊ मेहनती र लगनशील छात्र हो । उसले जिल्लास्तरको परीक्षामा सबैभन्दा बढी अङ्क ल्याएर त्यस विद्यालयको साथै ठाउँको मान बढाइदिएको छ ।

**२. कौशल्या** : कौशल्या यस एकाङ्कीकी अर्को प्रमुख पात्र हो । उसको छोरो उत्तम अपाङ्ग छ । ऊ आफ्ना जेठा छोरा-बुहारीबाट अपहेलित छे । ऊ आफ्नो छोरो उत्तमलाई विद्यालयमा पढ्न पठाएर सक्षम बनाउन चाहन्छे । ऊ असल स्वभाव भएकी सत् पात्र हो ।

**३. घनश्याम** : घनश्याम पनि यस पाठको अर्को प्रमुख पात्र हो । ऊ आफ्नी बुढी आमा र अपाङ्ग लुले भाइलाई बोझ सम्झिन्छ र उनीहरूसँग छुट्टिएर भिन्नै बस्न चाहन्छ । ऊ खराब स्वभाव भएको पात्र हो ।

**४. चञ्चला :** चञ्चला घनश्यामकी पत्नी, कौशल्याकी बुहारी एवम् उत्तमकी भाउजु हो । ऊ बुढी भएकी सासु र अपाङ्ग लुले देवरलाई स्याहार, पालन पोषण गर्नुपर्ने आफ्नो कर्तव्यलाई बोझको रूपमा लिन्छे । ऊ यस एकाङ्कीकी असत् पात्र हो ।

### ४.२.५.४. परिवेश/ वातावरण

यस एकाङ्कीको स्थलगत परिवेश उत्तमको घरका साथै उसले पढ्ने विद्यालयलाई लिइएको छ । रातीको समय आमा कोशल्या ओछ्यानमा बसेर भानुभक्तको रामायण पाठ गर्न लागेको देखाइएको छ । त्यसैगरी भान्सा कोठा, विद्यालयको चौर, छात्राबास, प्र.अ.को कोठा आदि ठाउँहरू यस एकाङ्कीका परिवेश हुन् ।

### ४.२.५.५. संवाद/द्वन्द्व :

यस एकाङ्कीमा पात्रअनुसारको संवाद प्रयोग उपयुक्त देखिन्छ । पाठमा प्रयोग गरिएको संवाद कक्षा छका विद्यार्थीहरूको क्षमता अनुरूप मौखिक रूपमा अभिनेयात्मक ढङ्गले पढ्न सकिने देखिन्छ । यस संवाद पाठमा कौशल्या र चञ्चला, कौशल्या र घनश्याम बीच बाह्य द्वन्द्व देखिन्छ । त्यसैगरी संवादका क्रममा कौशल्या र पाले एवम् विद्यालयका प्र.अ. सँग भएको द्वन्द्व बाह्य द्वन्द हो भने कौशल्याको अन्तरमनमा उठेको द्वन्द्व आन्तरिक द्वन्द्व हो ।

### ४.२.५.६. भाषाशैली

यस एकाङ्कीमा छोटा छोटा वाक्यहरूको प्रयोग गरिएको छ । पाठमा प्रयोग गरिएका शब्दहरू पात्रको भूमिका अनुसारकै देखिन्छ । यस पाठमा उध्दार, सरोकार, भर्ना, छात्रवास, जन्मजयन्ती , स्वर्णपदक आदि जस्ता स्तरीय शब्दहरूको प्रयोग गरिएको छ । त्यसैगरी बेइमान सतार्नी, रडाको, हाडघोटाइ, चोथाले, मर्न नसकेकाहरू, असत्ती आदि जस्ता निम्नस्तरीय गालीगलौजका शब्दहरू पनि यस पाठमा प्रयोग गरिएका छन् ।

### ४.२.५.७. उद्देश्य

यस पाठको उद्देश्य साङ्ग मानिसले अपाङ्गहरूलाई कमजोर ठानेर नराम्रो व्यवहार गर्नुहुँदैन भन्ने कुरा देखाउनु हो । अपाङ्गहरूले पनि पढ्ने, लेख्ने अवसर पाए भने निकै राम्रो सफलता प्राप्त गर्न सक्छन् भन्ने चेतना दिनु पनि पाठको उद्देश्य हो । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिएको यो पाठको उद्देश्य विद्यार्थीहरूको मौखिक सीपको विकासका साथै भाषिक सीपहरूको विकास गर्नु पनि हो ।

### ४.२.६. **'धनभन्दा विद्या ठूलो' वादविवादको अध्ययन :**

यो पाठ वादविवाद हो । कक्षा छको 'नयाँ नेपाली शृङ्खला' भित्र यो पाठ समावेश गरिएको छ । यस पाठको शीर्षकले धनभन्दा विद्या नै ठूलो हो भन्ने कुराको आभाष दिएको छ ।

#### ४.२.६.१. **विषयवस्तु एवम् शीर्षक :**

यस पाठको विषयवस्तु धन र विद्याका बीच तर्कपूर्ण प्रस्तुतीकरण रहेको छ । वादविवाद कुनै एक शीर्षकमा पक्ष र विपक्षका बीचमा आफ्ना विषयलाई मूल्यवान, महत्त्वपूर्ण र ठूलो देखाई विपक्षका विषयमा खण्डन तार्किकताका आधारमा खेलिने वाकयुद्ध हो भनी परम्पराले देखाउँदै आएको छ । यस वादविवादमा पक्षका तर्फबाट विजय सुवेदी र रमेश श्रेष्ठ वक्ता छन् भने विपक्षका तर्फबाट रामकृष्ण बस्नेत र चाँदनी महत वक्ता छन् । सहजरूपले जीवनापन गर्नका लागि धन र विद्या दुबैको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने कुरामा कसैको दुईमत पाइदैन । त्यसैले वादविवादको विषयवस्तु एवम् शीर्षक तार्किक प्रस्तुतिका लागि उपयोगी रहेको छ ।

#### ४.२.६.२. **वक्ता**

वादविवाद पाठमा प्रतियोगी छात्रछात्राहरूलाई वक्ता भनिन्छ । यस पाठमा भागलिने वक्ताहरूको निम्नानुसार चिनारी गराइएको छ :

**१. विजय सुवेदी** : विजय सुवेदी यस वादविवादको पहिलो वक्ता हो । उसले धनभन्दा विद्या ठूलो भन्ने विषयको पक्षबाट आफ्ना तर्कहरू प्रस्तुत गरेको छ । धनको तृष्णाले मानिस लोभी हुन्छ तर विद्याले मानिसलाई नम्र, अनुशासित र मर्यादित बनाउँछ । धन खर्च गर्दै जाँदा सिद्धिन्छ तर विद्या खर्च गर्दै जाँदा बढ्दै जान्छ भन्दै विद्या नै ठूलो हो भन्ने तर्क दिएको छ ।

२. **रामकृष्ण बस्नेत** : ऊ यस वादविवाद प्रतियोगिताको विपक्षबाट बोल्ने पहिलो वक्ता हो । उसको विचारमा धन नै ठूलो हो । धनी मानिसहरूलाई सबैले आदर सत्कार गर्ने, धनको माध्यमबाट नै विद्या आर्जन गर्न सकिने , खान लाउन र बस्न अनिवार्य रूपमा धन नै चाहिने भएकाले धन विद्याभन्दा कयौं गुणा ठूलो हुन्छ भन्ने कुरामा उसले जोड दिएको छ ।

३. **रमेश श्रेष्ठ** : ऊ यस वादविवादको पक्षबाट बोल्ने दोस्रो वक्ता हो । उसले विद्या नै ठूलो हो भन्ने विचार व्यक्त गरेको छ । विद्याले मूर्खलाई ज्ञानी बनाउने , जीवनको उज्योलो देखाउने साथै मानिसलाई मानिस भएर बाँच्न सिकाउने काम गर्छ । त्यसैगरी अंशबन्डा गर्नु नपर्ने, चोरले चोर्न नसक्ने साथै खर्च गर्दा झन बढ्ने अमूल्य सम्पत्ति विद्या नै भएकोले धनसँग विद्याको तुलना नै हुन सक्तैन भन्दै विद्या नै ठूलो हो भन्ने तर्क उसले प्रस्तुत गरेको छ ।

४. **चाँदनी महत** : ऊ यस वादविवादकी अन्तिम वक्ता हो । उसले विद्याभन्दा धन नै ठूलो हुन्छ भन्ने विषयमा आफ्ना विचार व्यक्त गरेकी छे । धनले मानिसलाई कुलीन, विद्वान, समाजसेवी र दानी बनाउँछ । त्यसैगरी धनले जीवन सुखमय, निरोगी र इज्जतदार बनाउँछ तर विद्याले त्यसो गर्न सक्दैन भन्दै उसले धन नै ठूलो हो भन्ने तर्क प्रस्तुत गरेकी छे ।

### ४.२.६.३. तार्किकता

यस पाठमा वक्ताहरूले प्रस्तुत गरेका तर्कहरू कक्षा छका विद्यार्थीहको क्षमता अनुरूप कै छन् । वाक्य गठनगत आधारमा यस पाठमा प्रयोग गरिएका वाक्यहरू छोटा खालका नै छन् । विपक्षीका तर्कहरूको खण्डन पनि उपयुक्त तरिकाले गरिएको छ ।

### ४.२.६.४. संरचना

यस पाठको आदि, मध्य र अन्त्यको संरचनागत ढाँचालाई निम्नानुसार देखाउन सकिन्छ

| आदि | मध्य | अन्त्य |
| --- | --- | --- |
| १. कार्यक्रम सुरू हुनुपूर्वको सम्पूर्ण व्यवस्थापन ,<br><br>२. सभा सञ्चालनमा गरिएको तयारी,<br><br>३. भागलिने वक्ता, सुन्ने र हेर्ने दर्शक आदिको जमघट | १. भागलिने वक्ताका तर्कपूर्ण भनाइ राखिएको अवस्था<br><br>२. खण्डन-मण्डन<br><br>३. समभागि सबै वक्ताहरूको प्रस्तुतीकरण | १. निर्णायक मण्डलको निर्णय<br><br>२. पुरस्कार वितरण<br><br>३. सभापतिको सभा बिसर्जन |

### ४.२.६.५. परिवेश

यस पाठको परिवेशको रूपमा विद्यालयको सभाकक्षलाई लिइएको छ । कार्यकममा सभापति विद्यालयका प्र.अ. , निर्णायक गुरूहरू, प्रतियोगी छात्रछात्राहरू सभाकक्षको अगाडि तिर रहेका छन् भने उनीहरूकै सम्मुखमा सम्पूर्ण दर्शक एवम् स्रोता विद्यार्थीहरू बसेका छन् । बाँया कुनामा उद्घोषकले कार्यकम सञ्चालन गरिरहेको रमाइलो वातावरण यस पाठमा देख्न सकिन्छ ।

### ४.२.६.६. विचार/उद्देश्य

भाषा पाठ्यपुस्तक भित्रको यो वादविवाद पाठको मुख्य उद्देश्य विद्यार्थीहरूमा भाषिक सीपको विकास गर्नु हो । त्यस्तै गरी धन प्राप्ति तर्फ यान्त्रिक बन्दै गएको वर्तमान समाजका बालबालिकाहरूमा धन र विद्या दुबै मानिसका निम्ति अपरिहार्य कुराहरू हुन भन्ने कुराको ज्ञान दिनु पनि यस पाठको उद्देश्य हो ।

## ४.३. पाठको आयाम र विषयवस्तु प्रयोगका दृष्टिले विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण

शिक्षालाई व्यावहारिक जीवनमा समयसापेक्ष बनाई विद्यार्थीहरूमा राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता तथा लोकतान्त्रिक मान्यताअनुरूपको भावना विकास गराउने र इमानदारी एवम् नैतिकता जस्ता आधारभूत मानवीय गुणहरूको विकास गराई सामाजिक जीवनयापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने उद्देश्यअनुसार विद्यालयस्तरका पाठ्यक्रम पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ (हाम्रो नेपाली किताब, कक्षा ६) यसै अनुरुप भाषिक सीप विकासका लागि विद्यार्थीको स्तर, उमेर र समाजको मागअनुरूप एउटै पाठ्यक्रमका आधारित विभिन्न भाषा पाठ्यपुस्तकहरू सावजानिक र संस्थागत विद्यालयहरूमा पढाइ भईरहेको वर्तमान अवस्था छ ।

कक्षा ६ को 'हाम्रो नेपाली किताब' भित्र रूपक विधाका दुईवटा पाठहरू समावेस गरिएका छन् भने 'नयाँ नेपाली शृङ्खला' भित्र चारवटा पाठहरू समावेश गरिएका छन् । उक्त पुस्तकहरूमा समाविष्ट रूपक विधाका पाठहरूको आयाम विद्यार्थीको स्तर अनुरुप छ कि छैन ? साथै विषयवस्तुहरू आधुनिकता, व्यवहारिकता र रोचकताका दृष्टिले उपयोगी छन् कि छैनन् ? भनी यस शीर्षकमा तुलनात्मक विश्लेषण गरिएको छ ।

### ४.३.१. 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ ' र 'गंगारामको न्याय' पाठहरूको तुलनात्मक विश्लेषण

कक्षा ६ को 'हाम्रो नेपाली किताब' भित्र समावेश गरिएको 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' पाठ रूपक विधा अर्न्तगतको संवाद पाठ हो । यो पाठको आयाम मझौला आकारको छ । यस पाठमा छत्तीस अनुच्छेदहरू छन् । यो पाठ चार पृष्ठमा लेखिएको छ । यो पाठ पाठ्यक्रमले निर्देश गरे बमोजिम लोकतान्त्रिक मान्यताअनुरूपको भावना विका् गराउने कुरामा केन्द्रित रहेको छ । यस पाठमा प्रयोग गरिएको विषयवस्तुले नारीशिक्षामा जोड दिदैं नारीहरूलाई आफ्ना खुट्टामा उभिन र आत्मनिर्भर भएर समाजसेवा र विकास निमार्णमा अग्रसर हुन प्रेरित गरेको छ । त्यसैगरी रेडियो, टेलिभिजनबाट समाचारहरू सुन्ने बानी बसाल्नुपर्छ भन्दै विद्यार्थीहरूमा आधुनिक सूचना र सञ्चारप्रति चासो लिने बानीको विकास गराउन विषवस्तु उपयोगी रहेको छ । हरेक नागरिकले आफ्नो अधिकार र कर्तव्यप्रति सचेत भएर सानैदेखि सुसूचित हुँदै आत्मविकास गर्न प्रेरित गर्ने यो संवाद पाठ आधुनिकता, व्यवहारिकता र रोचकताको दृष्टिीले महत्त्वपूर्ण र उपयोगी रहेको छ ।

'गङ्गारामको न्याय' पाठ कक्षा ६ को 'नयाँ नेपाली शृङ्खला' भित्र समावेश गरिएको संवाद पाठ हो । यो पाठको आयाम पनि विद्यार्थीको स्तरअनुरुप मझौला आकारकै छ । यस पाठमा छपन्न अनुच्छेदहरू छन् । यो पाठ चारवटा पृष्ठमा लेखिएको छ । यस पाठमा न्याय जस्तो कुरालाई मुख्य विषयवस्तु बनाएर विद्यार्थीहरूमा इमानदारी एवम् नैतिकता जस्ता गुणहरूको विकास गराउन खोजिएको छ । आधुनिक समयमा मानिसहरू अरूलाई थिचोमिचो

गर्दै अन्याय गर्न पछि पर्दैनन् भन्ने कुरा देखाउँदै यस पाठले न्याय गर्नेले सबैको चित्तबुझ्दो न्याय गर्नुपर्छ भन्ने कुरा झल्काएको छ ।

उक्त दुई पाठहरूमध्ये 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' भन्ने पाठ विषयवस्तु आधुनिक एवम् समय सापेक्ष छ साथै पाठमा कक्षा ६ कै विद्यार्थीहरूबीच संवाद भएकाले विद्यार्थीहरूका बीच यो पाठ बढी रोचक देखिन्छ ।

### ४.३.२. 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' र गाउँले जिवनभन्दा सहरिया जीवन बेस' वादविवादको तुलनात्मक विश्लेषण

'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवाद पाठ कक्षा ६ को 'हाम्रो नेपाली किताब' मा समावेश गरिएको छ । यस पाठको आयाम कक्षा ६ का विद्यार्थीको स्तर भन्दा ठूलो आकारको रहेको छ । यस पाठमा बीस अनुच्छेद छन् । यो पाठ पाँच पृष्ठमा लेखिएको छ । यस पाठको शीर्षक रखाईले सहरिया जीवनभन्दा गाउँले जीवननै सुखी हुन्छ भन्ने आभास दिएको छ । देशका कुनाकुनाका गरिब परिवारका बालबालिकाले पढ्ने सरकारी विद्यालयको पाठ्यपुस्तकमा गाउँले जीवन सुखी हुन्छ भन्ने शीर्षक रखाईले गाउँले जीवनलाई सम्मान गरेको बुझिन्छ । यस पाठमा पक्ष र विपक्ष गरी जम्मा तीनजना वक्ता रहेका छन् । विद्यार्थीको तार्किक क्षमता विकासका लागि छनोट गरिएको वादविवादको विषयवस्तु आधुनिक व्यवहारिक र रोचक रहेको छ ।

'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवाद पाठ कक्षा ६को 'नयाँ नेपाली शृङ्खला' भित्र समावेश गरिएको छ । यस पाठको आयाम मझौला आकारको छ । यस पाठमा तेइस अनुच्छेद छन् । यो पाठ चार पृष्ठमा लेखिएको छ । यस पाठको शीर्षक रखाइले सहरिया

जीवन बेस भन्ने आभास दिएको छ । धनी र सम्पन्न परिवारका बालबालिकाले पढ्ने संस्थागत विद्यालयको पाठ्यपुस्तकमा सहरिया जीवन बेस भन्ने शीर्षक रखाइले विकासको प्रकिया र विज्ञानलाई सम्मान गरेको बुझिन्छ । यस पाठमा पक्षबाट दुईजना र विपक्षबाट दुईजना वक्ता रहेका छन् । यस पाठको विषयवस्तुले गाउँ र सहरिया बसोवास गर्दा हुने फाइदा, बेफाइदाहरूको विशेष चर्चा गर्ने भएकोले विद्यार्थीहरूलाई गाउँले जीवन र सहरिया जीवन एकअर्काका परिपुरक हुन भन्ने कुराको जानकारी दिनसक्छ । विद्यार्थीहरूको बोलाई सीप विकास गराउन चयन गरिएको विषयवस्तु आधुनिक व्यवहारिक र रोचक रहेको छ ।

उपर्युक्त दुई पाठहरूको विषयवस्तु आधुनिकता एवम् तार्किक प्रस्तुतिको लागि उत्तिकै महत्त्वपूर्ण छन् । संस्थागत विद्यालयको पाठ्यपुस्तकमा राखिएको 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' भन्ने पाठको आयाम तुलनात्मक रूपमा कक्षा ६ का विद्यार्थीको स्तर सुहाउँदो देखिन्छ । यो पाठमा पक्ष र विपक्षका वक्ताहरु बराबर (दुईदुई जना) भएकोले बढी रोचक देखिन्छ ।

### ४.३.३. 'उत्तम हाम्रो भाइ हो !' संवादको विश्लेषण

यो पाठ रमेश विकलद्वारा लेखिएको सडक एकाङ्की नाटक हो । तर यसलाई विषयसूचीमा संवाद भनिएको छ । पाठ्यक्रमले निर्धारण गरेको भन्दा एक पाइला अघि सारेर नीजि विद्यालयमा प्रयुक्त पाठ्यांशमा एकाङ्की समावेश गरेको पाइन्छ । भाषिक सीप आर्जनका दृष्टीले एकाङ्की उपयुक्त मान्न सकिन्छ । तर कक्षाको स्तर र पाठ्यक्रमको निर्देशनको पालनामा ध्यान पुऱ्याउन सके अझ राम्रो हुने थियो ।

यस शीर्षकमा तुलनात्मक अध्ययन गरिने भएतापनि सामुदायिक विद्यालयको कक्षा ६को पाठ्यपुस्तकमा एकाङ्की विधा समावेश नभएकोले 'उत्तम हाम्रो भाइ हो !' एकाङ्कीको मात्र एकल तथा सामान्य विश्लेषण गरिन्छ । यो पाठको आयाम कक्षा ६ का विद्यार्थीको स्तर अनुरूप छैन । यो एकाङ्कीमा तीनवटा दृष्यहरू छन् । पहिलो दृष्यमा बीस, दोस्रो दृष्यमा सैँतिस र तेस्रो दृष्यमा छब्बीस अनुच्छेद छन् । यो पाठ आठ पृष्ठमा संरचित छ । यस पाठमा प्रयोग गरिएको विषयवस्तुले अपाङ्गहरूले पनि पढ्ने, लेख्ने अवसर पाएभने निकै राम्रो सफलता पनि प्राप्त गर्न सक्छन् भन्ने सामाजिक र मानवतावादी कुरालाई अगाडि सारेको छ । यो पाठ आधुनिक समयमा सबै नागरिकले आफ्नो अधिकारको प्रयोग गर्दै सम्मानपूर्वक बाँच्न पाउनुपर्छ साथै अपाङ्गहरू पनि सपाङ्गभन्दा कमजोर छैनन भन्ने कुराको जानकारी दिन सफल भएको छ । यो एकाङ्की पाठको आयाम एवम् विषयवस्तु कक्षा छका विद्यार्थीको क्षमताभन्दा माथिल्लो स्तरको रेहको छ ।

### ४.३.४. 'धनभन्दा विद्या ठूलो ' वादविवादको विश्लेषण

यो पाठ संस्थागत विद्यालयमा पाढइ हुने 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तक भित्र समावेश गरिएको छ । यो पाठ रूपक विधा अर्न्तगतको वादविवाद पाठ हो । उक्त पाठ्यपुस्तकको विषयसूति अनुसार यो पाठ रूपक विधा अर्न्तगतको चौथो पाठ हो । निम्न माध्यमिक तहको पाठ्यक्रमले कक्षा छमा दुईवटा मात्र रूपक विधाका पाठहरू समावेश गर्नुपर्ने कुरा उल्लेख गरेकोले यस पाठसँग तुलना गर्ने पाठ 'हाम्रो नेपाली किताब' भित्र छैन । त्यसैले यस पाठको मात्रै यहाँ एकल विश्लेषण गरिएको छ । यो पाठ मझौला आकारको छ । यस पाठमा एक्काईस अनुच्छेदहरू छन् । यो पाठ चार पृष्ठमा लेखिएको छ । यस पाठको शीर्षक वा

विषयवस्तु 'धन भन्दा विद्या ठूलो ' भन्ने विषयमा पक्ष र विपक्षमा विभाजित भएर विद्यार्थीहरूले आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्न सक्छन् । त्यसैले तार्किक प्रस्तुतिका लागि पाठको विषयवस्तु उपयुक्त रहेको छ । यस पाठमा चारजना विद्यार्थीहरूले आफ्ना तर्कहरु प्रस्तुत गरेका छन् । यस पाठले धन प्राप्तिका निम्ति यान्त्रिक र जटिल बन्दै गइरहेको वर्तमान समाजका मानिसहरूको मानसिकतालाई विद्याप्राप्तिद्वारा सद्भावपूर्ण र सरल बनाउनुपर्छ भन्ने चेतना विद्यार्थीहरूमा विकास गराउन खोजेको छ । यस पाठले धन र विद्याको उचित समन्वयद्वारा नै सही तरिकाले जीवनयापन गर्न सकिन्छ भन्ने निष्कर्षको ज्ञान पनि विद्यार्थीहरूलाई दिन्छ । त्यसैले जीवनयापनका निम्ति व्यवहारिक ज्ञान सिकाउने प्रस्तुत वादविवादको विषयवस्तु आधुनिकताको दृष्टिले सयम सापेक्ष एवम् रोचक समेत रहेको छ ।

### ४.४. भाषिक सीप आर्जनका दृष्टिले विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण

यस शीर्षक अन्तर्गत 'हाम्रो नेपाली किताब' कक्षा छका रूपक विधाभित्र समाविष्ट दुईवटा पाठहरू र 'नयाँ नेपाली शृङ्खला' कक्षा छका रूपक विधाभित्र समाविष्ट चारवटा समान पाठहरूको भाषिक सीप आर्जनका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । भाषिक सीप अन्तर्गत भाषाका चारवटा सीपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम (दो.सं.) मा रूपक शीर्षकभित्र सुनाइ सीपका उद्देश्यहरू निम्नानुसार छन् :

क) विभिन्न किसिमका ध्वनीहरू सुनी तीनको पहिचान गर्न ।

ख) उच्चरित ध्वनीहरूको भिन्नता पत्ता लगाउन ।

ग) उच्चरित शब्दहरू पहिचान गर्न ।

घ) अरुले वर्णन गरेका कुराहरू ध्यानपूर्वक सुन्न ।

ङ) वादविवादात्मक अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरु भन्न

च) रूपक विधाका विभिन्न मौखिक अभिव्यक्ति सुनी त्यसमा प्रयुक्त चेष्टा, अभिनय आदिको प्रदर्शन गर्न ।

छ) वादविवादात्मक, संवादात्मक अभिव्यक्तिलाई हाउभाउ, चेष्टा अभिनय आदिको ख्यालगरी सुन्न ।

यिनै सीपका आधारमा उल्लिखित समान पाठहरूको विश्लेषण निम्नानुसार गरिन्छ :

**४.४.१.१. सुनाइ सीपका आधारमा 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' र 'गङ्गारामको न्याय' संवाद पाठहरूको विश्लेषण**

अरुले भनेका कुराहरू अर्थपूर्ण तरिकाले बुझ्ने काम नै सुनाइ हो । बालबालिकाहरूले भनेका कुरा के कसरी सुनेर त्यसको अर्थ ग्रहण गर्छन? सुनाइ सीपको विकास के कसरी हुन्छ ? भन्ने कुरामा यो पाठ केन्द्रित छ ।

उल्लिखित उद्देश्यहरू प्राप्त गर्नका लागि 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' शीर्षक संवादमा अलका, आस्था र सुरजका बीचमा संवाद गराइएको छ । रूपक विधाका विभिन्न मौखिक अभिव्यक्ति सुनी त्यसमा प्रयुक्त चेष्टा, अभिनय आदिको प्रदर्शन गर्न विद्यार्थीहरू

कत्तिको सक्षम छन् भनेर उक्त संवाद पाठलाई कक्षाकोठामा तीनजना विद्यार्थीबीचमा हाउभाउपूर्ण तरिकाले वाचन गर्न लगाइएको छ ।

उदाहरणका रूपमा उनीहरूको संवादको सानो अंश यस्तो छ :

आस्था : अलका, रिसाउन भने नरिसा है ! फुर्सदमा गरेको तर्क न हो यो । हामी महिलाहरू शिक्षक भएर समाजसेवा र विकासनिर्माणमा अग्रसर भए पुरूषहरूको घरव्यवहार कसरी चल्छ ? पुरूषहरूको पौरख नखाइदिए, हाम्रा बुबाहरूले टन्न जोडेको सम्पत्ति हामी छोराछोरीहरूले नउडाइदिए, उहाँहरूको चित्त कत्तिको दुख्ला नि, भन् त ?

अलका : तेरो विचार पनि एकप्रकारले ठीकै हो । बुबाहरूले टन्न जोडेको सम्पत्ति हामीले पानी झैं बगाइदिनुपर्छ, नत्र कसरी सिद्धिने, होइन त? तर त्यो सम्पत्ति उहाँहरूले कति दुःख गरेर जोड्नुभएको होला, तैंले कहिल्यै सोचेकीसम्म छेस् ? एकदिन ........ आफ्ना खुट्टामा उभिन सिक्नुपर्छ ।

सुनाइ सीप विकासका लागि छोटा छरिता मिठासयुक्त वाक्य भए राम्रो मानिन्छ । कक्षाकोठामा विद्यार्थीहरूलाई हाउभाउपूर्ण तरिकाले अभिनय गर्न लगाउँदा संवादमा प्रयुक्त वाक्यहरू केही लामा भएकाले चारहरफ भन्दा पनि बढीका अनुच्छेदजस्ता भनाइलाई अभिनय गर्न नसकेको पाइयो । तर पनि कक्षा छको स्तरअनुकूल नै मान्न सकिन्छ । सुनाइ सीपको विकाकालागि कान-सान, ताल-साल, तर्क-तर्फ, टन्न-सन्न आदि जस्ता युगल शब्दहरूलाई शिक्षकले उच्चारण गरिदिएर विद्यार्थीहरूलाई उच्चरित ध्वनिहरूको पहिचान गर्न लगाउन सकिन्छ । त्यस्तै उच्चरित ध्वनिहरूको भिन्नता पत्ता लगाउने कक्षाकार्य गराउन सकिन्छ ।

‘गङ्गारामको न्याय’ पाठ पनि ‘नयाँ नेपाली शृङ्खला’ पाठ्यपुस्तक भित्रको संवाद पाठ हो । यस पाठमा चारजना पात्रहरूको बीचमा संवाद भएको छ । संवादमा प्रयुक्त वाक्यहरू छोटाछोटा भएकाले कक्षाकोठामा विद्यार्थीहरूलाई हाउभाउपूर्ण तरिकाले अभिनय गरी प्रदर्शन गर्न लगाउँदा सजिलैसँग अभिनय गर्न सकेको पाइयो । पाठमा प्रयुक्त संवाद कक्षा छका विद्यार्थीहरूको स्तरसँग मिल्दो देखिन्छ । उदारहणको रूपमा उनीहरूको संवादको सानो अंश यस्तो छ :

हर्के : यस्तो त कहाँ हुन्छ र हजुर !

गङ्गाराम : हुँदैन भने तेरो पानी निकालेर लैजा । अर्काको कुवामा राखेपछि त भाडा तिर्नुपर्छ-पर्छ ।

बिर्खे : (खुसी हुँदै) हो, अहिले भने गङ्गाराम बाले चित्त बुझ्दो फैसला गरिदिनुभयो ।

यस संवादमा छोटा-छरिता र मिठासयुक्त वाक्यहरू भएकाले संवाद प्रभावपूर्ण देखिन्छ । सुनाइ सीपको विकासका लागि यस पाठमा प्रयोग गरिएका शब्दहरू कुवा, न्याय, चित्त, पानी, खुसी, जस्ता शब्दहरूबाट कुवा-पुवा, न्याय-अन्याय, चित्त-पित्त, पानी-सानी, खसी-रसी जस्ता युगल शब्दहरूको निर्माण गरी विद्यार्थीहरूलाई ध्वनि पहिचान गर्ने, ध्वनिको भिन्नता पत्ता लगाउने, उक्त शब्दहरूलाई पाठ्यपुस्तकभित्र सिसाकलमले चिनो लगाउन लगाउने जस्ता कक्षाकार्यहरू गराउन सकिन्छ । यी दुई पाठलाई सुनाइ सीप आर्जनका आधारमा विश्लेषण गर्दा ‘आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ’ मा वाक्य गठनमा केही खोट लगाउने ठाउँ छ भने ‘गङ्गारामको न्याय’ पाठमा संवाद उपयुक्त नै लाग्दछ ।

### ४.४.१.२. सुनाइ सीपका आधारमा 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' र 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवादहरूको विश्लेषण :

'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' सामुदायिक विद्यालय कक्षा छको 'हाम्रो नेपाली किताब' मा समाबिष्ट रूपक विधा अन्तर्गतको वाविवाद पाठ हो । यो पाठ औपचारिक रूपमा विद्यालयको अतिरिक्त कियाकलाप अर्न्तगत आयोजना गरिएको छ । यस पाठमा तीनजना वक्ताहरूले आफ्नो तर्कहरू प्रस्तुत गरेका छन् । औपचारिक रूपमा आयोजित कार्यक्रम भएकाले वक्ताले सम्बोधन, अभिवादन, विषय प्रस्तुति, समर्थन, खण्डन, समयको ख्याल एवम् टुङ्ग्याउने जस्ता कुरामा ख्याल गरेको छ । दर्शक विद्यार्थीहरूले देखेर, हेरेर र सुनेर उनीहरूको पनि वादविवादमा भाग लिने, पुरस्कार जित्ने जस्ता उत्प्रेरणा स्वतः बढ्ने कुरा निर्विवाद छ । सुनाइ सीपको विकासका लागि विपक्षीवक्ताका तर्क सुनी त्यसको खण्डन गर्न, तर्कको पहिचान गर्न र वादविवादात्मक अभिव्यक्ति सुन्न, हाउभाउ-चेष्टा, अभिनयात्मक ढङ्गले प्रस्तुति गर्न यो वादविवाद महत्त्वपूर्ण ठहर्छ ।

'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' भन्ने पाठ वादविवाद पाठ हो । यो पाठ संस्थागत विद्यालयमा पढाइ हुने 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट छ । यो पाठपनि औपचारिक रूपमा विद्यालयको अतिरिक्त कियाकलाप अन्तर्गत ओयोजना गरिएको छ । यस पाठमा चारजना वक्ताहरूले आफ्ना तर्कहरू प्रस्तुत गरेका छन् । औपचारिक रूपमा आयोजित कार्यक्रम भएकाले यस पाठमा पनि सम्बोधन, अभिवादन, विषय प्रस्तुति, समर्थन, खण्डन, समयको ख्याल एवम् टुङ्ग्याउनी जस्ता कुरामा ख्याल गरेको छ । उक्त कार्यक्रम हेर्दा र सुन्दा विद्यार्थीहरूलाई पनि वादविवादमा भाग लिन, पुरस्कार जित्न, अझ राम्रो तार्किक प्रस्तुति गर्न,

स्वतःआत्मबल बढेर जाने हुन्छ । सुनाइ सीपको विकासका लागि वादविवादात्मक अभिव्यक्ति सुन्न, विपक्षीवक्ताका तर्क सुनी त्यसको खण्डन गर्न, तर्कको पहिचान गर्न, हाउभाउ-चेष्टा अभिनयात्मक ढङ्गले प्रस्तुति गर्नका लागि यो वादविवाद उपयोगी रहेको छ ।

उपर्युक्त दुईवटा पाठहरूलाई सुनाइ सीपका आधारमा विश्लेषण गर्दा 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवादमा विपक्षीका तर्फबाट बोल्ने एकजना वक्ताको कमी भएकाले सुनइ सीपको विकासका लागि यो पाठ केही कमजोर रहेको छ । त्यर्सले 'गाउँ जीवनभन्दा सहरिया जीवन बेस' पाठ तुलनात्मक रूपमा बढी उपयोगी रहेको छ ।

**४.४.१.३. सुनाइ सीपका आधारमा 'उत्तम हाम्रो भाइ हो !' संवादको विश्लेषण :**

'उत्तम हाम्रो भाइ हो!' पाठ कक्षा छको 'नयाँ नेपाली शृङ्खला' अन्तर्गत समावेश छ । यो पाठ रूपक विधा अन्तर्गतको एकाङ्की पाठ हो । नेपाली भाषा पाठ्यक्रमले कक्षा ६ का लागि एकाङ्की पाठ समावेश गरेको छैन । तर यस पाठ्यपुस्तकमा पाठ्यक्रमलाई जितेर एकाङ्की पाठ समावेश गरिएको छ । भाषिक सीप आर्जनका दृष्टिले एकाङ्की विधा उपयुक्त भए पनि कक्षाको स्तर र पाठ्यक्रमको निर्देशनलाई पालन गर्न सके अझ राम्रो हुने थियो ।

यस शीर्षकमा तुलनात्मक अध्ययन गरिने भएपनि कक्षा ६ को 'हाम्रो नेपाली किताबमा' एकाङ्की विधा समावेश नभएकाले सुनाइ सीपको विकासका दृष्टिकोणले यस पाठको मात्र एकल विश्लेषण गरिन्छ । यस एकाङ्कीको सुरूवात राती सुत्ने कोठामा आमा कौशल्या रामायण पाठ गरिरहेकी छिन् ।त्यसैबखत उनको सानो अपाङ्ग लुले छोरो (उत्तम) घुँक्कघुँक्क रूदैं उनको छेउमा जान्छ र वार्तालाप बढ्छ। एकाङ्कीमा प्रयुक्त वार्तालापका केही नमुना :

कौशल्या : (एक्कासी सजगभ भएर) किन? किन रोएको ? के भयो तँलाई?

उत्तम : (घुँक्क घुँक्क गर्दै) आमा! हामी मामाघर कहिले जाने ?

कौशल्या : (छोरालाई सुम्सुम्याउँदै) किन? अहिले मामाघरको एक्कासि कसरी सम्झना आयो ?

उत्तम : (घुँक्क-घुँक्क) आमा, मलाई यहाँ बस्नै मन लाग्दैन । मलाई भाउजू खाने बेलामा सधैं गाली मात्र गर्छिन । (रूदैं) आज उनले अगुल्टाले मुखमा झोसिन् ।

यी माथिका उदाहरणले बालबालिकाहरूलाई सुनाइ सीपका लागि एक आपसमा स्वरवाचन गराउँदा भाषिक सीप विकास हुने कुरामा कुनै सन्देह छैन । तर भाषा शिक्षकले यस पाठलाई एकाङ्की विधा संझी कक्षा छका बालबालिकालाई अभिनयात्मक ढङ्गले मञ्चमा पदर्शन गर्न लगाउनु चाहिँ उपयुक्त मानिदैन । बालबालिकाहरूलाई उनीहरूको स्वर हेरी ठूला कक्षामा नाटक मञ्चन गरेर देखाउन तथा साना कक्षाका लागि सस्वरवाचन गर्न लगाई भाषिक सीप विकासमा मद्दत पुऱ्याउन सकिन्छ ।

**४.४.१.४ सुनाइ सीपका आधारमा 'धनभन्दा विद्या ठूलो' वादविवादको विश्लेषण :**

'धनभन्दा विद्या ठूलो' पाठ संस्थागत विद्यालय अर्न्तगत पढाइहुने कक्षा छको 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट छ । यो पाठ रूपक विधा अर्न्तगतको वादविवाद पाठ हो । यस पाठसँग तुलना गर्ने समुदायिक विद्यालयको 'हाम्रो नेपाली किताब' मा अर्को वादविवाद पाठ छैन । तसर्थ सुनाइ सीपको विकासका दृष्टिकोणले यस पाठको मात्र यहाँ एकल विश्लेषण गरिएको छ ।

यो पाठ औपचारिक रूपमा विद्यालयको सभाकक्षमा आयोजित छ । औपचारिक रूपमा आयोजित कार्यक्रम भएकाले बालबालिकाहरूको सुनाइ सीपको विकास राम्ररी हुनसक्ने देखिन्छ । उद्घोषकले उद्घोषण गरेको साथै सभापतिको मन्तब्यको बालबालिकाहरूले ख्याल गरेको हुन्छ । त्यसैगरी सहभागी वक्ताले सम्बोधन, अभिवादन, विषय प्रस्तुति, समर्थन, खण्डन, समयको ख्याल एवम् टुङ्ग्याउनी जस्ता कुरामा ख्याल गरेको छ । दर्शक विद्यार्थीहरूले देखेर र सुनेर उनीहरूलाई पनि वादविवादमा भाग लिन, पुरस्कार जित्न, अझै बढी खण्डन-मण्डन गर्न स्वत : उत्प्रेरणा बढेर जाने देखिन्छ । अरूले वर्णन गरेका कुराहरू ध्यानपूर्वक सुन्ने, वादविवादात्मक अभिव्यक्तिहरू सुन्ने जस्ता सुनाइ सीपका उद्देश्यहरू यस पाठले हासिल गरेको पाइन्छ ।

### ४.४.२. बोलाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण

आफूले भन्न चाहेका कुराहरू अर्थपूर्ण तरिकाले व्यक्त गर्नु बोलाइ हो । बोलाइको अर्थ बोल्नेकाम वा भाव भन्ने हुन्छ । बोलाइ भाषाको मौखिक रूप हो । भाषाशिक्षणका सन्दर्भमा सुनाइ सीपको शिक्षण पछि आउने भाषिक सीप बोलाइ हो । व्यक्तिले अरूले भनेको कुरा सुनिकसेपछि त्यसको अर्थ ग्रहण गरेर ठीक मात्रामा उत्तर दिने कामका लागि बोलाइको आवश्यकता पर्दछ । निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम (दो.सं. २०६४) मा रूपक विधाका पाठहरूबाट बोलाइ सीपका लागि निम्न उद्देश्यहरू राखेको पाइन्छ ।

क) रूपक पाठका शब्दहरूको शुद्ध रस्पष्ट उच्चारण गर्न

ख) अरूले वर्णन गरेका कुराहरू सुनी आफ्ना शब्दमा व्यक्त गर्न

ग) रूपक विधाका पाठमा प्रयुक्त विषयवस्तुको सिलसिला मिलाई मौखिक वर्णन गर्न ।

घ) रूपक विधाका पाठका घटनाहरूको वर्णन गर्न ।

ङ) वादविवादात्मक अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न ।

च) संवादात्मक अभिव्यक्तिका मुख्य-मुख्य कुराहरू बताउन ।

छ) कुराकानी र प्रश्नोत्तरमा भाग लिन ।

ज) संवाद, वादविवाद र छलफल सुनी तिनमा भाग लिन ।

झ) आफूले चाहेका कुरालाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले अभिव्यक्त गर्न ।

ञ) पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न ।

**४.४.२.१. बोलाइ सीपका आधारमा 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' र 'गंगारामको न्याय' संवादहरूको विश्लेषण**

यो पाठ कक्षा छको 'हाम्रो नेपाली किताब' अर्न्तगत समावेश छ । बोलाइ सीपको विकासका लागि यस पाठमा अलका, आस्था र सुरजका बीचमा संवाद गराइउको छ । यस पाठमा प्रयोग गरिएका शब्दहरू कक्षा छमा पढ्ने बालबालिकाहरूलाई उच्चारण गराउँदा सहजताका साथ उच्चारण गर्न सक्छन् । बालबालिकाहरूमा बोलाइ सीपको विकास अपेक्षित रूपमा भयो कि भएन ? भनी पाठसँग सम्बन्धित प्रश्नहरूका उत्तर भन्न लगाउन सकिन्छ । जस्तै : आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' संवादका मुख्यमुख्य घटनाहरू केके हुन् ? भन , यो

पाठ पढी पाठको साराशं भन, यस पाठको विषयवस्तु सुनी मुख्यमुख्य कुराहरू बताऊ, यो संवाद पढी सोधिएका प्रश्नको उत्तर बताऊ आदि । यस संवाद पाठको बोलाइ सीपको अध्ययनका निम्ति केही विद्यार्थीहरूलाई सस्ववाचन गराई सोधिएका प्रश्नहरूलाई उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ ।

⇒ 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' संवादका मुख्यमुख्य घटनाहरू चारवटा बुँदामा भन ।

क) अलका, आस्था र सुरजका बीचमा संवाद भएको छ ।

ख) अलका समाचार सुन्न मनपराउँछे ।

ग) आस्था र सुरज राम्रो कार्यक्रम भएमात्र रडियो, टि.भि. सुन्छन् वा हेर्छन ।

घ) अलकाले सरकारले नारीशिक्षालाई विशेष महत्त्व दिने भएको छ , प्रत्येक विद्यालयमा महिला शिक्षक राख्नै पर्ने नियम बनाएको छ भन्ने समाचार सुनाउँछे ।

(प्रमिला राई, कक्षा-६)

(भिमसेन नि.मा.वि., महारानी-८,झापा)

⇒ छोटो उत्तर देऊ :

क) विद्यार्थी जीवनमा समाचारको के महत्त्व हुन्छ ?

देशविदेशका कुरा समाचारबाट थाहा हुने भएकाले विद्यार्थी जीवनमा समाचारको महत्त्व हुन्छ ।

ख) देशविदेशका कुरा नबुझ्ने हो भने किताब पढेर मात्र के हुन्छ ? यो कसले भनेको हो ?

अलकाले ।

ग) अलका र आस्थाका विचारमध्ये तिमीलाई कसको विचार मन पऱ्यो, किन?

मलाई अलकाका विचार मन पऱ्यो किनभने समाचार सुन्नुपर्छ, देशविदेशका खवरहरू थाहा पाउनुपर्छ भनेकी छिन् ।

(विनोद अधिकारी कक्षा -६)

(भिमसेन नि.मा.वि.,महारानी-८,झापा)

उपर्युक्त उदाहरणहरूबाट विद्यार्थीहरूले मौखिक उत्तर बताएको, कुराकानी, प्रश्नोत्तरमा सक्रिय सहभागी भई आफूले भन्न चाहेको कुराहरू बताएको, संवादात्मक अभिव्यक्तिका मुख्यमुख्य कुराहरू बताएको पाइयो । यस पाठलाई विद्यार्थीहरूले सस्वरवाचन गर्दा सबैले पालैपालो संवाद गरेकाले सस्वरवाचन उपयुक्त भएको पाइयो । तर अलकाका भनाइहरू अलि लामा वाक्यमा भएकाले अलि कठिन जस्तो लागे पनि कक्षा छका विद्यार्थीको स्तरअनुरूप उपयुक्त नै रकेकोले बोलाइ सीपको विकासका लागि यो पाठ उपयोगी रहेको छ ।

संस्थागत विद्यालयको पाठ्यांशमा समावेश 'नयाँ नेपाली शृङ्खला' कक्षा ६ भित्र 'गङ्गारामको न्याय' पाठ समाविष्ट छ । यस संवाद पाठमा मौखिक अभिव्यक्तिका लागि चारजना पात्रहरूको प्रयोग गरिएको छ । उनीहरू बीचको संवादमा छोटाछरिता वाक्यहरूको प्रयोग भएको छ । बोलाइ सीपको विकासका लागि विद्यार्थीहरूबीच अभिनयात्मक ढङ्गले सस्वसवाचन गराउँदा छोटाछरिता वाक्यहरू भएकाले विद्यार्थीहरूले राम्रो तरिकाले सस्वरवाचन गर्न सक्ने देखिन्छ । यस संवादमा पाठको बोलाइ सीपको अध्ययनका निम्ति केही

विद्यार्थीहरूलाई सस्वरवाचन गराई सोधिएका प्रश्नहरूलाई उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ :

⇒ 'गङ्गारामको न्याय' संवादका मुख्यमुख्य घटनाहरू ४ वाक्यमा भन ।

क) सुत्रधार, हर्के, बिर्खे र गङ्गाराम चारचना वक्ताहरू छन् ।

ख) हर्के र बिर्खे पानीखाने कुवाका विषयमा झगडा गर्छन् ।

ग) बिर्खे निर्दोश भएकाले कुवा उसकै हुने फैसला गङ्गारामले सुनाउँछन् ।

घ) यस पाठले छिमेकमा झगडा गर्नुहुदैंन भन्ने शिक्षा दिएको छ ।

(मनिस ढकाल कक्षा- ६ )

इमिनेन्ट कञ्चनजङ्घा इङ्लिस बोर्डिङ्ग स्कुल

जुरोपानी-५, झापा

⇒ यस पाठमा प्रयोग भएका 'आँखा खोलिदिनु' , 'ठहरै मर्नु' र 'निसाफ माग्नु' पदावलीहरूको प्रयोग गरी तीनवटा वाक्य भन :

क) सरले मेरो आँखा खोलिदिनुभयो ।

ख) हर्के र बिर्खे कुवाको विषयमा झगडा भएपछि निसाफ माग्न गङ्गाराम कहाँ गए ।

ग) हिजो दमकमा यात्रुबसको ठक्करले रिक्साचालक ठहरै मर्‍यो ।

(सन्ध्या राजवंशी कक्षा - ६ )

इमिनेन्ट कञ्चनजङ्घा इङ्लिस बोर्डिङ्ग स्कुल

जुरोपानी-५, झापा

उपर्युक्त उदाहरणहरूबाट विद्यार्थीहरूले मौखिक उत्तर बताएको, कुराकानी र प्रश्नेउत्तरमा भाग लिएको, संवादात्मक अभिव्यक्तिका मुख्यमुख्य कुराहरू बताएको साथै पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग सकेको पाइयो । पाठ्यक्रमले रूपक विधाका माध्यमबाट बोलाइ सीपको विकसका लागि राखेका उद्देश्यहरू यस पाठबाट पूरा हुनसक्ने भएकाले बोलाइसीपको विकासका लागि यो पाठ उपयोगी रहेको छ ।

यी दुई संवाद पाठहरू मध्ये बोलाइ सीपको विकासका लागि ‘गङ्गारामको न्याय’ पाठ बढी उपयोगी मान्न सकिन्छ । संवाद जति छोटाछरिता वाक्यको प्रयोग गर्दै वक्ताहरूले सक्रिय सहभागिता जनाउन सक्छन् त्यति नै बढी उपयोगी हुन्छ । त्यसैले ‘गङ्गारामको न्याय’ पाठमा छोटाछरिता वाक्यहरूको प्रयोग भएकाले यस पाठलाई तुलनात्मक रूपमा बढी उपयोगी मान्न सकिन्छ ।

**४.४.२.२. बोलाइ सीपका आधारमा ‘सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ’ र ‘गाउँले जीवनभन्दा सहरिया जीवन बेस’ वादविवादको तुलनात्मक विश्लेषण**

वादविवाद बोलाइ सीपका लागि महत्त्वपूर्ण पाठ मानिन्छ । कक्षाको स्तर र विद्यार्थीहरूको उमेरलाई ख्याल गरी वादविवाद गराउनु पर्छ । सामुदायिक विद्यालयको कक्षा छको ‘हाम्रो नेपाली किताब’ मा ‘सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ’ शीर्षकको वादविवाद राखिएको छ । यस पाठमा औपचारिक भूमिका निर्वाह गरिएकाले वक्तालाई मौखिक

सीप आर्जनमा ठूलो मौका मिलेको छ । वक्ताहरूले स्पष्ट उच्चारण, सिलसिलाबद्ध प्रस्तुति,शिष्ट भाषाको प्रयोग आदिमा जोड दिएकाले पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा हुने कुरामा कुनै सन्देह छैन । तर यस पाठमा पक्षबाट दुईजना वक्ता छन् भने वादविवादको विषयको विपक्षबाट एकजनामात्र वक्ता छन् । त्यसैले तार्किकताका साथै विपक्षको खण्डन गर्ने कुरामा भने यस पाठलाई थोरै खोट लगाउने ठाउँ छ । बोलाइ सीपको अध्ययनको निम्ति यस पाठलाई सस्वसवाचत गराई केही विद्यार्थीहरूलाइ सोधिएका प्रश्नहरूलाई उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ :

$\Rightarrow$ सीमा भट्टचनले व्यक्त गरेका विचारहरू आफ्नै शब्दमा बताऊ ।

शान्त, सफा र स्वावलम्बी जीवनलाई हामी गाउँले जीवन भन्दछौं । तर समस्यैसमस्या, स्वार्थ र उदासीनतामा बाँचेको जीवन सहरिया जीवन हो । सबैको हित हुने कुरामा लागिपर्दै आफ्ना लागि आवश्यक वस्तु र सेवाहरू प्राप्त गर्नु गाउँले जीवनको विशेषता हो । साग र सिस्नो ने भएपनि आनन्दित मनले खानपाउनु वास्तविक सुख हो । यस्तो सुख गाउँले जीवनमा नै प्राप्त हुन्छ । संसारका ठूलाठूला कविलेखकहरूले सहरिया जीवनको प्रशंसा गरेका छैनन् बरू प्रकृतितर्फ फर्क भन्दै गाउँले जीवनको गुणगान गाएका छन् । त्यसैले गाउँले जीवन नै सुखी जीवन हो भनेर सीमा भट्टचनले भनेकस् छिन् ।

विन्दा अधिकारी , कक्षा-६

भिमसेन नि.मा.वि., महारानी-८

उपर्युक्त उदारहण विद्यार्थीहरूले मौखिक उत्तर बताएको, स्पष्ट उच्चारण, सिलसिलाबद्ध प्रस्तुति, शिष्ट भषाको प्रयोग आदिमा जोड दिएकाले पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू यस पाठबाट पूरा हुने देखिन्छ ।

'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविावाद पाठ संस्थागत विद्यालयमा लगाइएको 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट छ । यस पाठमा औपचारिक भूमिका निर्वाह गरिइकाले वक्ता एवम् दर्शक बालबालिकाहरूको बोलाइ सीप आर्जनमा ठूलो मौका मिलेको छ । वक्ता विद्यार्थीहरूले स्पष्ट उच्चारणका साथ विषयको पक्ष र विपक्षबाट गहकिला तर्क, खण्डन-मण्डन गरेका छन् । त्यसैले बोलाइ सीपको विकासका लागि पाठ्यक्रमले राखेका अपेक्षाहरू यस पाठबाट पूरा हुने देखिन्छ । बोलाइ सीपको अध्ययनको निम्ति यस पाठलाई सस्वरवाचन गराई केही विद्यार्थीहरूलाई सोधिएका प्रश्नहरूलाई उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ :

⇒ 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवादमा रामप्रसाद राईले व्यक्त गरेका विचारहरू आफ्नै शब्दमा बताऊ :

सहरिया जीवन सभ्य जीवन हो । सहरमा हेरक सुविधाहरू हुन्छन् । बाटोघाटो, विद्यालय, महाविद्यालयहरू सहरमा नै हुन्छन् । ठूला अस्पतालहरू, ठूलाठूला बजारहरू, आरामदायक भवनहरू, बस, कार आदिले सहरिया जीवनलाई आरमदायक बनाएको छ । त्यसैले सुबिधासम्पन्न र सभ्य जीवन सहरिया जीवन हो भनेर रामप्रसाद राईले भनेका छन् ।

उपर्युक्त उदारहणबाट विद्यार्थीले पाठको सस्वरवाचन सुनेर स्पष्ट शब्दमा सुनेका कुराहरू बताएको , स्पष्ट उच्चारण गरेका, आफूले सुनेका कुरालाई सिलसिला मिलाई मौखिक वर्णन

गरेको पाइयो । बोलाई सीपको विकासका लागि पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न यो पाठ उपयोगी देखिन्छ ।

यी दुई वादविवाद पाठहरू मध्ये बोलाई सीपको विकासका लागि 'नयाँ नेपाली शृङ्खला' अर्न्तगतको 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' पाठ बढी उपयोगी देखिन्छ । अभ्यासले मानिसलाई पूर्ण बनाउँछ, भने झैं जस पाठमा पक्ष र विपक्षमा बोल्ने बोल्ने दुईदुईजना वक्ताको तर्कहरूलाई प्रस्तुत गरिएको छ , जसले गर्दा उक्त पाठ पढेर विद्यार्थीहरूले प्रसस्त बोल्न अभ्यास गर्न सक्छन् । तर 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' पाठमा तीनजनामात्र वक्ता भएकाले तुलनात्मक रूपमा यो पाठलाई कम उपयोगी मान्न सकिन्छ ।

### ४.४.२.३. बोलाइ सीपका आधारमा 'उत्तम हाम्रो भाइ हो !' संवादको विश्लेषण

'उत्तम हाम्रो भाइ हो!' पाठ विषयसुचीमा संवाद लेखिएको भएपनि एकाङ्की पाठ हो । यस एकाङ्कीमा तीनवटा दृष्यहरू छन् । नेपाली भाषा पाठ्यक्रमले कक्षा छका लागि एकाङ्की समावेश गरेको छैन । तर संस्थागत विद्यालयमा पाठन-पाठन गरिने 'नयाँ नेपाली शृङ्खला' कक्षा छमा 'उत्तम हाम्रो भाइ हो' एकाङ्की समावेश गरिएको छ । यो एकाङ्की लामो छ । बोलाइ सीपको विकासका लागि यस पाठलाई विद्यार्थीहरूबीच सस्वरवाचन गराई बोल्ने अभ्यास गराउन सकिन्छ । एकाङ्की नाटक हेर्नका लागि भएकाले पात्रले बोलेका भाषिक शैलीबाट बालबालिकाहरूले पनि शुद्धोच्चारण, उचित शब्द प्रयोग, स्तरयुक्त प्रस्तुतिमा ध्यान पुऱ्याउन सक्छन् । यो एकाङ्की विद्यार्थीहरूको रूचिका आधारमा मञ्चन गराउन पनि सकिन्छ ।

### ४.४.२.४. बोलाइ सीपका आधारमा 'धनभन्दा विद्या ठूलो' वादविवादको विश्लेषण

'धनभन्दा विद्या ठूलो' वादविवाद पाठ कक्षा छको 'नयाँ नेपाली शृङ्खला' अन्तर्गत समावेश गरिएको छ ।यो पाठसँग तुलना गर्ने पाठ 'हाम्रो नेपाली किताब' कक्षा छमा नभएकाले यस पाठको मात्र यहाँ एकल तथा सामान्य विश्लेषण गरिएको छ । बोलाइ सीपको विकासका दृष्टिकोणले वादविवाद पाठ उपयोगी मानिन्छ । यस पाठमा औपचारिक भूमिका निर्वाह गरिएकाले वक्तालाई मौखिक सीप आर्जनमा ठूलो मौका मिलेको छ । वक्ताहरूले स्पष्ट उच्चारण, सिलसिलाबद्ध प्रस्तुति, शिष्ट भाषाको प्रयोग गर्दै गहकिला तर्कहरू प्रस्तुत गरेका छन् । यस पाठमा उद्घोषकको उद्घोषण, सभापतिको भाषण एवम् विजेता विद्यार्थीहरूलाई पुरस्कार वितरण आदि सबै क्रियाकलापहरू दर्शक विद्यार्थीहरूले ख्याल गरिरहेको हुन्छ । त्यसैले उनीहरूले पनि शुद्ध उच्चारण, तार्किक प्रस्तुति, वादविवादात्मक अभिव्यक्तिका मुख्यमुख्य कुराहरू बताउन सक्ने देखिन्छ । त्यसैले पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा हुने कुरामा कुनै सन्देह छैन ।

### ४.४.३. पढाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्म विश्लेषण

सुनाइ र बोलाइ पछि अर्को महत्त्वपूर्ण भाषिक सीप पढाइ हो । यी तीनवटै भाषिक सीपहरू उच्चारणसँग सम्बन्धित छन् । उच्चारण पढाइ सीपको आधार हो । शुद्ध किसिमको उच्चारण भएमा मात्र विचारको अभिव्यक्ति सहज र प्रभावकारी बन्दछ । शुद्ध उच्चारण, स्पष्ट बोली, पढाइ सीपका लागि नहुने तत्त्वहरू हुन् । पढाइ सीपलाई कक्षाका तह अनुसार सस्वर पढाइ र मौन पढाइ गरी विभाजन गर्ने गरिन्छ । साना कक्षाका लागि सस्वर पढ्न ढाँचा उपयुक्त मनिन्छ भने ठूला कक्षाका लागि मौन पठनलाई विशेष प्राथमिकता दिनु उपयुक्त हुन्छ ।

निम्न माध्यमिक तह नेपाली भाषा पाठ्यक्तम (दो.सं.२०६४) ले रूपक विधाको माध्यमबाट पढाइ सीप हासिल गर्न निम्न बमोजिमका उद्देश्यहरू किटान गरेको छ :

क) रूपक विधाका विभिन्न पाठहरू गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न ।

ख) रूपक विधाका पाठहरू पढी तिनका मुख्यमुख्य कुराहरू बुझेर बताउन ।

ग) रूपक विधाका पाठहरू भावअनुसार लय, सुर र आघात मिलाई सस्वरवाचन गर्न ।

घ) पठनबोधका दृष्टिले मौनवाचन गर्न ।

ङ) रूपक विधाका पाठहरू मौनवाचन गरी त्यसका मुख्यमुख्य कुराहरू बताउन ।

च) रूपक विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न ।

छ) पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न ।

अब उल्लिखित पाठहरू मध्ये समान पाठहरूको पढाइ सीपसँग सम्बन्धित गरेर कुन पाठ बढी उपयोगी छ ? भन्ने तर्फ विश्लेषण गरिन्छ ।

**४.४.३.१. पढाइ सीपका सापेक्षतामा 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' र 'गङ्गारामको न्याय' संवाद पाठहरूको तुलनात्मक विश्लेषण**

'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' पाठ 'हाम्रो नेपाली किताब' कक्षा ६ मा समाविष्ट छ । यो पाठ पठनबोधका लागि उपयोगी पाठ मान्न सकिन्छ । पाठको लमाइ मझौला आकारको छ । पात्रहरू बीचको संवाद चाहिं केही ठाउँमा लामालामा जस्तो लागे पनि कक्षा छको

स्वरअनुसार उपयुक्त देखिन्छ। यस पाठलाई कक्षा ६ का विद्यार्थीहरू बीच सस्वरवाचन गराउँदा केही ठाउँमा संवाद लामो भएकाले गति, यति मिलाई सस्वरवाचन गर्न विद्यार्थीहरूलाई अलि अप्ठ्यारो लागेको जस्तो पाइयो । यस पाठलाई भावअनुसार लय, सुर र आघात मिलाई सस्वरवाचन गर्न अभ्यास गराउन सकिन्छ । यस पाठलाई मौनवाचन गर्न लगाई त्यसका मुख्यमुख्य कुराहरू विद्यार्थीहरूलाई बताउन लगाउन सकिन्छ। पढाइ सीपको अध्ययनको निम्ति यस पाठलाई कक्षा छका विद्यार्थीहरू बीच सस्वरवाचन गराई सोधिएका केही प्रश्नहरू यहाँ प्रस्तुत गरिएको छ :

⇒ 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' पाठ पढी सोधिएका प्रश्नको उत्तर देऊ :

क) अलका, आस्था र सुरज केका विषयमा कुराकानी गर्दैछन् ?

अलका, आस्था र सुरज रेडियो, टेलिभिजनबाट प्रसारण हुने समाचारका विषयमा कुराकानी गर्दै छन् ।

ख) समाचार सुन्दा हामीलाई के फाइदा हुन्छ ?

समाचार सुन्दा संसारमा के भइरहेको छ भन्ने कुरा थाहा पाउन सकिन्छ । देशविदेशका गतिविधहरू थाहा पाउन सकिन्छ, ज्ञान विज्ञानका कुराहरू थाहापाउन सकिन्छ, आदि

प्रदिप खतिवडा कक्षा ६

भिमसेन नि.मा.वि., महारानी-८

⇒ निम्न शब्दहरूलाई वाक्यमा प्रयोग गर :

गृहकार्य, स्वतन्त्रता, हर्ष

म सधैं गृहकार्य गर्छु ।

सोच्ने स्वतन्त्रता केवल मानिसको एकलौटी स्वतन्त्रता हो ।

तिम्रो कुरा सुन्दा मलाई हर्ष लाग्यो ।

रीना लिम्बू , कक्षा-६

भिमसेन नि.मा.वि., महारानी-८

उपर्युक्त उदारहणका आधारमा विद्यार्थीहरूले यस पाठलाई उपयुक्त तरिकाले सस्वरवाचन गर्न सकेको पाइयो । सस्वरवाचनका क्रममा भावअनुसार लय, सुर र आघात मिलाई पढ्न सक्ने देखिन्छ । यो पाठ पढी सोधिएका प्रश्नको उत्तर दिन विद्यार्थीहरू सफल देखिएका छन् । यस पाठमा प्रयुक्त शब्दहरूलाई सन्दर्भपूर्ण प्रयोग गर्न विद्यार्थीहरू सफल छन् । यस पाठलाई मौनवाचन गर्न लगाई विद्यार्थीहरूलाई मुख्यमुख्य कुराहरू सोध्न सकिन्छ । पढाइ सीपका विकाका लागि पाठ्यक्रमले राखेका उद्देश्यहरू यस पाठबाट पूरा हुने देखिन्छ ।

'गङ्गारामको न्याय' पाठ कक्षा छको 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट छ । यो पाठ पनि पठनबोधका लागि उपयोगी मानिन्छ । यस पाठको आकार मझौला छ । यस पाठमा चारजना पात्रहरूको बीच संवाद भएको छ । छोटाछोटा वाक्यहरूको प्रयोग गरिएको यस पाठलाई विद्यार्थीहरूले भावअनुसार लय, सुर र आघात मिलाई सस्वरवाचन गर्न सक्ने देखिन्छ । यस पाठलाई कक्षा छको स्तर अनुसार छनौट र स्तरण गरिएको छ । यस पाठलाई आवश्यकताअनुसार मौनवाचन गराएर विषयगत ज्ञान सम्बन्धी प्रश्नोत्तर गराउन सकिन्छ ।

पढाइ सीपको अध्ययनका निम्ति कक्षा ६का केही विद्यार्थीहरूलाई मौन पठन गराइ सोधिएका प्रश्नोत्तरलाई उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिएको छ :

⇒ 'गङ्गारामको न्याय' पाठ पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर देऊ :

क) हर्के र बिर्खेका बीचमा केका विषयमा भनाभन् भएको छ ?

हर्के र बिर्खेका बीचमा पानीखान कुवाका विषयमा भनाभन् भएकोछ ।

ख) गङ्गाराम कस्ता व्यक्ति थिए ?

गङ्गाराम सबैसँग मिल्ने, कसैको पक्षमा नलागी सही तरिकाले न्याय अन्याय छुट्ट्याउने असल मान्छे थिए ।

ग) हर्के किन लाजले निहुरियो ?

हर्के आफूले बिनासित्तैमा निहुँ खोजेर बिर्खेसँग झगडा गरेकाले लाजले निहुँरियो ।

(दिक्षा बराल, कक्षा-६)

इमिनेन्ट कञ्चनजङ्घा इङ्लिस बोर्डिङ्ग स्कुल

जुरोपानी-५, झापा

निम्न शब्दहरूको प्रयोग गरी वाक्य बनाऊ :

मूर्ख, सहीछाप, कानुनी

राम त कस्तो मूर्ख मान्छे रहेछ !

हाम्रो प्रवेश पत्रमा प्रधानाध्यापकको सहीछाप हुन्छ ।

हामीले कानुनी कुरालाई सधैं पालना गर्नुपर्छ ।

(नबिन माझी, कक्षा -६

इमिनेन्ट कञ्चनजङ्घा इङ्लिस बोर्डिङ्ग स्कुल

जुरोपानी-५, झापा

उपर्युक्त उदाहरणहरूबाट विद्यार्थीहरूले यस पाठलाई अर्थपूर्ण तरिकाले मौनपठन गर्न सकेको स्पष्ट हुन्छ । विद्यार्थीहरूले उक्त पाठलाई मौनपाठन गरी सोधिएका प्रश्नहरूको उत्तर उपयुक्त तरिकाले दिएका छन् । त्यसै गरी पठित शब्दहरूलाई सन्दर्भपूर्ण प्रयोग हुने देखिन्छ । पढाइ सीपका लागि पाठ्यक्रमले राखेका उद्देश्यहरू यस पाठबाट पूरा हुने देखिन्छ । पढाइ सीप विकासका दृष्टिकोणले यी दुई पाठहरूमध्ये 'हाम्रो नेपाली किताबको 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' पाठ बढी उपयोगी देखिन्छ ।

**४.४.३.२. पढाइ सीपका सापेक्षतामा 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' र 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवादको तुलनात्मक विश्लेषण**

'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' पाठ कक्षा ६ को 'हाम्रो नेपाली किताब' भित्र राखिएको वादविवाद पाठ हो । यस पाठमा वादविवादका लागि औपचारिक व्यवस्थापन मिलाइएको छ । यस पाठलाई भाषिक सीपका आधारमा शिक्षण गर्दा भाषाका चारै सीपको समान प्रयोग गर्न सकिन्छ । वादविवाद पाठको शिक्षण कथ्य भाषामा जोड दिनका लागि उपयोगी मानिन्छ । यस पाठलाई कक्षा छका विद्यार्थीहरूले गति, यति मिलाई शुद्ध र स्पष्टसँग

सस्वरवाचन गर्न सक्ने देखिन्छ । यस पाठमा पक्ष र विपक्षबाट बोल्ने वक्ताहरूले भनेका मुख्यमुख्य कुराहरू बताउन विद्यार्थीहरू सक्षम देखिन्छन् । यस पाठबाट पढाइ सीपको विकास गर्न बालबालिकाहरूलाई वादविवादमा भागलिने वक्ता, पालो मिलाउने उद्घोषक, सभापति आदिको विद्यार्थीहरूबाट छनौट गरी भागलिन लगाउने र शुरूमा सस्वरवाचन गर्न लगाउनु उपयुक्त हुन्छ । त्यसैगरी यस पाठलाई मौनवाचन गराएर त्यसमा भएका मुख्यमुख्य कुरा बताउन लगाउने तथा पाठमा भएका विविध शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गराई शब्दभण्डारमा वृद्धि गराउन सकिन्छ । पढाइ सीपको अध्ययनको निम्ति केही विद्यार्थीहरूमा गरिएको पश्नोत्तरलाई यहाँ प्रस्तुत गरिएको छ ।

$\Rightarrow$ 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' पाठ मौनवाचन गरी मणिराम ढुङ्गानाले व्यक्त गरेका ४ वटा तर्कहरू भन ।

भौतिक रूपले सम्पन्न हुनेबित्तिकै मानिस सुखी भनेर भन्न सकिदैन ।

सहरिया जीवन एकलकाँटे हुन्छ तर गाउँले जीवन सामुहिक भलाइका निम्ति अग्रसर हुन्छ ।

सहरिया जीवनलाई सुखी देख्नु थुप्रो ठूलो देखेर सुनभन्दा फलाम निकै हो भन्नु जस्तै हाँस्यास्पद कुरा हो ।

सबै कुराको विचार गर्दा सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ ।

मिलन तमाङ्ग , कक्षा -६

भिमसेन नि.मा.वि.,महारानी-८

उपर्युक्त उदाहरणमा विद्यार्थीले यस पाठलाई अर्थपूर्ण रूपले मौनपठन गरेको देखिन्छ । यस पाठलाई मौनपठन गरी त्यस पाठका मुख्यमुख्य कुराहरू बताउन विद्यार्थी सफल देखिएको छ । साथै पाठमा भएका विविध शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गरी शब्दभण्डार वृद्धि गर्न यो पाठ उपयोगी देखिएको छ ।

'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' पाठ संस्थागत विद्यालयमा पढाइ हुने 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट छ । यस पाठमा पनि वादविवदका लागि औपचारिक कार्यक्रमको आयोजना गरिएको छ । त्यसै अनुरूप पढाइ सीपको विकासका लागि यस पाठलाई कक्षाकोठामा विद्यार्थीहरूलाई पालैपालो उद्घोषक, पक्ष र विपक्षमा बोल्ने वक्तहरू अनि सभापतिको भूमिका निर्वाह गर्न लगाएर सस्वरवाचन गराउन सकिन्छ । त्यसैगरी यस पाठलाई मौनवाचन गर्न लगाई पाठसँग सम्बन्धित प्रश्नोत्तर पनि गराउन सकिन्छ । विद्यार्थीहरूलाई पाठमा भएका शब्दहरूको अध्ययन अध्यापन पछि सन्दर्भपूर्ण प्रयोग गराई शब्दभण्डारमा वुद्धि गराउन सकिन्छ । पढाइ सीपको अध्ययनका निम्ति केही विद्यर्थीहरूमा गराइएको कक्षाकार्यलाई उदारहणको रूपमा यहाँ प्रस्तुत गरिएको छ :

$\Rightarrow$ 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवाद सस्वरवाचन गरी नानीमैयाँ महर्जनका तर्कहरूलाई आफ्नै शब्दमा भन ।

पूरा जङ्गलहरू फाँडिएर ठूलाठूला सहर बनिसके, मान्छेले चन्द्रमामा सहर बसाल्ने सुरसार गर्न लागिसके । यस्तो अवस्थामा सहरिया जीवनलाई दुःखी भन्नु त प्रगतिलाई रोक्नु, अल्छीपनालाई बढाउनु र अङ्गुर अमिलो छ भन्नु जस्तै हो । सहरिया जीवन सभ्यताको प्रतिक हो । सहरिया जीवनलाई सम्मान गर्नु भनेको विज्ञान , सभ्यता र उन्नतिलाई सम्मान गर्नु हो ।

त्यसैले शिक्षा, स्वास्थ्य, न्याय आदि जुनसुकै दृष्टीकोणबाट हेर्दा पनि सहरिया जीवन नै सुमय हुन्छ भनेर नानीमैँया महर्जनले भनेकी छिन् ।

विकास निरौला, कक्षा-६

इमिनेन्ट कञ्चनजङ्घा इङ्लिस बोर्डिङ्ग स्कुल ,

जुरोपानी-५

त्लका शब्दहरूको अर्थ भन ।

उपसंहार, आक्षेप, निर्णायक

उपसंहार - अन्त्य

आक्षेप -दोष लगाउने काम

निर्णायक - निधो गर्ने

(सविता खड्का , कक्षा -६ )

इमिनेन्ट कञ्चनजङ्घा इङ्लिस बोर्डिङ्ग स्कूल

जुरोपानी -५, झापा

उपर्युक्त उदाहरणबाट विद्यर्थीहरूले अर्थपूर्ण तरिकाले सस्वरवाचन गर्न सकेको स्पष्ट हुन्छ । पाठलाई सस्वरवाचन गरी मुख्य कुरा बताउन, पठित शब्दहरूलाई सन्दर्भपूर्ण प्रयोग गरी शब्दभण्डारको वृद्धि गर्न यो पाठ सफल भएकाले पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा हुने

देखिन्छ । यी दुबै पाठहरू मध्ये पढाइ सीपको विकासका लागि 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तक भित्रको 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' पाठ बढी उपयोगी देखिन्छ ।

### ४.४.३.३. पढाइ सीपका आधारमा 'उत्तम हाम्रो भाई हो!' एकाङ्कीको विश्लेषण :

कक्षा छको 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तक भित्र समावेश गरिएको 'उत्तम हाम्रो भाइ हो !' पाठ एकाङ्की पाठ हो । यस एकाङ्कीले अपाङ्गले पनि अवसर पाएभने निकै ठूलो प्रगति हात पार्न सक्छन् भन्ने कुरा देखाएको छ । यस पाठबाट विद्यार्थीहरूको पढाइ सीपको विकास गराउन सकिन्छ । यस पाठमा ११ जना पात्रहरू छन् । कक्षाकोठामा विद्यार्थीहरूलाई ती पात्रहरूको भूमिकामा सस्वरवाचन गराई हाउभाउ, गति, यति, मिलाई पढ्न लगाउन सकिन्छ । एकाङ्कीलाई मौनपठन गराएर प्रश्नोत्तर गराउन सकिन्छ । पाठमा पढेका शब्दहरूलाई सन्दर्भपूर्ण प्रयोग गराई शब्दभण्डारमा वृद्धि गराउन सकिन्छ । अन्त्यमा भाषिक सीप आर्जनका दृष्टीकोणले यो पाठ उपयोगी भएपनि नेपाली भाषा पाठ्यक्रमले कक्षा ६मा एकाङ्की समावेश गरेको छैन ।

### ४.४.३.४. पढाइ सीपका आधारमा 'धनभन्दा विद्या ठूलो' वादविवादको विश्लेषण

यो शीर्षक तुलनात्मक अध्ययनसँग सम्बन्धित भए पनि कक्षा ६ को 'हाम्रो नेपाली किताब' मा यस पाठसँग तुलना गर्ने अर्को वादविवाद पाठ नभएकाले यहाँ यस पाठको मात्रै एकल तथा सामान्य विश्लेषण गरिएको छ ।

'धनभन्दा विद्या ठूलो' पाठ कक्षा ६ को 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तक भित्र समाविष्ट छ । यो वादविवाद पाठ हो । वादविवाद मुख्य गरी बोलाइ सीपको विकासमा केन्द्रित

भएपनि यसबाट प्रसस्त मात्रामा पढाइ सीपको पनि विकास गर्न सकिन्छ । यस पाठमा औपचारिक भूमिक निर्वाह गरिएको छ । विद्यार्थीहरूलाई उद्घोषक एवम् पक्ष र विपक्षबाट बोल्ने वक्ताहरूको भूमिका निर्वाह गर्न लगाएर आ-आफ्ना पालामा गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न लागउन सकिन्छ । त्यसै गरी यस पाठलाई मौनवाचन गर्न लगाएर पक्ष र विपक्षमा भएका मुख्यमुख्य तर्कहरू सोध्न सकिन्छ । यस पाठमा प्रयुक्त शब्दहरूलाई अन्य सन्दर्भमा प्रयोग गर्न लगाएर विद्यार्थीहरूको शब्दभण्डारमा वृद्धि गराउन सकिन्छ । समग्रमा पाठ्यक्रमले पढाइ सीपका लागि राखेका उद्देश्यहरू यस पाठबाट पूरा हुने देखिन्छ ।

### ४.४.४ लेखाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण :

मानिसले आफूले देखेका, सुनेका, अनुभव गरेका कुराहरूलाई लेख्य चिन्हहरूको माध्यमबाट भाषिक कार्यकलाप सम्पन्न गर्नु लेखाइ हो । भाषाको कथ्य रूपलाई सीपपूर्वक लेख्य रूपमा परिवर्तन गर्नु नै लेखाइ हो । भाषाका अन्य तीन सीपभन्दा लेखाइ सीप प्रभावकारी मानिन्छ । व्यक्तिका विचार चिन्तन, दर्शन, सोचाइ र अनुभवलाई चीरकालसम्म बाचय राख्ने माध्यम लेखाइ हो । मानिसका व्यक्तिगत व्यवहार, सामाजिक व्यवहार, अड्डा-अदालत, कार्यलय आदि ठाउँमा काम सम्पन्न गर्न भाषाको लेखाइ सीपको नै आवश्यकता पर्दछ । तसर्थ लेखाइ सीप भाषाको मेरूदण्ड हो भन्न सकिन्छ । बालबालिकाहरूलाई लेखाइ सीपको विकास गर्न अनुलेखन, श्रुतिलेखन, अनुभवलेखन, अनुच्छेद लेखन, साराशं लेखन, चिठी लेखन, संवादलेखन, प्रश्नोत्तरलेखन,निबन्धलेखन जस्ता कियाकलाप गराउन सकिन्छ ।

निम्न माध्यमिक तह नेपाली भाषा पाठ्यकम (दो.सं. २०६४) ले कक्षा ६को रूपक विधाको माध्यमबाट निम्न उद्देश्यहरू पूरा गर्न लक्ष्य लिएको छ ।

क) अरूले वर्णन गरेका कुराहरू सुनी आफ्ना शब्दमा व्यक्त गर्न ।

ख) पठित अभिव्यक्तिमा हिज्जे मिलाई शुद्ध वर्णविन्याससँग लेख्न ।

ग) पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न ।

घ) वचन, लिङ्ग, पुरूष, पदसङ्गति तथा आदरको सङ्गति मिलाइ वाक्यरचना गर्न ।

ङ) तोकिएका लेख्य चिह्नहरूको उपयुक्त ढङ्गले शुद्धसँग प्रयोग गर्न ।

च) रूपक विधाका पाठ वा पाठका निर्दिष्ट अंश सुनी सारांश लेख्न ।

छ) रूपक विधाका पाठका शब्द, वाक्य र अनुच्छेदहरू सुनेर लेख्न ।

ज) लिखित अभिज्यक्तिमा हिज्जे मिलाई शुद्ध वर्णविन्याससँग लेख्न।

झ) रूपक विधाका संवाद र वादविवाद सिलसिला मिलाई लेख्न ।

ञ) रूचिअनुसारका विषयमा मौलिक संवाद रचना गर्न ।

### ४.४.४.१. लेखाइ सीपका आधारमा 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' र 'गङ्गारामको न्याय' संवादको तुलनात्मक विश्लेषण

'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' पाठ 'हाम्रो नेपाली किताब' कक्षा ६मा समाविष्ट संवाद हो । कक्षा छमा संवाद राखिनुको उद्देश्य भाषाका अन्य सीप आर्जन गराउनुका साथै लेखाइ सीपको विकासमा जोड दिनु हो । रूपक विधाका पाडहरू पढाएर भाषाका सुनाइ, बोलाइ, र पढाइ सीपको विकास पछि लेखाइ सीपको विकासका लागि संवाद पाठको कुनै अंश

शिक्षकले भन्ने र विद्यार्थीहरूलाई लेख्न लगाउन सकिन्छ । यस पाठलाई श्रुतिलेखन गराइका सामग्रीहरूलाई विद्यार्थीहरूले शुद्धसँग वर्णविन्यास मिलाएर लेख्न सके वा सकेनन् त्यसको शिक्षकले जाँच्नु पर्दछ । त्यसैगरी यस पाठलाई सस्वरपठन गर्न लगाएर विद्यार्थीहरूलाई पाठसँग सम्बन्धित प्रश्नोत्तर लेख्न लगाउन गराउन सकिन्छ । त्यसैगरी यस पाठलाई मौनवाचन गर्न लगाएर पाठको साराशं लेख्न लगाउन सकिन्छ । यस पाठबाट वचन, लिङ्ग, पुरूष, पदसङ्गति तथा आदर मिलेका वाक्यहरू विद्यार्थीहरूलाई देखाउँदै त्यस्तै प्रकारका अन्य वाक्यहरूको रचना गर्न लगाउन सकिन्छ । विद्यार्थीहरूले लेखाइ सीपको अध्ययन गर्न गरिएको कक्षाकार्यलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' पाठबाट अलकाका भनाइहरू पढी मुख्यमुख्य ५ वटा बुँदाहरू लेख ।

क) हामीले समाचार सुन्ने बानी बसाल्नु पर्छ ।

ख) देशविदेशका गतिविधमा चासो राख्नुपर्छ ।

ग) समाचारमा सरकारले महिला शिक्षालाई विशेष महत्त्व दिने भएको छ ।

घ) महिलाहरूले लेखपढ गरेर आफै आफ्नो गुजारा गर्न सक्नुपर्छ ।

ङ) मानिस असल कुरा सोच्न कहिल्यै पछि पर्नु हुदैन ।

दिवस कार्की , कक्षा ६

भिमसेन नि.मा.वि.,

महारानी ८

अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

कार्यक्रम, मोज, गुजारा गर्नु, दिक्क

भोलि हाम्रो स्कुलमा सांस्कृतिक कार्यक्रम हुनेछ ।

हामीहरूले मोजमस्ती गरेर दिन बिताउनु हुदैन ।

रामले पसल गरेर आफ्नो गुजारा गरेको छ ।

मलाइ त समाचार सुन्न दिक्क लाग्छ ।

रक्षा शाह, कक्षा ६

भिमसेन नि.मा.वि. , महारानी

८

उपर्युक्त उदाहरणहरूबाट विद्यार्थीहरूले यस पाठलाई पढी मुख्यमुख्य कुराहरू लेख्न सकेको देखिन्छ । त्यसैगरी पठित शब्दहरूलाई सन्दर्भपूर्ण तरिकाले प्रयोग गरी वाक्यरचना गर्न सक्ने देखिन्छ । उक्त वाक्यरचनाबाट लिङ्ग, वचन, पुरूष, आदर अनुसार पदसङ्गति मिलाएको पाइन्छ । पाठ्यक्रमले लेखाइ सीपको विकास गर्नका लागि राखेका उद्देश्यहरू यस पाठबाट पूरा हुने देखिन्छ ।

'गङ्गारामको न्याय' पाठ कक्षा ६ को 'नयाँ नेपाली शृङ्खला' अन्तर्गतको संवाद हो । यस पाठलाई पनि लेखाइ सीपको विकासका लागि विद्यार्थीहरूलाई अनुलेखन, श्रुतिलेखन, श्रुतिरचना , पाठको सारांश लेखन जस्ता क्रियाकलापहरू गराउन सकिन्छ । त्यसैगरी यस

पाठमा विद्यार्थीहरूको लेखन सीपको विकासकालागि एक-एक शब्दमा उत्तर लेख, एक-एक वाक्यमा उत्तर लेख, एक-एक अनुच्छेदमा उत्तर लेख साथै विषेश पङ्क्तिको व्याख्या गर जस्ता प्रश्नहरू सोधिएका छन् । यी प्रश्नहरूको उत्तर लेख्ने अभ्यास गर्दा विद्यार्थीहरूको लेखाइ सीपको विकास प्रसस्त  हुने देखिन्छ । लेखाइ सीपको विकासका लागि पाठ्यक्रमले राखेका उद्देश्यहरू  यस पाठबाट पूरा हुनसक्ने देखिन्छ । लेखाइ सीपको अध्ययनका निम्ति केही विद्यार्थीहरूमा गराइएको कक्षाकार्यलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ ।

श्रुतिलेखन गर ।

हो, यस कागजमा कुवा बेचेको कुरा लेख्ने मै हु । सही पनी मैले नै गरेँ .....तर हेर् बाबु, मैले त तँलाई कुवा पो बेचेको, पानी त बेचेको होइन । त्यस कागजमा पानी बेचेको भनेर कहा लेखेको छ ? लौ भन् छ, पानी बेचेको कुरा छ ?

मनिस पोखेल , कक्षा ६

इमिनेन्ट कञ्चनजङ्घा इङ्लिस बोर्डिङ्ग स्कुल

जुरोपानी-५, झापा

'गङ्गारामको न्याय' पाठको सारांश लेख ।

यस पाठमा एउटा गाउँमा बस्ने हर्केले आफ्नै छिमेकी बिर्खेलाई कुवा बेचेको छ । बिर्खेले कागज गरेर कुवा किनेको छ । तर हर्के चाहिं कागजमा कुवा बेचेको मात्र लेखेको छ, पानी बेचेको भनेर कहाँ लेखेको छ ? भन्दै कुवाभित्रको पानीमा मेरो अधिकार लाग्छ भन्दै निहु

खोज्छ । उनीहरू बीच धेरै भनाभन भएपछी दुबैजना गङ्गाराम कहाँ न्याय माग्न जान्छन् । गङ्गारामले पनि कागजमा कुवा बेचेको मात्र उल्लेख भएकाले पानी हर्केकै हुन्छ तर बिर्खे कुवामा पानी राखेबापत दिनको दुईरूपैयाँ भाडा तिर्नुपर्छ भनेपछि हर्केले आफूले बिनासित्तैमा निहुँ खोजेकोमा बिर्खे गङ्गाराम सँग माफ माग्छ । कुवा चाहिं बिर्खेकै हुन्छ ।

सबिना श्रेष्ठ, कक्षा ६

इमिनेन्ट कञ्चनजङघा इङ्लिस बोर्डिङ्ग

स्कूल

उपर्युक्त उदाहरणहरूमा विद्यार्थीहरूले लेख्य चिह्नहरूको केही मात्रामा गल्ती गरेका भए पनि श्रुतिलेखन र सारांश लेखन राम्ररी नै लेखेको पाइएको छ । त्यसैगरी पठित शब्दहरूको सन्दर्भपूर्णप्रयोग गर्न, वचन, लिङ्ग, पुरूष, पदसङ्गति तथा आदरको मिलाइ वाक्य रचना गर्न विद्यार्थीहरू समक्ष देखिएका छन् । समग्रमा पाठ्यक्रमले लेखाइ सीपका लागि राखेका उद्देश्यहरू यस पाठबाट पूराहुने देखिन्छ ।

यी दुई पाठमा लेखाइ सीपको विकासका लागि 'हाम्रो नेपाली किताब' को अभ्यासमा दिइएका कियाकलापहरू 'नयाँ नेपाली शृङ्खला' भित्रको अभ्यासमा दिइएका कियाकलापभन्दा बढी महत्त्वपूर्ण छन् किनभने त्यसमा विद्यार्थीहरूलाई बढी अभ्यास गर्ने मौका दिइएको छ ।

**४.४.४.२. लेखाइ सीपका सन्दर्भमा 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ ' र ' गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवादको तुलनात्मक विश्लेषण**

‘सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ’ पाठ सामुदायिक विद्यालयको ‘हाम्रो नेपाली किताब’ भित्र समाविष्ट वादविवाद पाठ हो । वादविवादले मूलतः भाषाको कथ्य रूपलाई जोड दिन्छ । तर नेपाली भाषा पाठ्यक्रमले वादविवाद पाठ राख्नुको उद्‌देश्य कथ्य सीपका अतिरिक्त लेख्य सीपमा जोड दिनुरहेको छ । त्यसैले कक्षा ६ मा वादविवाद पढाउनुको उद्‌देश्य त्यस पाठलाई भाषाका चारवटै सीप आर्जनमा जोड दिनु हो । यस पाठलाई पहिले सस्वरवाचन त्यसपछि औपचारिक प्रतियोगिता गरिसकपछि विद्यार्थीहरूलाई मौनवाचन गर्न लगाउनु पर्दछ । मौनवाचन पछि विद्यार्थीहरूलाई पाठका केही अंश पढी सारांश लेख्न, श्रुतिलेखन गर्न र वादविवादका पक्ष वा विपक्षबाट भनिने भनाइ तयार पार्न लगाई भाषाको लेखाइ सीपको विकास गराउन सकिन्छ । यसका अतिरिक्त पाठमा भएका कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गर्न लगाइ शब्दभण्डारमा वृद्धि गराउन सकिन्छ ।

यसैगरी ‘गाउँले जीवनभन्दा सहरिया जीवन बेस’ पाठ ‘नयाँ नेपाली शृङ्खला’ कक्षा ६ मा समाविष्ट छ । यस पाठबाट पनि भाषाको मौखिक सीपका साथै लेखाइ सीपको पनि विकास गर्न सकिन्छ । यस पाठको शिक्षण गर्दा शिक्षकले पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोगको अभ्यास गराउन सकिन्छ । विद्यार्थीहरूलाई वाक्यचना गर्न लागाउँदा वचन, लिङ्ग, पुरूष, पदसङ्गति तथा आदरको सङ्गति मिलाएर लेख्य चिन्हको समूचित प्रयोग गरी शुद्धसँग वाक्य रचना गराउनु पर्दछ । यस पाठलाई मौनपठन गर्न लगाएर पक्ष वा विपक्षबाट भनिने भनाइ लेखनको अभ्यास गराउन सकिन्छ ।

यी दुबै पाठ्यपुस्तकका पाठभित्र विद्यार्थीको लेखाइ सीपको विकासका लागि अभ्यास खण्डमा राखिएका सामग्रीहरूले विद्यार्थीहरूको लेखाइ सीपको विकासमा जोड दिएको पाइन्छ ।

लेखाइ सीपको विकासका लागि पाठ्यक्रमले राखेका उद्देश्यहरू यी दुबै पुस्तकका पाठहरूबाट हुनसक्ने भएकाले दुबै पाठलाई उपयोगी मान्न सकिन्छ ।

### ४.४.४.३. लेखाइ सीपका आधारमा 'उत्तम हाम्रो भाइ हो !' एकाङ्कीको विश्लेषण

संस्थागत विद्यालयमा पढाइ हुने 'नयाँ नेपाली शृङ्खला' भित्र यो पाठ समाविष्ट छ । यस पाठसँग तुलनागर्ने एकाङ्की पाठ कक्षा ६ को 'हाम्रो नेपाली किताब' मा नभएका कारण यस पाठको मात्र सामान्य विश्लेषण गरिन्छ । निम्न माध्यमिक तह नेपाली भाषा पाठ्क्रमले कक्षा ६मा एकाङ्की समावेश गरेको छैन । यस कक्षामा एकाङ्की पढाउँदा भाषाका सुनाइ, बोलाइ र पढाइ सीप विकासका उपयोगी भए पनि लेखाइ सीपका लागि भने त्यति स्तरीय हुँदैन । तर पनि यस पाठबाट लेखन सीपका लागि श्रुतिलेखन, सारांश लेखन, पठित शब्दहरूको सन्दर्भगत प्रयोग, शब्दभण्डार वृद्धि गर्ने जस्ता उद्देश्यहरू हासिल गराउन सकिन्छ ।

### ४.४.४.४. लेखाइ सीपका आधारमा 'धनभन्दा विद्या ठूलो' वादविवादको विश्लेषण

'धनभन्दा विद्या ठूलो' पाठ कक्षा ६ को 'नयाँ नेपाली शृङ्खला' अन्तर्गत समाविष्ट वादविवाद पाठ हो । कक्षा ६ को 'हाम्रो नेपाली किताब' मा यो पाठसँग तुलना गर्ने अर्को वादविवाद छैन । त्यसैले लेखाइ सीप विकासका दृष्टिले यो पाठको मात्र यहाँ एकल तथा सामान्य विश्लेषण गरिन्छ । वादविवाद मुख्य गरेर मौखिक सीप विकाससँग सम्बन्धित भएपनि यसबाट लेखाइ सीपको पनि विकास गराउन सकिन्छ । यस पाठलाई मौनपाठन गर्न लगाएर पक्ष र विपक्षमा भनिने भनाइहरू लेख्न लगाउन सकिन्छ । त्यसैगरी पाठको केही अनुच्छेदहरूलाई श्रुतिलेखन गराउन सकिन्छ । पाठमा प्रयुक्त शब्दहरूलाई अन्य सन्दर्भमा प्रयोग गर्ने अभ्यास गराई शब्दभण्डारमा वृद्धि गराउन सकिन्छ । त्यसैगरी यस पाठको अभ्यास खण्डमा

विद्यार्थीहरूलाई प्रसस्त मात्रामा लेख्ने अभ्यास गर्ने खालका सामग्रीहरू राखिएका छन्, जसले गर्दा विद्यार्थीहरूको लेखाइ सीपको विकास हुने देखिन्छ । समग्रमा यो पाठ्यक्रमले तोके भन्दा बाहिरको पाठ भएपनि लेखाइ सीपको विकासका दृष्टिले यो पाठ उपयोगी रहेको छ ।

# अध्याय -पाँच

# उपसंहार तथा निष्कर्ष

एउटै पाठ्यक्रममा आधारित एउटै कक्षाका एकै समयका दुई भाषा पाठ्पुस्तकभित्र समाविष्ट रूपक विधाका पाठहरूको आयाम तथा विषयवस्तु प्रयोगका दृष्टिले स्तरियता र

भाषिक सीपको तुलनात्मक विश्लेषण यस शोधपत्रको प्रमुख विषय हो । तसर्थ यी दुई पाठ्यपुस्तकका विवेच्य पाठहरूको निष्कर्ष निम्नानुसार उल्लेख गरिएको छ :

## ५.१. 'हाम्रो नेपाली किताब' कक्षा ६ को रूपक विधा विश्लेषणको निष्कर्ष

१. नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकासकेन्द्र २०५८ द्वारा निर्धारित निम्न माध्यमिक तह कक्षा ६ को नेपाली भाषा पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाका पाठहरू पाठ्क्रमले निर्धारण गरेको विधाको क्षेत्र र क्रम अनुसार छनौट र स्तरण गरिएको छ ।

२. पाठ्यपुस्तकको निमार्ण पाठ्यक्रमको उद्देश्य पूरा गर्न तयार पारिएको हुन्छ । निम्न माध्यमिक तह, नेपाली भाषा पाठ्यक्रम (दो.सं. २०६४) मा कक्षा ६ का लागि एउटा वादविवाद र एउटा पाठ संवाद समावेश गर्नुपर्ने उल्लेख छ । सो निर्देशनको पालना गरी 'हाम्रो नेपाली किताब' मा 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' संवाद र 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ ' वादविवाद समावेश गरिएको पाइन्छ ।

३. 'हाम्रो नेपाली किताब' पाठ्यपुस्तकमा जम्मा बाईस वटा पाठहरू मध्ये चौथो पाठ संवाद र एघारौं पाठ वादविवाद राखिएको छ जुन विधाहरूको स्तरणका आधारमा हेर्दा उपयुक्त ठहर्छ ।

४. पाठ्यपुस्तक भित्र समावेश पाठ्सामाग्रीहरू कक्षाको स्तर, बालबालिकाको उमेर, रूचि, क्षमता र पाठ्यक्रमको उद्देश्य अनुरूप राखिएकाले पाठ्यसामग्री स्तरीय छन् ।

५. पाठ्यपुस्तक भित्रका पाठहरूको आयाम विद्यार्थीको स्तर सुहाउँदो नै छ साथै पाठको विषयवस्तु आधुनिक, व्यवहारिक र रोचक रहेका छन् ।

६. भाषिक सीप आर्जनका आधारमा 'हाम्रो नेपाली किताब' कक्षा ६ भित्र समाविष्ट रूपक विधाका पाठहरूबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई समान महत्त्व दिइएको छ । तर कक्षाको तह विद्यार्थीको स्तर र पाठ्यक्रमको उद्‌देश्यलाई हेर्दा लेखाइ सीपमा बढी जोड दिनुपर्ने देखिन्छ ।

## ५.२. 'नयाँ नेपाली शृङ्खला' कक्षा ६ को रूपक विधा विश्लेषणको निष्कर्ष

संस्थागत विद्यालयले नेपाली भाषा पाठ्यपुस्तकका लागि उपयोगमा ल्याएको प्रा. डा. महादेव अवस्थी , डा. पारसमणि भण्डारी, लेखराज खतिवडा तथा दुर्गाप्रसाद नेपाल लेखक तथा सम्पादक रहेको 'नयाँ नेपाली शृङ्खला' भाग ६ एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. थापाथली काठमाडौं (२०५९) द्वारा प्रकाशित किताबभित्रका रूपक विधाका पाठहरूको स्तरीयता र भाषिक सीपका आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ ।

१. पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमको उद्‌देश्य पूरा गर्न तयार पारिएको हुन्छ । हरेक पाठ्यपुस्तकमा पाठ्यक्रमले अपेक्षा गरेका उद्‌देश्यहरू पूरा गर्न विषयवस्तुहरूको छनौट र स्तरण गरिन्छ । सो उद्‌देश्य परिपूर्तिका लागि नीजि विद्यालयहरूले कक्षा ६ का लागि उपयोगमा ल्याएको 'नयाँ नेपाली शृङ्खला' भित्रका 'गङ्गारामको न्याय', संवाद, 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' र 'धनभन्दा विद्याठूलो' वादविवाद र 'उत्तम हाम्रो भाइ हो !'एकाङ्की राखिएको छ । निम्न माध्यमिक तह नेपाली भाषा पाठ्यक्रम (दो.सं.२०६४) ले कक्षा ६ का लागि एउटा संवाद र एउटा वादविवाद मात्र समावेश गरेको छ । तर यस पाठ्यपुस्तकमा थप एउटा वादविवाद र एउटा एकाङ्की राखी पाठ्यक्रमलाई उछिनेको पाइन्छ ।

२. 'नयाँ नेपाली शृङ्खला' किताबमा जम्मा बाईसवटा पाठहरू मध्ये छैटौँ पाठ संवाद, तेह्रौं र उन्नाईसौं पाठहरू वादविवाद, र सत्रौं पाठ एकाङ्की राखिएको छ जुन पाठ्यक्रमको विधागत रखाइका आधारमा उचित देखिदैन ।

३. 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपक विधाका पाठहरूको कक्षागत स्तर, विद्यार्थीको उमेर र कक्षा ६ को क्षमता भन्दा उच्च देखिन्छ ।

४. यस पाठ्यपुस्तकको पाठहरू मध्ये 'उत्तम हाम्रो भाइ हो!' एकाङ्कीको आयाम कक्षा ६ का विद्यार्थीहरूको क्षमता भन्दा धेरै माथिको रहेको छ भने विषयवस्तुहरू आधुनिक , व्यवहारिक र रोचक नै रहेका छन् ।

५. यस पाठ्यपुस्तकका रूपक विधाका पाठहरू भाषिक सीप आर्जनमा लेखाइ सीपलाई बढी जोड दिइएको पाइन्छ । भाषाका सुनाइ, बोलाइ र पढाइ सीपमा भने कम महत्त्व दिइएको देखिन्छ ।

## ५.३. 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट विवेच्य पाठहरूको तुलनात्मक अध्ययनको निष्कर्ष

१. 'हाम्रो नेपाली किताब' कक्षा ६ मा दुईवटा रूपक विधाका पाठहरू पाठ्यक्रमको निर्देशनका आधारमा राखिएको छ । त्यस्तै गरी 'नयाँ नेपाली शृङ्खला' कक्षा ६ मा चारवटा रूपक विधाका पाठहरू समाविष्ट छन् । नेपाली भाषा पाठ्यक्रम (दो.सं.२०६४) ले कक्षा ६ मा जम्मा एक्काई-चौबीस पाठसंख्या निर्धारण गरेकोमा दुबै पाठ्यपुस्तकमा बाइस-बाईसवटा पाठसंख्या रमावेश छन् ।

२. यी दुई पाठ्यपुस्तक भित्रका रूपक विधाका पाठ्यसामग्रीहरू कक्षा ६ का बालबालिकाको क्षमता, रूचि, स्तर, भाषिक क्षमता आदिका आधारमा तुलना गर्दा 'नयाँ नेपाली शृङ्खला' भाषा पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाका २ वटा पाठहरू विद्यार्थीहरूको क्षमताभन्दा माथिल्लो स्तरका भैmँ देखिन्छन् भने 'हाम्रो नेपाली किताब' भित्र समाविष्ट रूपक विधाका पाठहरू पाठ्यक्रमको निर्देशनको पालना गरी स्तर सुहाउँदो तरिकाले स्तरण गरिएको पाइन्छ ।

३. पाठको आयाम एवम् विषयवस्तु प्रयोगका दृष्टिले 'हाम्रो नेपाली किताब' कक्षा ६ उपयोगी रहेको देखिन्छ भने 'नयाँ नेपाली शृङ्खला' भित्रका रूपक विधाका पाठहरू विषयगत आधुनिकता, व्यवहारिकता एवम् रोजकताका दृष्टिले कम उपयोगी देखिन्छन् ।

४. भाषाका सुनइ, बोलाइ र पढाइ सीपका लागि 'हाम्रो नेपाली किताब' भित्र प्रयुक्त 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' र 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' पाठहरू उपयोगी छन् भने लेखाइ सीपका लागि कम प्राथमिकता दिइएको छ । 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपक विधाका पाठहरू 'गङ्गारामको न्याय' संवाद र 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवादमा भाषाका सुनाइ, बोलाइ र पढाइ सीपलाई भन्दा लेखाइ सीपलाई बढी जोड दिइएको पाइन्छ ।

५. भाषा शिक्षण प्रयोजनका सन्दर्भमा यी दुई भाषा पाठ्यपुस्तक भित्रका रूपक विधाका संवाद पाठहरू, 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' र 'गङ्गारामको न्याय' मध्ये पठन पाठनका दृष्टिले 'गङ्गारामको न्याय' पाठ त्यति व्यवहारिक र रोचक छैन । त्यस्तैगरी 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवादमा पक्ष र विपक्षका समान तर्कहरू प्रस्तुत

नगरिएकोले तार्किकताका दृष्टीले यो पाठ कमजोर रहेको छ । तर 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' तार्किकताका दृष्टिले बढी उपयोगी रहेको पाइन्छ ।

## ५.४. 'हाम्रो नेपाली किताब' कक्षा ६को रूपक विधाका पाठहरूको सबल तथा दुर्बलपक्षहरू

### सबलपक्षहरू

१. नेपाली भाषा पाठ्यक्रमले निधारण गरेको पाठ संख्या, विषगत छनौट, कक्षाको स्तर र भाषिक क्षेत्र तथा अङ्कभार वितरणलाई ध्यान दिई पाठ्यपुस्तक तयार हुनु यसको सबल पक्ष मानिन्छ ।

२. पाठ्यक्रममा निर्धारण गरिएका साधारण उद्देश्य र विशिष्ट उद्देश्यलाई ध्यानमा राखी पाठ्यपुस्तकका विभिन्न विधाहरू समायोजन गरिनु यसको सबल पक्ष हो ।

३. पाठ्यसामग्री समय-सापेक्ष, उपयोगी र व्यवहारिक बनाउनु र पठनकौसल, रचनाकौशल तथा शब्दभण्डारमा जोड दिनु यसको सबल पक्ष हो ।

४. प्राथमिक तह पार गरी, माध्यमिक तहको पूर्वाधारका रूपमा रहेको विद्यार्थीहरूका लागि सिकाइको पूर्वक्षमता, आवश्यकता रूचि र स्तर अनुरूप पाठ्यवस्तुको विकास गर्नु यसको सबल पक्ष हो ।

### दुर्बल पक्षहरू

१. भाषिक सीपका सबै अङ्गको समान प्रयोग गर्न नसक्नु यसको दुर्बल पक्ष हो ।

२. 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवादमा पक्ष र विपक्षका समान वक्ताहरूको प्रयोग नगर्नु यसको दुर्बल पक्ष हो ।

**५.५. 'नयाँ नेपाली शृङ्खला' कक्षा ६ को रूपक विधाका पाठहरूको सबल तथा दुर्बल पक्षहरू**

**सबल पक्षहरू**

१. नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेका भाषका विशिष्ट उद्‌देश्य प्राप्तिमा जोड दिनु यसको सबल पक्ष हो ।

२. नेपाली भाषा पाठयक्रमले तोके बमोजिम पाठसंख्या निर्धारण गर्नु यसको सबल पक्ष हो ।

३. पाठ्यसामग्रीहरू व्यवहारिक, समयसापेक्ष र उपयोगी समावेश गर्नु र पठनकौशल, रचनाकौशल तथा शब्दभण्डारमा जोडदिनु यसको सबल पक्ष हो ।

**दुर्बल पक्षहरू**

१. नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेअनुसारका भाषिक क्षेत्र, पाठ्यवस्तु , विधागत चयनको सीमा नाघी विभिन्न विधाको समायोजन गर्नु यसको दुर्बल पक्ष हो ।

२. भाषाका सुनाइ, बोलाई र पढाइ सीपलाई कम महत्त्व दिई लेखाइ सीपलाई बढी जोड दिनु यस पाठ्यपुस्तको कमजोरी हो ।

**५.६. शोधको शैक्षिक प्रयोजन**

१. यस सोधले भावी अनुसन्धानकर्ताका लागि रूपक विधासँग सम्बन्धित भई शोध तथा अनुसन्धान गर्न आधार प्रदा गर्नेछ ।

२. निम्न माध्यमिक तहको 'हाम्रो नेपाली किताब' कक्षा ६ को पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधाका पाठहरू पाठ्यक्रमका उद्देश्य अनुरूप भए नभएको अध्ययन गरी सुधार गर्न प्रस्तुत शोधले सघाउ पुऱ्याउन सक्नेछ ।

३. त्यसैगरी 'नयाँ नेपाली शृङ्खला' भाग ६ पाठ्यपुस्तकमा समावेश गरिएका रूपक विधाका पाठहरू पाठ्यक्रमका उद्देश्य अनुरूप भए नभएको अध्ययन गरी  सुधार गर्न प्रस्तुत शोधले सघाउ पुऱ्याउन सक्नेछ ।

४. रूपक विधा अन्तर्गतका नाटक, एकाङ्की, वादविवाद, संवाद, मनोवाद, वक्तृता जस्ता पाठहरूको विधागत संरचना र विधागत अध्ययन गर्न केही मात्रामा सहयोग गर्नेछ ।

५. सामुदायिक र संस्थागत विद्यालयका नेपाली भाषा पाठ्यपुस्तकका बारेमा चासो राख्ने पाठकका लागि यसले सैदान्तिक तथा व्यवहारिक ज्ञान प्राप्त गर्न सहयोग पुऱ्यउन सक्नेछ ।

६. विद्यालय तहमा अध्यापन गर्ने शिक्षक शिक्षिकाहरूलाई रूपक विधाका बारेमा सैद्धान्तिक र प्रायोगिक ज्ञान हासिल गराउन प्रस्तुत शोधले सघाउ पुऱ्याउन सक्नेछ ।

## ५.७.भावी अनुसन्धानका लागि रूपक विधाबाट लेख्न सकिने सम्बन्धित केही शीर्षकहरू

१. 'मेरो नेपाली माला' कक्षा ८ र 'हाम्रो नेपाली किताब' कक्षा ८ का रूपक विधाको तुलनात्मक अध्ययन ।

२. 'हाम्रो नेपाली किताब' कक्षा ६ र 'हाम्रो नेपाली किताब' कक्षा ७ मा समावेश गरिएका रूपक विधाका पाठहरूको पारस्परिक सम्बन्धको विश्लेषण ।

३. शैक्षणिक दृष्टिले 'हाम्रो नेपाली किताब' कक्षा ६ मा समाविष्ट रूपक विधाको अध्ययन ।

४. कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'सजिलो नेपाली माला' मा प्रयुक्त रूपक विधाको तुलनात्मक अध्ययन ।

५. 'हाम्रो नेपाली किताब' कक्षा ६ मा प्रयुक्त रूपक विधाका पाठहरूबाट विद्यार्थीहरूले प्राप्त गर्ने शब्दभण्डारको अध्ययन तथा विश्लेषण ।

६. निम्न माध्यमिक तहको नेपाली भाष शिक्षणमा रूपक विधाको आवश्यकता र महत्त्व

७. भषिक सीप आर्जनका दृष्टिले 'हाम्रो नेपाली किताब' कक्षा ६ मा प्रयुक्त जीवननी र रूपक विधाको तुलनात्मक अध्ययन ।

**५.८. सुझावहरू**

१. भाषिक सीप आर्जनमा भाषाका अन्य विधा कथा, कविता, निबन्ध, प्रवन्ध र जीवनीले भन्दा रूपक विधाले बढी प्रवाभ पार्ने हुँदा सबै विधाका समान सङ्ख्यामा पाठहरू समायोजन गरिनु उपयुक्त हुन्छ ।

२. निजी विद्यालयमा उपयोग गरिने पाठ्यपुस्तकहरू पाठ्यक्रमको निर्देशन अनुसार तयार पारी नेपाल सरकारको सम्बन्धित निकायबाट निरीक्षण पछि मात्र स्वीकृत गरी उपयोगमा ल्यानु उपयुक्त हुन्छ ।

३. निम्न माध्यमिक तह (कक्षा ६,७ र ८) मा रूपक विधाका संवाद वादविवाद मात्र होइन, वक्तृता, मनोवाद र एकाङ्कीहरूलाई पनि कक्षाको स्तर हेरी राखिनुपर्दछ ।

४. 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तक भित्रका रूपक विधाका पाठहरूमा लेखाइ सीपलाई जति प्राथमिकता दिइएको छ त्यति नै मात्रामा अन्य सीपमा पनि ध्यान पुऱ्याउनु पर्दछ ।

५. 'हाम्रो नेपाली किताब' को 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवादमा पक्ष र विपक्षबाट बोल्ने समान वक्ताहरूको प्रयोग गरी वादविवादको धर्मलाई पालना गर्नुपर्ने देखिन्छ ।

६. 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तक भित्र प्रयोग गरिएका रूपक विधाका पाठहरूको आयाममा समानता हुनु आवश्यक छ । कक्षा ६ का विद्यार्थीहरूको क्षमतालाई ख्याल गरी पाठहरूलाई स्तर अनुकूल बनाउनु पर्दछ ।

७. हाल प्रयोग भएका नेपाली भाषाका पाठ्यपुस्तकबाट रूपक विधामा पढाइ तथा सुनाइ सीपसँग सम्बन्धित उद्देश्य र कक्षामा गरिने क्रियाकलायहरू न्यून सङ्ख्यामा समावेश भएकाले भाषिक सीपका सबै क्षेत्रमा समान जोड दिन भाषाविद्हरूको ध्यान आकर्षण गरिन्छ ।

८. निजी विद्यालयमा नेपाली भाषामा बालबालिकाहरू पछि पर्नुको कारण स्तरीय नेपाली पाठ्यपुस्तकको कारण पनि हो । त्यसैले स्तरीय पाठ्यसामग्री प्रयोगमा ल्याउनुपर्ने कुरामा जोड दिइन्छ ।

९. 'हाम्रो नेपाली किताब' पाठ्यपुस्तकमा लेखाइ सीपलाई तुलनात्मक रूपमा कम महत्त्व दिइएकोमा भाषाका चारैवटा सीपलाई महत्त्व दिनुपर्ने देखिन्छ ।

## सन्दर्भग्रन्थसूची


१. अधिकारी, हेमाङ्गराज, (२०५३) **नेपाली भाषाका केही परिप्रेक्ष्य तथा पद्धति** काठमाडौं : विद्यार्थी पुस्तकभण्डार

२. अधिकारी, हेमाङ्गराज, (२०३९) **नेपाली भाषा शिक्षण**, काठमाडौं : त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्र

३. कार्की, गङ्गाबहादुर, **कक्षा आठको 'हाम्रो नेपाली किताब' मा प्रयुक्त अभ्यासहरूको विश्लेषण** , काठमाडौं : त्रि.वि.वि.. अप्रकाशित शोधपत्र (२०५५)

४. खनाल, देवेन्द्रराम, **'हाम्रो नेपाली किताब' कक्षा ८ मा समाविष्ट रूपक विधाको विश्लेषण** काठमाडौं : महेन्द्ररत्न क्याम्पस ताहाचलमा प्रस्तुत अप्रकाशित शोध पत्र (२०५७)

५. चापागाई, नरेन्द्र, (२०६४) , (सम्पादक) **नेपाली शब्दसागर** बिराटनगर, श्यामपुस्तक भण्डार

६. जवरा, स्वयंप्रकाश र अरू (२०६४) **पाठ्यक्रम योजना र अभ्यास** काठमाडौं : विद्यार्थी पुस्तकभण्डार

७. नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र (दो.सं. २०६४) **निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम ।**

८. नेपाल सरकार **,'हाम्रो नेपाली किताब'** कक्षा ६ (२०६४) शिक्षा मन्त्रालय , पाठ्यक्रम विकास केन्द्र , सानोठिमी

९. पोखरेल, बद्रीविशाल, (२०६५) **पारिजात जीवनी, कवित्व र कविता यात्रा** , इटहरी : मिथिला पोखरेल, सुनसरी

१०. पौडेल, रामप्रसाद, **माध्यमिक तहमा पुरानो पाठ्यपुस्तक महेन्द्रमाला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन** काठमाडौं : महेन्द्र रत्न क्याम्पस, ताहाचलमा प्रस्तुत अप्रकाशित शोधपत्र(२०६१)

११. बन्धु, चुडामणी , (२०४३) **भाषा विज्ञान** काठमाडौं : साझा प्रकाशन ।

१२. बन्धु, चुणमणि, (२०६५) **अनुसन्धान तथा प्रतिवेदन लेखन** काठमाडौं : रत्नपुस्तक भण्डार ।

१३. भण्डारी, पारसमणि , (डा.) (२०६३) **स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण** काठमाडौं : न्यू हिरा इन्टरप्रइजेज ।

१४. बराल, कृष्णहरि र नेत्र एटम , (२०६३) **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास** काठमाडौं : तलेजु प्रकाशन ।

१५ अवस्थी, महादेव र अन्य, **'नयाँ नेपाली शृङ्खला'** कक्षा ६, (२०५९) काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा. लि. ।

१६. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५२) **शोधविधि** काठमाडौं : साझा प्रकाशन ।

१७. सुवेदी, राजेन्द्र, (२०५९) **स्रष्टा-सृष्टि :द्रष्टा-दृष्टि** काठमाडौं : साझा प्रकाशन ।

१८. गोतम, दर्गाप्रसाद, **कक्षा सातका 'हाम्रो नेपाली किताब' र 'मेरो नेपाली माला' भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन** मोरङ : सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुरमा प्रस्तुत अप्रकाशित शोधपत्र (२०६५)